# परिपत्र तथा सूचनाको संगालो
# २०६४
## (कार्यालय प्रयोजनको लागि मात्र)

प्रकाशकः
कृषि तथा सहकारी मन्त्रालय
**सहकारी विभाग**
फोन : ४४६५३६२, फ्याक्सः ४४६७५१७
email : sahakaribivag@gmail.com
website : www.deoc.gov.np

प्रकाशक : नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
फोन : ०१४४६५३६२
फ्याक्स : ०१४४६५१७
पो.ब.नं.७४५३
इमेल : sahakaribivag@gmail.com
वेब : www.deoc.gov.np

प्रकाशित प्रति : १०००

# दुई शब्द

सहकारी विभाग सहकारी मूल्य, मान्यता र सिद्धान्तहरुमा आधारीत सहकारी प्रणालीको विकासका निमित्त सहकारी संघ संस्थाहरुको दर्ता, प्रभावकारी नियमन र प्रवर्द्धन कार्यमा निरन्तर रुपमा क्रियाशिल रहदै आएको छ । सहकारी संघ संस्थाहरुको गठन तथा संचालनका लागि सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ हाल कार्यान्वयनमा रहेका छन् । यस विभागबाट सहकारी ऐन तथा सहकारी नियमावलीको कार्यान्वयनको सिलसिलामा सहकारी संघ संस्थाहरुको दर्ता प्रकृयालाई सरलीकृत गर्न, सहकारी संघ संस्थाहरुको निरीक्षण र नियमन कार्यलाई प्रभावकारी बनाउन र सहकारी संघ संस्थामा सुशासन कायम गर्ने सिलसिलामा मातहतका कार्यालयहरुलाई परिपत्रहरुको माध्यमबाट निर्देशनहरु जारी गर्ने गरिएको छ । यसैगरी सहकारी संघ संस्थाहरु तथा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक संचारको माध्यमबाट आवश्यक सूचनाहरु सम्प्रेषण हुदै आएका छन् ।

विभागबाट विभिन्न समयमा मातहतका कार्यालयहरुलाई परिपत्रको रुपमा दिईएका निर्देशनहरु तथा सहकारी संघ संस्थाहरु लगायत सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएका सार्वजनिक सूचनाहरुको एकीकृत संगालो नहुँदा विभागीय नीतिको अद्यावधिक जानकारी नहुने अवस्था सृजना भई मातहतका कार्यालयहरुका कर्मचारीहरुले कार्यस्थलमा कार्यसम्पादन गर्न द्विविधा भएको र कार्यसम्पादनमा एकरुपता समेत भएको पाईएन । यस विषयलाई हृदयङ्गम गरी विभागबाट मातहतका कार्यालयहरुलाई हाल सम्म जारी गरिएका महत्वपूर्ण परिपत्रहरु तथा सहकारी संघ संस्थाहरु तथा सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएका सार्वजनिक सूचनाहरुलाई एउटै संगालोमा राखि प्रकाशन गरिएको छ । प्रस्तुत पुस्तिकाको प्रकाशनले मातहतका कार्यालयका कर्मचारीलाई सहकारी संघ संस्थाहरुको दर्ता, नियमन तथा प्रवर्द्धनात्मक कार्यमा विभागले लिएको नीतिको बारेमा समुचित जानकारी हुनुका साथै सोही अनुरुप कार्यसम्पादन गर्न मार्ग निर्देशन समेत हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, यस पुस्तिका तयार गर्ने कार्यमा संलग्न यस विभागका कानून अधिकृत मानबहादुर अर्याल, ना.सु.चन्द्रहरि लुइटेल तथा टाइपिष्ट शुकराम तण्डुकारलाई लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।
२०६४।८।५

(टंकमणि शर्मा)
रजिष्ट्रार

# परिपत्र
## भाग-१

## संस्था दर्ता गर्दा ध्यान दिनु पर्ने कुराहरु

सहकारी ऐन, २०४८ को दफा (४),(५),र (६) को प्रयोजनको लागि सरोकारवालाहरुले संस्था दर्ता गर्ने प्रयोजनका लागि प्रस्तुत गरेको कागजातमा देहायको आधारभूत कुराहरु उपर विचार गरी संस्था दर्ता स्वीकार वा अस्वीकार गर्न सकिने छ ।

१) संस्था दर्ताको लागि आवेदन प्राप्त भए पछि सस्था दर्ताका लागि भर्नुपर्ने सबै विवरण भरे नभरेको र आवश्यक कागजातहरु पूरा भएनभएको तथा रीतपूर्वक आवेदकहरु सबैले दस्तखत गरे नगरेको एकिन गर्ने । सस्था दर्ताको लागि दरखास्त दिंदा निम्न कागजातहरु समावेश भएको हुनु पर्नेछ ।

- प्रस्तावित सस्थाको दुई प्रति प्रमाणित सक्कलै विनियम (यदि अन्य जिल्लाको प्रादेशिक अधिकार रहेको कार्यालयमा सो संस्था दर्ता हुने भए ३ प्रति प्रमाणित सक्कलै वियिनयम, जस्मा तदर्थ संचालक समितिले प्रत्यक पृष्ठको शिर पुछारमा सही गरी प्रमाणित गर्नुपर्नेछ)
- प्रस्तावित सस्थाको २ प्रति प्रमाणित सक्कलै कार्ययोजना, (यसमा पनि माथि बूँदा नं. १ मा उल्लेख भए वमोजिम प्रमाणित गर्नुपर्नेछ)
- प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु ।
- संस्थाको हकमा आवेदन गर्ने कम्तीमा २५ जना (भिन्न परिवारका) व्यक्तिहरुको तिनपुस्ते विवरण र दस्तखत संलग्न भएको सक्कलै विवरण फाराम ।
- आवेदकहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (आवेदकहरुको विवरण र दस्तखतको नमूना सस्था दर्ता निर्देशिकाको अनुसूची- ३ मा दिइएकोछ ) ।
- आवेदन पत्रमा प्रस्तावित सहकारी संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको हुनु पर्दछ ।
- संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र संलग्न हुनुपर्छ ।
- प्रस्तावित सस्थाको वा संघको कर्मचारी दरवन्दी विवरण (ऐच्छिक),
- शेयर र प्रवेश शुल्क वापत उठेको रकम कुनै बैंकमा जम्मा गरेको भए भौचर र कसैको जिम्मामा भए लिने व्यक्तिले गरेको सक्कल भपाई ।

- तदर्थ संचालक समितिका पदाधिकारीहरुको फोटो सहितको ३ पुस्ते विवरण फाराम ।
- आवेदकहरु सस्थाको कार्यक्षेत्र भित्र स्थायी वसोवास गरेको प्रमाण । यस्तो प्रमाणको रुपमा निम्न मध्ये कुनै एकलाई मानिनेछ :-
    - नेपाली नागरिकताको प्रमाणपत्र,
    - बसाई सराईको प्रमाणपत्र,
    - विवाह दर्ताको प्रमाणपत्र,
    - सम्बन्धित आवेदकको वा निजका एकाघर सगोलका परिवारको सदस्यको नाममा भएको घर जग्गाको जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रमाणपत्र ।
    - मतदाता नामावलीमा नाम समावेश भएको प्रमाणपत्र वा मतदाता परिचयपत्र ।
    - सम्बन्धित क्षेत्रभित्र नेपाल सरकार वा नेपाल सरकार को पूर्ण वा आंशिक रुपमा स्वामित्व प्राप्त संगठित संस्था वा प्रचलित कानून बमोजिम गठित संगठित संस्थामा स्थायी नियुक्ति भई काम गरि रहेको भए सो को प्रमाण ।

२) माथि बूँदा नं. १ मा उल्लेखित कागजात सहित सबै विवरण स्पष्ट उल्लेख भएको पाइएमा दरखास्त लिने र कारबाहीको प्रकृयामा अघि वढाउने ।

३) प्राप्त दरखास्त कार्यालय प्रमुख वा अधिकृतले जांच गरी सकेपछि मात्र कार्यालयमा दर्ता गरी प्रकृयामा राख्ने । कागजात नपुग भएको निवेदन कागजात पूरा गरी पेश गर्न लगाउने ।

४) सहकारी संघ संस्था दर्ता गर्न निवेदन पेश गर्दा के कस्ता कागजात पेश गर्नुपर्ने र के प्रकृया पूरा गर्नुपर्ने हो ? स्पष्ट रुपमा चेकलिष्ट उपलव्ध गराउने र सो बिषय समेत समाबेश गरी सवैले देख्ने ठाउंमा नागरिक बडापत्र राख्ने ।

५) बिभागको च.नं. ३६९ मिति २०६४।०५।३१ को परिपत्रमा उल्लेख भएका मापदण्डहरू, विभागबाट यस अघि दिइएका नीतिगत निर्देशन र सहकारी सिद्धान्त, सहकारी ऐन, २०४८ तथा सहकारी नियमावलीमा उल्लेंख भएका प्रावधानहरुको पूर्णरुपमा पालना हुने गरी विनियममा उल्लेख हुनुपर्ने ।

६) सहकारी संघ संस्था खोल्न चाहने व्यक्तिहरुको तीनपुस्ते र स्थायी बसोबासको विवरण लिने ।



७) सहकारी संघ संस्था खोल्न चाहने व्यक्तिहरुले पूर्व सहकारी शिक्षा वा तालीम लिए नलिएको बिवरण लिई सकभर पूर्व सहकारी शिक्षाको प्रशिक्षण दिएर मात्र नयाँ संस्था दर्ता गर्ने ।

८) प्रस्तावित सहकारी संस्था खोलिन लागेको स्थानको सहकारी कार्यालयको कर्मचारीबाट स्थलगत अध्ययन गराई निम्न विवरण समावेश भएको प्रतिवेदन लिई अग्रिम कारवाही गर्ने ।

क) संस्थाको उद्देश्य तथा कार्यक्षेत्रका हिसाबले स्थानीय तहमा त्यस प्रकृतिको सहकारी संस्थाको आवश्यकता रहे नरहेको र समुदायमा आधारित भई संचालन हुन सक्ने, नसक्ने पहिचान गर्ने ।

ख) सोहि स्थानमा पहिला स्थापित सोहि उद्देश्यकै संस्थाकै कार्यक्षेत्र र सदस्यहरू प्रस्तावित संस्थामा दोहोरिने अवस्था छ छैन ।

ग) संस्था स्थापना गर्न चाहने संस्थापकहरु मध्ये पहिले सहकारी संस्था चलाई रकम हिनामिना गरी भागेको वा वैंक वित्तीय संस्था लगायतका क्षेत्रमा कालो सूचिमा परेका व्यक्तिको संलग्नता छ छैन ?

घ) संस्था दर्ता गर्न चाहने समुहमा बिभिन्न जात, जाती, धर्म, वर्ग, महिलाको सहभागिता के कति छ ? के कति सहभागिता हुन सक्छ वा सक्थ्यो सो को बिचार गर्ने । सकभर समावेशी बनाउने । प्रस्ताबित संचालक समितिमा महिलाको तथा दलीत वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गर्ने प्रयास भएको छ छैन खुलाउने ।

ङ) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरू सोहि प्रकृतिको अन्य सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा पनि आवद्ध छन् छैनन् एकिन गर्ने साथै स्वीकृतीको लागि माग भएको कार्यक्षेत्रलाई समेटिने गरि सदस्यहरूको प्रतिनिधित्व गरिएको छ छैन ।

च) प्रस्तावित संस्था स्थापना गर्ने सदस्यहरूको ज्ञान, सीप र क्षमताले प्रस्तावित सेवा प्रदान गर्ने वा वस्तु उत्पादन गर्ने एकल उद्देश्य काम गर्न वा संस्था संचालन गर्न सम्भव छ छैन ।

छ) प्रस्तावित सहकारी संस्थाबाट बस्तु उत्पादन वा सेवा प्रवाहको लागि सो व्यवसाय संचालन गर्न सोहि स्थानमा आवद्ध सदस्यहरूसंग सो प्रकृतिको पेशा, व्यवसाय, उद्योग, कलकारखाना संचालन गर्ने व्यवसायी, पेशाकर्मी पर्याप्त छन् छैनन् । स्थापना गर्न लागिएको सहकारी संस्थाको उद्देश्य र कार्यसंग संचालक एवं

आवद्ध अन्य सदस्यहरूको पेशा व्यवसाय मिल्छ वा मिल्दैन एकिन गर्ने साथै संस्थामा आवद्ध कति सदस्यसंग सो पेशा वा व्यवसाय गर्न सक्ने पेशाकर्मी व्यवसायी, व्यक्ति समेवश छन् ? सो हेरेर संस्था स्थापनाको सम्भाव्यता एकिन गर्ने । उदाहरणका लागिः संचार सहकारी खोल्न प्रस्तावित भई आएमा सोमा संचार क्षेत्रका पेशाकर्मीहरूको संलग्नता छ छैन ? कृषि सहकारी खोल्ने प्रस्ताव आएमा कृषकहरू नै आवेदक सदस्य छन् छैनन् निश्चित गर्ने ।

९) संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरू यथासम्भव प्रस्तवित संस्थाको लागि माग गरेको कार्यक्षेत्रको सबै स्थानको (सबै गाविस वा वडा) प्रतिनिधित्व गरेको हुनुपर्नेछ ।

१०) सहकारी संस्थाहरु संख्यात्मक रुपमा बृद्धि गर्नुभन्दा गुणत्माक बिकास गर्नेतर्फ ध्यान दिनुपर्नेछ । एकै क्षेत्र वा स्थानमा थोरै सदस्य भएका एकै प्रकृतिका अध्याधिक संस्थाहरू छन् भने त्यस्ता सदस्यहरूको एकिकरण गर्न संभाव्य सबै संस्थाहरूसंग समन्वय गरी एकिकरण गर्न प्रोत्साहन गर्ने ।

११) एउटै सहकारी संस्थाले व्यापक कार्यक्षेत्र ओगटी ठूलो संख्यामा सदस्यता बितरण गरेको तर सदस्यको संख्या तथा भौगोलिक क्षेत्रको व्यापकताले व्यवस्थापन गर्न कठीनाइ परेको, साधारणसभा सम्पन्न गर्न सम्म पनि समस्या परेको अवस्थामा कार्यक्षेत्रको बिभाजन गरी स्थानीयकरण गर्ने प्रकृया अवलम्बन गर्ने ।

१२) सहकारी संस्था मार्फत सदस्यहरूको व्यवसायिक क्षमता अभिवृद्धि गरी व्यवसाय प्रवर्द्धन गर्न एकल उद्देश्यका सहकारी संस्थाको स्थापना गर्न प्रोत्साहन गर्ने । (Single Purpose Multi Function)

१३) जिल्ला स्तरिय विषयगत संघ र जिल्ला सहकारी संघ दर्ता गर्न आवेदन पेश भएमा सहकारी ऐन नियममा भएको प्रकृया पूरा गरी स्वीकृतिको लागि विभागमा पठाउने ।



**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन शाखा)**

फोन नं. ४४६५३६२

पत्र संख्या :- (परिपत्र) ०६४।६५
चलानी नं. :- ४२५
प्राप्त पत्र संख्या र मिति :-

नयांबानेश्वर, काठमाडौं, नेपाल ।

२०६४।०६।१४

**परिपत्रको मनशाय राम्ररी बुझेर मात्र कार्यान्वयन गर्ने ।**

श्री केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, नयांबानेश्वर ।
श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सबै ।
श्री डिभिजन सहकारी कार्यालय, सबै ।

उपरोक्त बिषयमा डिभिजन सहकारी कार्यालय, स्याङ्जाको च.नं.८१ मिति २०६४।५।२८ को पत्रानुसार गाउंसुधार दुग्ध सहकारी संस्था लि.को अध्यक्ष हुनुको साथै जिल्ला दुग्ध सहकारी संघ लिमिटेड स्याङ्जाको समेत अध्यक्ष रहनु भएकोले एकै अवधिमा एउटै व्यक्ति एक भन्दा बढी संस्थाको संचालक पदाधिकारी हुन नमिल्ने भएकोले एउटा मात्र संस्थाको अध्यक्ष पदमा रहनु होला भनी श्री ढाकाराम अर्यालको नाममा जारी गरिएको पत्र प्रति बिभागको ध्यानकर्षण भएको छ । बिभागको च.नं.१४३५ मिति २०६३।०२।८ को पत्रको मनशाय त्यस्तो होइन ।

एउटै बिषयको प्रारम्भिक सहकारी संस्थामा अध्यक्ष हुन र सोही आधारमा सोही बिषयको माथिल्लो संघको पदाधिकारी हुन उक्त परिपत्रले रोकेको होईन । बिभागको निर्देशन कार्यान्वयन गर्दा प्रचलित सहकारी सिद्धान्त र ऐन नियम अनुसार परिपत्रको मनशाय बुझेर मात्र कार्यान्वयन गर्नु गराउन हुनका साथै निर्देशन वा परिपत्र कार्यान्वयन गर्दा गराउंदा कुनै द्धिविदा भएमा बिभागमा सम्पर्क राखि स्पष्ट भएर मात्र कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(प्रेम प्रसाद संजेल)
शाखा अधिकृत

**नेपाल सरकार** फोन नं. ४४६५३६२

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**(संस्था संगठन शाखा)**

पत्र संख्या :-( परिपत्र ) ०६४।६५ नयांबानेश्वर, काठमाडौं,

चलानी नं. :- ४१९ नेपाल ।

प्राप्त पत्र संख्या र मिति :-

२०६४।६।१३

**निर्देशन माग गर्ने प्रकृया सम्बन्धमा ।**

श्री केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र, नयानेश्वर ।
श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय सबै ।
श्री डिभिजन सहकारी कार्यालय सबै ।

उपरोक्त विषयमा सहकारी कार्यालयहरुले जुनसुकै विषयमा विभागमा निर्देशनको माग गरी पत्र पठाउनुपूर्व त्यस विषयमा प्रारम्भिक रुपमा त्यहाँबाटै आवश्यकता अनुसार निरीक्षण, अनुगमन, सुपरीवेक्षण, अध्ययन, अनुसन्धान, विश्लेषण र छानविन गरी प्रतिवेदन लिनुपर्ने भए प्राप्त प्रतिवेदन समेत संलग्न राखी निर्देशन माग गरिएको विषयमा विभागबाट कस्तो कारवाही वा निर्णय होस भन्ने त्यस कार्यालयले चाहेको हो (प्राप्त तथ्यका आधारमा मात्र) कार्यालयको स्पष्ट राय एवं सो राय दिनुको ठोस कारणहरु समेत उल्लेख गरेर मात्र कागज प्रमाण संलग्न राखी पत्राचार गर्ने व्यवस्था तत्काल लागू गर्न सबै सहकारी कार्यालयहरुलाई परिपत्र गर्ने भनी मिति २०६४।६।१० मा निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध छ ।

(प्रेम प्रसाद संजेल)
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थ :**

श्री कानून शाखा, सहकारी विभाग ।
श्री प्रशासन शाखा, सहकारी विभाग ।
श्री आ.प्र.शाखा, सहकारी विभाग ।
श्री योजना शाखा, सहकारी विभाग ।



**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी बिभाग**

प.स.३/१४/०६४/०६५ नयांबानेश्वर, काठमाडौं ।

२०६४।०५।३१

निर्देशन सम्बन्धमा ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरु सबै
श्री डिभिजन सहकारी कार्यालयहरु सबै

सहकारी ऐन, २०४८ को दफा २६(१) र २६(२) मा आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्वीकार गर्ने र आफ्ना सदस्यहरुलाई मात्र कर्जा प्रदान गर्न सकिने व्यवस्था विदितै छ। सो प्रयोजनको लागि देहाय बमोजिम गर्ने गराउने व्यबस्था मिलाउनु हुनेछ ।

१) मिति २०५९।१२।२१ को पत्रबाट रजिष्ट्रारको स्वीकृति लिई बचत तथा ऋण सहकारी संस्था दर्ता गर्ने भनी निर्देशन दिईएकोमा मिति २०६२।०७।०२ को पत्रबाट गाउं बिकास समितिमा कार्य क्षेत्र रहने गरी बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न दिईएको निर्देशन बमोजिम यथावत रुपमा दर्ता गर्ने गराउने ।
२) नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र राखी बचत तथा ऋण सहकारी संस्था दर्ता गर्ने सम्बन्धमा रजिष्ट्रारको पूर्व स्वीकृति लिनु पर्ने व्यबस्था रहेकोमा अव उप्रान्त विभागको मिति २०५६।१२।०७ को कार्य क्षेत्र सिमित गर्ने परिपत्र समेतको अधीनमा रही प्रत्यायोजित अधिकार अन्तर्गत रही बचत तथा ऋण सहकारी संस्थाहरुको दर्ता कार्य सुचारु गर्ने ।
३) महानगरपालिका तथा उप-महानगरपालिकाहरुको क्षेत्र भित्र कार्यक्षेत्र राखी दर्ता हुन माग गर्ने बचत तथा ऋण सहकारी संस्थाको दर्ता र बिगतमा दर्ता भएका संस्थाले बचत तथा ऋणको कारोबारको उद्देश्य र कार्य विनियममा थप गर्न माग गर्ने संस्थाहरुको हकमा पूर्ववत रुपमा बिभागको मिति २०५९।१२।२१ को पत्रबाट दिइएको निर्देशन बमोजिम रजिष्ट्रारको पूर्व स्वीकृति लिएर मात्र गर्ने
४) विभागमा संस्था दर्ता गर्न स्वीकृतिको लागि पठाउँदा, यस्ता संस्था दर्ता गर्दा तथा यस अघि दर्ता भएका संस्थाहरुमा समेत संचालन, अनुगमन तथा निरीक्षण गर्दा यसै साथ संलग्न मापदण्ड लागु गर्ने ।

५) यस अघि जुनसुकै बिषयगत उद्धेश्य र कार्य राखी दर्ता भएका सहकारी संघ/संस्थाहरुले सहकारी ऐन, २०४८ को दफा २६ (१) बमोजिम कारोबार गर्न सम्बन्धित संघ/संस्थाहरुको विनियममा बचत तथा ऋण कारोबारको उद्देश्य र कार्य थप गर्न माग भई आएमा माथि उल्लेखित व्यबस्थाको अधिनमा रही कारोबार गर्न पाउने व्यवस्था मिलाउने ।

बोधार्थ तथा कार्यार्थ :

श्री माननीय कृषि तथा सहकारी मन्त्रीज्यूको निजी सचिवालय, सिंहदरबार : जानकारीको लागि ।

श्री माननीय सदस्यज्यू, (कृषि तथा सहकारी क्षेत्र हेर्ने ) ,राष्ट्रिय योजना आयोग : जानकारीको लागि ।

श्रीमान् सचिवज्यू, कृषि तथा सहकारी मन्त्रालय : जानकारीको लागि ।

श्री नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौं : जानकारीको लागि ।

श्री राष्ट्रिय सहकारी बिकास बोर्ड, हरिहरभवन : जानकारीको लागि ।

श्री राष्ट्रिय सहकारी संघ लि., बबरमहल : उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

श्री राष्ट्रिय सहकारी बैक, नयांबानेश्वर : उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. :उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

श्री केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लि. नयाँवानेश्वर :उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

श्री केन्द्रीय तरकारी तथा फलफुल उत्पादक सहकारी संघ लि.: उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

श्री केन्द्रीय कफि उत्पादक सहकारी संघ लि. : उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन

श्री केन्द्रीय उपभोक्ता सहकारी संघ लि. : उल्लेखित व्यवस्था र मापदण्डहरु कार्यान्वयनमा सहयोग पु-याउनु हुन ।

(टंकमणि शर्मा)
रजिष्ट्रार



**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(कानून)**

पत्र संख्या :- ३ (१५) ०६४।६५ नयांबानेश्वर, काठमाडौं,
चलानी नं. :- ३७० नेपाल ।
२०६४।५।३१

**मापदण्ड सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
.........................................................।
श्री डिभिजन सहकारी कार्यालय,
.......................................।

सहकारी ऐन, २०४८ को दफा २६ (१) र (२) मा आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्वीकार गर्ने र आफ्ना सदस्यहरुलाई मात्र कर्जा प्रदान गर्ने व्यवस्था छ । त्यस्ता सहकारी संस्थाहरुको कार्यलाई व्यबस्थित र नियमन गर्न सहकारी ऐन, २०४८ को दफा ४, ५, ३४, ३५ र ३६ तथा सहकारी नियमावली, २०४९ को नियम १६(ख) र २३ को प्रयोजनको लागि देहायमा उल्लेखित मापदण्ड तोकिएको छ ।

१. गठन तथा संचालन सम्वन्धी :

१.१. संस्था दर्ताका लागि आवेदन गर्दा कम्तिमा २५ परिवारबाट कम्तिमा २५ जना व्यक्तिहरु संलग्न हुनु पर्ने ।

१.२. संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट“ तथा “वित्तिय संस्था” वा “कम्पनी” जनाउने जस्ता शव्दहरु तथा तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्यक्षेत्र रहेको अर्थ लाग्ने शव्दहरु राखी संस्था दर्ता नगर्ने र साविकमा त्यस्ता शव्दहरु राखी संस्था दर्ता भैसकेको भए तदनुरुप संस्थाको नाम संशोधन गराउने ।

१.३. संस्थाले जारी गर्ने कूल शेयर पूँजीको रकम संस्थाको विनियममा उल्लेख गरी विनियम स्वीकृत गर्ने ।

१.४. संस्थाले सार्वजनिक रुपमा आव्हान गरी शेयर खरिद विक्री गर्न नपाउने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।

१.५. एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्था को शेयर खरीद गर्न नपाउने व्यवस्था मिलाउने । वाणिज्य बैंक वा वित्तिय संस्था वा अन्य संस्थाको शेयर खरिद गर्न स्वीकृति माग भई आएमा वा खरिद गरेको पाईएमा निकासाको लागि विभागमा लेखि पठाउने ।

१.६. वचत तथा ऋणको कारोवार गर्ने उद्देश्य राखी दर्ताको आवेदन गर्दा सम्वन्धित पक्षलाई संस्थाको वचत तथा ऋण नीति समेत पेश गर्न लगाउने ।

१.७. एकाघर परिवारवाट एक भन्दा वढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको संचालकको पदमा वहाल रहन नपाउने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।

१.८. संस्थावाट लिएको ऋणको भाखा नाघेको "ऋणी-सदस्य" ऋण चुक्ता नगरे सम्म संस्थाको संचालक समिति वा लेखा समिति वा अन्य उपसमितिको कुनै पदमा उम्मेदवार हुन नपाउने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।

१.९. संस्थाको कुनै पनि सदस्य एकै प्रकृतिको एक भन्दा वढी संस्थाको संचालक समिति वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन नपाउने व्यवस्था गर्न लगाउने ।

१.१०. संस्थाको संचालकको पदमा उम्मेदवार हुँदा सदस्य स्वयंले प्रचलित कानून बमोजिम आफनो नाम कालो सूचिमा नपरेको वा कर्जा कारोवारमा अनियमित नभएको भनी स्व-घोषणापत्रमा सहीछाप गरी संस्थामा पेश गर्नु पर्ने व्यवस्था मिलाउने ।

१.११. संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संचालकहरुको हुने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।

१.१२. संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिले आफनो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्ने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।

१.१३. संस्थाका सदस्यहरुका वीच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्यको रुपमा वर्गिकरण गरी विभेद गर्न नपाइने व्यवस्था विनियममा समावेश गर्ने र विगतमा सदस्यहरुका वीच विभेद हुने गरी राखिएका प्रावधानहरु सहकारी सिद्धान्त, सहकारी ऐन, नियमावली प्रतिकूल भै स्वतः बदर भागी हुंदा सो अनुरुप मिलाउन सम्बन्धीत संस्थाहरुलाई निर्देशन दिने ।

१.१४. संस्थाका संचालकहरुको तीन पुस्ते सहितको विवरण र हालसालै खिचेको पासपोर्ट साइजको १ प्रति फोटो संस्था मार्फत सहकारी कार्यालयमा उपलब्ध गराई राख्ने व्यवस्था मिलाउने ।



## २. कार्य क्षेत्र सम्बन्धी :

२.१. संस्थाको कार्यक्षेत्र गाउँ विकास समिति भए वढीमा ५(पाँच) वटा गाउँ विकास समिति, नगरपालिका भए वढीमा त्यस नगरपालिकाको सवै वडा र महानगरपालिका/उप-महानगरपालिका भए एकआपसमा जोडिएका वढीमा ५ वटा वडा क्षेत्र भित्र सीमित गर्नु पर्ने व्यवस्था कार्यान्वयन गराउने ।
तर वचत तथा ऋणको कारोवार गर्ने एकल उद्देश्यीय सहकारी संस्था वाहेक अन्यको हकमा संस्थाको व्यवसायिक कारोवारको लागि उल्लेखित कार्यक्षेत्र भन्दा वढि कार्यक्षेत्र राख्नुपर्ने भएमा संस्थाले प्रदान गर्ने सेवाको प्रकृति र भौगोलिक अवस्था हेरी रजिष्ट्रारले आवश्यकता अनुसार सो भन्दा वढि कार्यक्षेत्र राख्ने गरी स्वीकृति प्रदान गर्न सक्ने भएकोले अवस्था विश्लेषण गरी स्विकृतीका लागि सिफारिश साथ विभागमा पठाउने ।

२.२. विभागको मिति २०५६/१२/०७ को परिपत्रवाट निर्देशन दिइए अनुरुप स्वीकृति नलिई शाखा स्थापना गरी कार्य संचालन गरेको भए त्यस्तो शाखा वन्द गर्न लगाउने । नियमानुसार कायक्षेत्र विस्तारको स्वीकृति लिई शाखा स्थापना गरेका संस्थाको सम्वन्धमा कार्य क्षेत्र विस्तार गरी जिल्ला वाहिर शाखा रहेका स्थानमा शाखाको सट्टा स्थानीय स्तरमा छुट्टै सहकारी संस्था गठन गरी कार्य हस्तान्तरणको प्रकृया अवलम्वन गर्न निर्देशन दिई सकिएकोले सो वमोजिम नै गर्ने ।

२.३. प्रकरण २.१ मा उल्लेखित कार्यक्षेत्र भन्दा बढी एक जिल्लाभर कार्यक्षेत्र कायम रहेको संस्था भए एक बर्ष भित्र, दुई देखि दश जिल्ला सम्म कार्यक्षेत्र कायम रहेको संस्था भए दुई बर्ष भित्र र दश भन्दा वढी जिल्लामा कार्यक्षेत्र कायम रहेको संस्था भए तीन बर्ष भित्र प्रकरण २.१ मा उल्लेखित सीमाभित्र ल्याई सक्ने वा स्थानीयकरण गरी सक्ने व्यवस्था मिलाउने ।

## ३. बचत संकलन तथा व्याजदर सम्वन्धी :

३.१. संस्थाले वचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित गर्नु पर्ने तथा गैर सदस्य संग कारोवार गर्न नपाउने व्यवस्था गर्ने ।

३.२. संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण प्रचलित वजार दरको आधारमा गर्नु पर्नेछ । संस्थाले बजारमा प्रचलित व्याज दर भन्दा अस्वभाविक रुपले वढी व्याजमा बचत संकलन तथा ऋण लगानीको कारोवार गर्न पाईने छैन । वचतमा दिइने व्याज दर र कर्जा तथा ऋणमा लिइने व्याजदरको अन्तर ६ प्रतिशत भन्दा वढी गर्न नपाइने व्यवस्था गर्ने ।

३.३. प्रारम्भीक संस्थाले प्राकृतिक व्यक्तिसँग मात्र वचत र ऋणको कारोवार गर्न पाउने व्यवस्था गर्ने ।

३.४. संस्थाले शेयरपूँजीको बढीमा १० गुणासम्म मात्र सदस्यहरुवाट वचत निक्षेप संकलन गर्न सक्ने व्यवस्था गराउने ।

३.५. संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी वचत संकलन गर्ने वा ऋण प्रवाह गर्न नपाउने व्यवस्था मिलाउने ।

३.६. संस्थाले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रकृया तथा कार्यविधिहरु निर्धारण गरी साधारण सभावाट पारित गराई सहकारी कार्यालयमा पेश गर्न लगाउने ।

३.७. संस्थाले निर्धारण गरेको व्याजदरको विवरण चौमासिक रुपमा सहकारी कार्यालयमा पेश गर्न लगाउनुका साथै संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयमा प्रकाशित गरी सोको बिवरण परिबर्तन गरिएको मितिले ७ (सात) दिन भित्र सहकारी कार्यालयमा पेश गर्न लगाउने ।

३.८. संस्थाका सदस्यहरु वीच बचत (मुनाफा) वितरण प्रयोजनको लागि नगद पद्धति (Cash System) मा व्याज आय लेखा राखी अन्य प्रयोजनको लागि Accrual System मा कारोवारको लेखा राख्न लगाउने । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसाव (Interest Suspense a/c) मा जम्मा गर्ने व्यवस्था गर्न लगाउने ।

## ४. ऋण लगानी सम्वन्धी :

४.१. संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुंजीको प्रथम पटकको लागि ५ प्रतिशत, दोश्रो पटकको लागि १० प्रतिशत र तेश्रो पटकको लागि २० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको सावां र व्याज पुरै भुक्तानी नगरे सम्म निजलाई पुनः ऋण लगानी गर्न नपाउने व्यवस्था गर्ने ।

४.२. प्रस्तावित ऋण रकमको कम्तिमा दोव्वर मूल्य बरावरको जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्न सक्ने व्यवस्था गर्ने । तर संस्थाले औचित्यताको आधारमा समुह जमानीमा ऋण लगानी गर्न वाधा परेको मानिने छैन ।

४.३. संस्थाले जेथा धितो राखि ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै जेथा (Primary Collateral) धितो नराखी अर्काको जेथा (Secondary Collateral) को आधारमा मात्र ऋण लगानी गर्न नपाउने व्यवस्था गर्ने ।

४.४. संस्थाले संचालक समितिका ४९ प्रतिशत भन्दा वढी सदस्यहरुलाई एकै अवधीमा



ऋण लगानी गर्न नपाउने व्यवस्था गर्ने ।

४.५. संस्थावाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कूल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश स्व-पूंजी (उद्यमी स्वयंको पूँजी) बाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउने ।

४.६. संस्थावाट प्रदान गरिएको ऋणलाई तपसिल वमोजिम चार वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गर्नेः-

| क्र.सं. | ऋणको वर्गिकरण | भाखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | कमसल ऋण | ६ महिना सम्म भाखा नाघेको | २५ प्रतिशत |
| ३ | शंकास्पद ऋण | ६ महिना देखि वढीमा १ वर्ष सम्म भाखा नाघेको | ५० प्रतिशत |
| ४ | खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

४.७. संस्थाले प्रकरण ४.६ मा उल्लेख भए वमोजिमको ऋणको वर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष श्रावण महिना भित्र सहकारी कार्यालयमा विवरण पेश गर्नु पर्ने व्यवस्था गर्ने ।

४.८. संस्थाका संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप–समितिका पदाधिकारीहरुले लिएको ऋणको विवरण प्रत्येक पटक संस्थालाई सहकारी कार्यालयमा पेश गर्न लगाउने ।

४.९. संस्थाले आफ्ना सदस्यको शेयर प्रमाणपत्र वा अन्य कुनै सहकारी संस्थाका सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्न नपाउने व्यवस्था गर्ने ।

४.१०. संस्था दर्ता हुंदाका बखत रहेका सदस्य बाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिना सम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्न सकिने व्यवस्था गर्ने ।

४.११. संस्थाले कारोवार गर्दा सदस्यहरु संग सेवा शुल्क लिन नपाउने व्यवस्था गर्ने ।

## ५. तरलता सम्वन्धी :

५.१. बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल बचत रकमको कम्तिमा १० प्रतिशत रकम तरलताको रुपमा अनिवार्य राख्ने व्यवस्था गर्ने । यस प्रयोजनको लागि नगद मौज्दात, बैंक मौज्दात, मुद्धती निक्षेप र सरकारी ऋणपत्रमा गरेको लगानीलाई समेत तरल सम्पत्ति मानिनेछ ।

५.२. संस्थाले प्रकरण ५.१ मा उल्लेखित तरलता रकम मध्ये कम्तीमा २ प्रतिशत नगद आफ्नो ढुकुटी वा नेपाल राष्ट्र वैकवाट इजाजत प्राप्त वाणिज्य वैकमा अनिवार्य

रुपमा राख्नु पर्ने व्यवस्था मिलाउने ।

५.३. प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्ने ।

५.४. वचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुले तरलता समेत खुलेको कारोवार सम्वन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

५.५. तरलता सम्वन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित सहकारी कार्यालयमा चौमासिक रुपमा पेश गर्न लगाउने ।

६. विविध :

६.१. संस्थाले सहकारी मूल्य मान्यताहरुमा आधारित आचार संहिता तयार गरी पदाधिकारी तथा सदस्यहरुले पालना गर्नु पर्ने गरी लागु गराउने ।

६.२. प्रत्येक संस्थाले संस्थाको प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नं., दर्ता मिति र दर्ता भएको सहकारी कार्यालयको नाम समेत खुलाई नेपाली भाषा, देवनागरी लिपिमा साईनवोर्ड लेखी संस्थाको कार्यालयमा सवैले देख्ने गरी राख्नु पर्ने व्यवस्था मिलाउने ।

६.३. सहकारी संस्थाको कार्यालयमा सबैले देखिने गरी निम्न कुराहरु खुलेको विवरण राख्न लगाउने ।

क. संस्थाको भौगालिक कार्यक्षेत्र,

ख. संस्थाको उद्देश्य र कार्यहरु,

ग. संस्थाको सदस्य संख्या (महिला/पुरुष),

घ. शेयर पूँजी,

ङ. महिनाको अन्तको बचत निक्षेप रकम,

च. बचत संकलन तथा ऋण प्रवाह गर्ने प्रकृया,

छ. व्याजदर सम्बन्धी विवरण,

ज. संचालक तथा लेखा समितिका सदस्यहरुको नाम र ठेगाना,

झ. अन्य आवश्यक कुराहरु ।

६.४. कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने ।

६.५. सहकारी कार्यालयहरुबाट संस्थाको कारोवारको निरीक्षण गर्दा अनुगमन तथा निरिक्षणका विभिन्न पद्धतीहरु मध्ये PEARLS (P= Protection, E= Effective Financial Structures, A= Assets Quality, R= Rates of Return, L= Liquidity, S= Sign of Growth) वित्तीय मापन प्रणाली समेतको प्रयोग गर्ने ।

६.६. यस अघि दर्ता भइसकेका संस्थाहरुले यस मापदण्डको प्रकरण २.३ मा उल्लेख भएका कुराहरु सोही अवधी भित्र र अन्य कुराहरु यो मापदण्ड अनुरुप सम्पन्न गर्न यो मापदण्ड जारी भएको मितिले एक महिना भित्र सम्बन्धित संस्थाहरुबाट कार्यान्वयनको



समय तालिका लिई कार्यान्वयन गराउने ।

६.७. सहकारी कार्यालयमा उजुरी परी वा नियमित निरीक्षण वा सोधपुछको परिणामबाट कुनै संस्था वा संस्थाको कामकारवाही वा कारोवार सदस्यहरुको हित अनुकुल भएको नपाईएमा सोको यथार्थ विवरण सहित संस्थाका संचालक र लेखा समितिलाई ध्यान आकर्षण गराउने । पटक पटक ध्यानाकर्षण गराउंदा पनि सुझाव कार्यान्वयन नभएमा संस्थाको कारोवार नियमित नभएको व्यहोरा राष्ट्रिय वा स्थानीय संचार माध्यमबाट सार्वजनिक सरोकारको सूचना प्रकाशित गर्ने सो को जानकारी विभागमा समेत पठाउने ।

(टंकमणि शर्मा)
रजिष्ट्रार

**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**(कानून शाखा)**

पत्र संख्या :- .टि.१-३ /०६४/६५ | नयां बानेश्वर
च.नं. :- २०७ | नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- | मिति :- २०६४।४।२९

विषय :- **निर्देशन सम्बन्धमा ।**

श्री केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र, नयांबानेश्वर ।
श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
सुनसरी/चितवन/कास्की/बांके/कैलाली ।
श्री डिभिजन सहकारी कार्यालय,
सबै ।

डिभिजन सहकारी कार्यालय काठमाडौंमा सहकारी ऐन २०४८ बमोजिम दर्ता भएको भ्याली बहुउद्देश्यीय सहकारी संस्था लि. को विनियममा संचालक समितिको गठन गर्दा " अध्यक्ष र कोषाध्यक्ष समेत ४ जना संचालक संस्थापक सदस्य मध्यबाट अनिवार्य निर्वाचित हुनेछन् र यीनीहरको निर्वाचनमा संस्थापक सदस्यहरुले मात्र भाग लिन पाउने छन्" भन्ने व्यवस्था गरि संस्थाका सबै सदस्यहरुले समितिको निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउने अधिकारबाट वन्चीत गरिएको पाईयो । विनियमको उक्त व्यवस्था सदस्यहरुका वीच समानता भन्ने सहकारीको मान्यता र सहकारी ऐन २०४८ को दफा १३ (२), दफा १४ (ख) र दफा २३ (४) प्रतिकूल भै स्वत: खारेज भागी छ ।

तसर्थ: सहकारी ऐन २०४८ सहकारी नियमावली २०४९ ले सदस्यलाई प्रदान गरेको अधिकारहरुलाई कुन्ठीत गर्ने वा उपभोग गर्न बाट वन्चीत गर्ने गरी उल्लेखित प्रावधान राखी विनियममा संशोधन गर्ने विनियममा स्वीकृत प्रदान गर्ने लगायतका कार्यहरु नगर्नु नगराउनु हुन विभागको मिति २०६४।४।२७ को निर्णयानुसार अनुरोध छ । साथै यस अधि उक्त प्रावधान राखी विनियममा स्वीकृती प्रदान गरिएको भए सोही व्यहोरा खोली सम्बन्धीत संस्थालाई विनियम संशोधन गर्न निर्देशन समेत दिनु हुन अनुरोध छ ।

------------------
(मान वहादुर अर्याल)
कानून अधिकृत



**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**(कानून)**

पत्र संख्या :- ०६३।६४ | नयांबानेश्वर, काठमाडौं
च.नं. :- १३९४ | नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- | मिति :- २०६४।०२।२९

विषय :- **संघ/संस्था दर्ता भएको जानकारी उपलव्ध गराउने सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, ५ जिल्लाहरु
श्री डिभिजन सहकारी कार्यालय ३८ जिल्लाहरु ।

उपरोक्त सम्बन्धमा डिभिजन सहकारी कार्यालयमा सहकारी संस्था दर्ता भएको जानकारी सम्बन्धीत जिल्लाका विषयगत जिल्ला सहकारी संघ र जिल्ला सहकारी संघलाई थाहा नहुने तथा दर्ता भएका सहकारी संस्थाले आफ्नो छाता संगठनको बारेमा जानकारी नभइ समन्वय सम्पर्क गर्न समस्या देखिएकोले अव आईन्दा संघ संस्था दर्ता एवं खारेजी गर्दा निम्नानुसारको व्यवस्था गर्न हुन आदेशानुसार अनुरोध छ ।

१) प्रारम्भिक सहकारी संस्था दर्ता एवं खारेजी गर्दा जिल्लामा भएका विषयगत जिल्ला सहकारी संघ र जिल्ला सहकारी संघलाई अनिवार्य रुपमा जानकारी दिने व्यवस्था गर्ने ।
२) विषयगत जिल्ला सहकारी संघ एवं जिल्ला सहकारी संघ दर्ता एवं खारेजी गर्दा विषयगत केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी संघलाई अनिवार्य रुपमा जानकारी दिने व्यवस्था गर्ने ।
३) हाल सम्म दर्ता भएका एवं खारेजी भएका सहकारी संस्थाहरुको विवरण विषयगत छुट्याई माथि उल्लेख भए अनुसार प्रारम्भिक संस्थाको हकमा जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघलाई र जिल्ला स्तरीय भए राष्ट्रिय सहकारी संघ र विषयगत केन्द्रीय सहकारी संघलाई जानकारी दिने ।

**बोधार्थ** :-
श्री राष्ट्रिय सहकारी विकास बोर्ड, हरिहरभवन ।
श्री राष्ट्रिय सहकारी संघ लि., विजुलीबजार ।
श्री केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि. नयांबानेश्वर ।
श्री केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लि. नयांबानेश्वर ।
श्री केन्द्रीय उपभोक्त सहकारी संघ लि.ग्वार्को ।
श्री केन्द्रीय फलफुल तथा तरकारी सहकारी संघ लि.नयांबानेश्वर ।
श्री केन्द्रीय कफि सहकारी संघ लि., नयांबानेश्वर ।
श्री राष्ट्रिय सहकारी बैंक लि. नयांबानेश्वर ।

-----------------
शाखा अधिकृत

**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(कानून)**

पत्र संख्या :- कानून ०६३।६४ नयांबानेश्वर, काठमाडौं
च.नं. :- १२३१ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६४।०१।१६

विषय :- **निर्देशन सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, . . . . .
श्री डिभिजन सहकारी कार्यालय . . . . . . . ।

सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्थाको नाम परिवर्तन, विनियममा उल्लेखित उद्देश्य तथा कार्यहरुको संशोधन तथा परिमार्जनमा स्वीकृति प्रदान गर्दा विभिन्न सहकारी कार्यालयहरुको कार्य प्रकृयामा विविधता देखिएकोले अव उप्रान्त अर्को व्यवस्था नभए सम्मको लागि "बचत तथा ऋणको कारोवार गर्ने नगर क्षेत्र" का सहकारी संस्थाको नाम परिवर्तन, विनियममा उल्लेखित उद्देश्य तथा कार्यहरुको संशोधन तथा परिमार्जनमा स्वीकृति प्रदान गर्दा रजिष्ट्रारको पूर्व स्वीकृति लिएर मात्र गर्ने गराउने व्यवस्था गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

-----------------
(मान वहादुर अर्याल)
कानून अधिकृत



**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन शाखा)**

फोन नं. ४४६५३६२

पत्र संख्या :- ०६३।६४ नयांबानेश्वर, काठमाडौं,
चलानी नं. :- १०१८ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :-
मिति :- २०६३।११।१६

विषयः- **शैक्षिक सहकारी संस्था दर्ता सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
सुनसरी/चितवन/कास्की/बांके/कैलाली ।
श्री डिभिजन सहकारी कार्यालय,
. . . . . सबै ।

प्रचलित सहकारी मूल्य सिद्धान्त अनुरुप अविभावकहरु मिलेर आफ्ना छोराछोरीहरुको शैक्षिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले शैक्षिक सहकारी संस्था दर्ता गर्न आएमा प्रचलित सहकारी ऐन,२०४८ नियमावली २०४९, एवं विभागीय नीति निर्देशनको समेत पालना गरी सम्बन्धित विषयगत निकायको पूर्व स्वीकृति पेश गराई विभागबाट जारी गरिएको दर्ता निर्देशिका अनुरुपको प्रकृया पूरा गरी सहकारी संस्था दर्ता गर्ने व्यवस्था गर्न हुन यस विभागको मिति २०६१।११।४ को निर्णयानुसार अनुरोध गरिन्छ ।

द . . .. . . .
शाखा अधिकृत

**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(कानून)**

पत्र संख्या :-(        )०६३।६४ नयांबानेश्वर, काठमाडौं
च.नं. :- ९६० नेपाल ।
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०६३।११।२

विषय :- **रोक्का जग्गा फुकुवा सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
. . . . . . .. . . . . . . . . . . . . . . ।
श्री डिभिजन सहकारी कार्यालय,
सवै ३८ जिल्लाहरु ।

सहकारी कानून बमोजिम दर्ता भई संचालनमा आएका सहकारी संस्थाहरु विभिन्न कारणबाट बन्द हुन गएका र त्यस्ता सहकारी संस्थाका ऋणी सदस्य वा सरोवारवाला अन्य व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋण वा बांकी वक्यौता रकम तिर्न वुझाउन संस्था बन्द भएको कारणबाट समस्या भएको भनी त्यस कार्यालयमा प्राप्त हुन आएका निवेदनहरुको सम्बन्धमा देहायमा उल्लेखित प्रकृया अपनाई श्री कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत "बन्द रहेका सहकारी संस्थालाई वुझाउनु पर्ने रकम व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०६३" बमोजिम रोक्का जग्गा फुकुवा सम्बन्धी कारवाही अघि बढाउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

१. सम्बन्धित सहकारी संस्थाका ऋणी सदस्य वा सरोकारवाला अन्य व्यक्तिले संस्थालाई तिर्नु वुझाउनु पर्ने ऋण वा वांकी वक्यौताको रकम तिर्न वुझाउन संस्था बन्द भएको कारणबाट समस्या भएको भनी पेश हुन आएको निवेदन उपर सम्बन्धित कार्यालयले सम्वद्ध पक्षले पेश गरेको प्रमाण कागजातहरुको विस्तृत अध्ययन गरी सम्बन्धित कार्यालयमा भए सो को आधारमा तिर्नुं वुझाउनु पर्ने रकम यकीन गर्ने ।
२. सम्बन्धित संस्थाको कुनै अभिलेख केही कतैबाट फेला पार्न नसकिएमा वा संस्थाको लेखापरीक्षण प्रतिवेदन वा ऋण प्रदान गर्दा अपनाइएका आधारहरु खुल्ने कागजातहरु व्याज र हर्जाना कायम गर्ने प्रयोजनका लागि समेत उपलव्ध हुन नसकेमा सम्बद्ध पक्षले पेश गरेको प्रमाणलाई नै आधार मानी हिसाव यकीन गर्ने ।



३. हिसाव यकीन गर्ने क्रममा ऋणीले संस्थासंग ऋण लिंदा कुनै निश्चित प्रतिशत व्याज तिर्ने गरी ऋण लिएको कागजात फेला परेमा सो बमोजिम र सो फेला नपरेमा सयकडा बार्षिक १०(दश) प्रतिशतका दरले व्याज निर्धारण गर्ने ।
४. सम्बन्धित ऋणी वा सरोकारवाला अन्य व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋणको सांवा व्याज रकम एकिन भएपछि सम्बन्धित संस्था वा संस्थाका जिम्मेवार पदाधिकारीलाई आफ्नो प्रमाण सहित रकम दावी गर्न आउने भनी रु.१०,००० (दश हजार) सम्मको रकम भए स्थानीय स्तरको र सो भन्दा माथिको रकम भए राष्ट्रिय स्तरको पत्र पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने । यसरी सूचना प्रकाशित गर्दा लाग्ने खर्च सम्बन्धित पक्षबाट असुल उपर गर्ने व्यवस्था मिलाउने ।
५. वुंदा नं.४ बमोजिम सम्बन्धित संस्थाको जिम्मेवार पदाधिकारीले प्रमाण सहित माग दावी गरेमा सो बमोजिम र दावी गर्न नआएमा सो संग सम्बन्धित काम कारवाहीको विवरणको सुरक्षित साथ अभिलेख राख्ने । हिसाव एकीन गर्दा हुन आएको रकम मन्त्रालयबाट स्वीकृत कार्यविधिमा उल्लेखित खातामा जम्मा गर्नुपर्ने ।
६. भविष्यमा कानून बमोजिम कुनै व्यहोराले ऋणी वा सरोकारवाला अन्य तिर्नु वुझाउनु पर्ने देखिन आएमा निजले तिर्ने वुझाउने भनी सम्वद्ध पक्षसंग कवुलियतनामा गर्ने र रोक्का जग्गा फुकुवाको लागि सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गर्ने ।
७. सम्बन्धित संस्थाको नाउंमा रहेको रकम प्रमाण सहित भविष्यमा रकम फिर्ताको लागि माग भई आएमा वा संस्थाको लिक्वीडेशनको काम कारवाही हुंदाको बखत लिक्वीडेटरबाट माग भएको अवस्थामा सम्बन्धित संस्था वा व्यक्तिलाई उक्त खाताबाट रकम फिर्ता दिने र सो को अभिलेख राख्ने ।

श्री कृषि तथा सहकारी मन्त्रालय, स्वीकृत कार्यविधि यसै साथ संलग्न छ ।

---------------------
(मान वहादुर अर्याल)
कानून अधिकृत

# रोक्का जग्गा फुकुवा सम्वन्धी
# निर्देशिका

१. पृष्ठभूमीः-

सहकारी ऐन, २०४८ प्रारम्भ हुनु पूर्व दर्ता भई संचालनमा आएका कृषि वहुमुखी सहकारी संस्थाले अफ्नो सदस्यहरुलाइृ ऋण प्रदान गर्दा सुरक्ष्ँण वापत जग्गा धितो लिने र त्यस्तो धितो जग्गा सम्बन्धीत संस्थाको अनुरोधमा सम्वन्धित सहकारी कार्यालयको सिफारिशमा सम्बन्धित मालपोत कार्यालयहरुबाट रोक्का राख्ने गरिएको पाइन्छ। पुराना सहकारी संस्थाहरु मध्ये कतिपय निष्कृय वा पूर्ण रुपमा बन्द भई त्यसका समितिका पदाधिकारी तथा कर्मचारीहरु को हुन र कहा छन सो समेत एकीन हुन सकेको छैन र तिनका कार्यालयको पनि कतै कुनै चिन्ह देखिदैन। सहकारी ऐन, ०४८ बमोजिम दर्ता भई संचालनमा आएका बचत तथा ऋण सहकारी संस्थाहरुले पनि जग्गा धितो राखी आफ्ना सदस्यहरु तथा सर्वसाधारण समेत लाई ऋण लगानी गरेको देखिन्छ। ऋण लगानी गर्दा संस्था आफै वा डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको आधारमा ऋणीको जग्गा धितोको रुपमा सम्बन्धित मालपोत कार्यालयमा रोक्का राखिएको छ । यस्ता बचत तथा ऋण सहकारी संस्थाहरु मध्ये केही संस्थाका समितिका पदाधिकारीहरु संस्था, सदस्य तथा सर्वसाधारणको बचत निक्ष्ँप लिई/रकम हिनामिना गरी फरार भएकोले संस्था बन्द हुन पुगेका छन् । यी मध्ये कतिपय संस्थाका संचालक समितिका पदाधिकारीहरुको विरुद्ध अदालती कारवाही पनि भई रहेको छ भने कतिपयको हकमा कारवाही अगाडी बढन सकेको छैन ।

सम्बन्धित संसथाका ऋणी सदस्यहरु मध्ये कतिपयले आफूले उक्त संस्थाको ऋण पूर्ण रुपमा चुक्ता गरी सकेको तर रोक्का फुकुवा सम्वन्धी लेखापढी गर्न मात्र बांकी रहेको, कतिपयले आंशिक रुपमा ऋण र सो मा लागेको व्याज भुक्तानी गरि सकेको र बांकी रकम भुक्तानी गर्न चाहेकोले उक्त रकम ऋण र सोमा लागेको व्याज भुक्तानी गरि सकेको र बाँकी रकम भुक्तानी गर्न चाहेकोले उक्त रकम भुक्तानी गरी धितोवापत रोक्का रहेका जग्गा फुकुवाको शिफारिस गरी दिनका लागि विभिन्न जिल्लाका डिभिजन सहकारी कार्यालयहरूमा निवेदन पर्न आएका छन् ।

२. संस्थाहरूको रेकर्डको अवस्थ/स्थितिः

सहकारी ऐन, ०४८ प्रारम्भ हुनु पुर्व र प्रारम्भ प्रश्चात संचालनमा आएका संस्थाहरूको रेकर्डको स्थिति देहाय बमोजिम रहेको पाइन्छः

(क) सहकारी ऐन ०४८ पुर्व दर्ता भई संचालनमा आएका संस्थाहरूको

१. निष्कृय वा बन्द भएका कतिपय संस्थाका केही कागजातहरू सम्बन्धित डिभिजन सहकारी कार्यालय वा सम्बन्धित संस्थाको अध्यक्ष्ँ वा व्यवस्थापक वा सम्बन्धित



गाउँ विकास समितिमा रहेको ।

२. कतिपय संस्थाको कुनै पनि अस्तित्व नरहेको र कागजातहरूको पनि कुनै रेकर्ड नरहेको ।

(ख) सहकारी ऐन, ०४८ बमोजिम दर्ता भई संचालनमा आएका संस्थाको

१. संस्थाको कुनै पदाधिकारी अध्यक्ष वा सचिव वा व्यवस्थापकसंग केही रेकर्ड रहेको ।

२. सम्बन्धित संस्था वहालमा बसेको रहेछ भने सो घरधनीकोमा केही रेकर्ड रहेको ।

३. कतिपय संस्थाका कतिपय कागजातहरू कारवाहीको क्रममा प्रशासनिक निकाय तथा अदालतमा रहेको,

४. कतिपय संस्थाको कागजातहरू कसको जिम्मामा कहा छन् सो समेत एकीन गर्न नसकिने अवस्थामा रहेका ।

३. रोक्का जग्गा फुकुवा सम्बन्धी कार्यविधि

संस्था वा संस्थाका पदाधिकारी तथा व्यवस्थापक कर्मचारी फेला नपरेको वा निजहरूको लापर्वाही वा वदनियतका कारणबाट ऋणीले हैरानी व्यहोर्नु परेको छ। आफुले लिएको ऋण भुक्तान गरि दायित्वबाट छुटकारा लिन्छु भन्दा पनि सम्बन्धित व्यक्तिले छुटकारा नपाउनु र नदिनु अनुचित हुन जान्छ। साथै वार्षिक व्याजको बोझ पनि थपिई सम्बन्धित व्यक्तिलाई मर्का पर्न गई रहेको छ ।

संस्था वा त्यसका संचालकहरूको गल्तीको सजाय ऋणी सदस्यले पाउनु क्रिमार्थ न्याय संगत होइन । अतः विभिन्न कारणले बन्द वा निष्कृय भई संस्थाको कारोवार संचालनमा नआएको वा सम्बन्धित संस्थाका जिम्मेवार पदाधिकारी फरार रहेका वा सम्पर्कमा नभएका संस्थाका ऋणीहरूको सम्बन्धमा देहायको कार्यविधि अपनाई ऋण असूली र धितो वापत रोक्का रहेका फुकुवा सम्बन्धी कारवाही अघि बढाउनु पर्छ

१. ऋणी सदस्यले आफुले ऋण लिएको संस्था जुन सहकारी कार्यालयको प्रादेशिक अधिकार क्षेत्र भित्र रहेको छ सोही डिभिजन सहकारी कार्यालयमा आफुले संग भएका सम्पुर्ण प्रमाण कागजात सहित निवेदन दिने ।

२. खण्ड (१) बमोजिम डिभिजन सहकारी कार्यालय समक्ष आएको निवेदन उपर कारवाही गर्दा सम्बन्धित ऋणी सदस्यले पेश गरेको प्रमाण कागजातहरूको अध्ययन गरी सम्बन्धित ऋणीसंग सम्बन्धित रेकर्ड कार्यालयमा भए सो को आधारमा र नभए सम्बन्धित संस्थाको कागजात कहा को संग छ सो पत्ता लगाउने र सो को आधारमा ऋणीले लिएको ऋण रकम र सोमा लाग्ने व्याज साथै ऋणीले समय समयमा कुनै रकम बुझाएको छ छैन बुझाएको भए सो समेत एकीन गर्ने ।

३. सम्बन्धित संस्थाको कुनै रेकर्ड कहि कतैबाट फेला पार्न नसकिएमा ऋणीले पेश गरेको प्रमाणलाई नै आधार मानी हिसाब एकीन गर्ने ।

४. हिसाब एकीन गर्दा ऋणीले संस्थासंग ऋण लिदा कुनै निश्चित प्रतिशत व्याज तिर्ने गरी ऋण लिएको कागजात फेला परेमा सो बमोजिम र सो फेला नपरेमा सयकडा १० प्रतिशतको व्याज दर निर्धारण गर्ने ।

५. सम्बन्धित ऋणीले संस्थालाई तिर्नुपर्ने ऋणकौ साँवा र व्याज रकम एकीन भए

पछि सम्बन्धित ऋणीको निवेदनमा उल्लेखित व्यहोरालाई संक्षेपमा उल्लेख गरी सम्बन्धित संस्था वा संस्थाका जिम्मेवार पदाधिकारीलाई आफ्नो प्रमाण सहित रकम दावी गर्न आउने गरी रू. १०,०००/- (दशहजार) सम्मको रकम भए स्थानीय स्तरको र सो भन्दा माथीको रकम भए राष्ट्रिय स्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्ने ।

६. खण्ड (५) बमोजिम सम्बन्धित संस्थाको जिम्मेवार पदाधिकारीले प्रमाण सहित माग दावी गरेमा सो बमोजिम र दावी गर्न नआएमा कार्यालय वा अन्य निकायमा रेकर्ड भए सो रेकर्ड बमोजिम र रेकर्ड नभएमा निवेदकसंग रहेका प्रमाणका आधारमा हिसाव एकीन गर्ने र सोसंग सम्बन्धित कामकारवाहीको विवरणको सुरक्षित साथ रेकर्ड राख्ने । यसरी हिसाब एकीन गर्दा पुराना सहकारी संस्थाको हकमा २०४८ सम्मको आ.ब. को अडिटको आधारमा र अन्यको हकमा उपलब्ध भए सम्मको अन्तिम लेखापरिक्षण समेतलाई आधार मान्नु पर्ने ।

७. खण्ड (६) बमोजिम हिसाब एकीन गरी ऋणीले तिर्नुपर्ने ऋणको सावा व्याज रकम धरौटी खातामा (Non-operating Account) व्यहोरा खुलाई जम्मा गरि दिने ।

८. भविष्यमा कानून बमोजिम कुनै व्यहोराले ऋणीले जम्मा गरेको धरौटी रकम भन्दा बढी रकम सम्बन्धित संस्थालाई तिर्नु बुझाउनु पर्ने देखिन आएमा निजले तिर्ने बुझाउने गरी ऋणीसंग कवुलियतनामा गराउने र रोक्का जग्गा फुकुवाको लागि सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गरिदिने ।

९. भविष्यमा संस्थाबाट प्रमाण सहित रकम फिर्ताका लागि माग भई आएमा वा संस्थाको लिक्वीडेशनको रकम कारवाही हुदाको बखत लिक्वीडेटरबाट माग भएको अवस्थामा सम्बन्धित संस्था वा व्यक्तिलाई उक्त धरौटी खाताबाट उक्त रकम फिर्ता दिने र सो को रेकर्ड राख्ने ।

४. निवेदकले रोक्का फुकुवाका लागि पेश गर्नुपर्ने कागजात :

निवेदकले आफ्नो नाममा रहेको जग्गा फुकुवा गर्न निम्न मध्ये सबै वा जुन जुन छन् कागजात निवेदन साथ पेश गर्नुपर्ने छः

१. ऋणी सदस्यले सम्बन्धित संस्थालाई समय समय भुक्तानी गरेको रकम सम्बन्धी कागजात जस्तैः रसीद, भर्पाइ आदि,

२. ऋणको कूल रकम खुल्ने कागजात र व्याज दर उल्लेख भएको लिखत भए सो लिखत

३. हर्जाना वा विलम्ब शुल्क दरको लिखत,

४. कुनै निकायको शिफारिशमा उक्त धितो जग्गा मालपोतमा रोक्का राखिएको भए सो निकायको रोक्काको लागि लेखिएको पत्रको प्रतिलिपी,

५. कृषि विकास बैंकमा धितो राखेको भए सो को प्रमाण,

६. संस्थाका कागजात गाउँ विकास समिति वा अन्य कुनै निकाय वा जिल्ला सहकारी संघमा भए तत् तत् निकायको रेकर्डबाट देखिए बमोजिम तत् तत् निकायको शिफारिस पत्र ।

**नेपाल सरकार**

फोन नं. ४४६५३६२

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**(संस्था संगठन शाखा)**

पत्र संख्या :- ०६३।६४ नयांबानेश्वर, काठमाडौं,
चलानी नं. :- ५११ नेपाल।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६३।७।२२

विषयः- **परिपत्र।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
सुनसरी/चितवन/कास्की/बांके/कैलाली।
श्री डिभिजन सहकारी कायालय,
. . . . . सबै।

श्री बाह्रविसे मिलन कृषि सहकारी संस्था लि. वुङकोट- १ वाह्रविसे, गोर्खा समेतले संस्था दर्ताको प्रमाण-पत्रको द्रष्टव्यमा उल्लेखित व्यहोराले कार्य गर्न वाधा परेको भनी यस विभागमा दिनु भएको निवेदन उपर कारवाही हुंदा यस विभागको मिति २०६१।१।११ च.नं.१५१२ को पत्रमा उल्लेखित द्रष्टव्यमा परिमार्जन गर्दा दर्ता भइ सकेको संस्थाको हकमा सच्चाउनु पर्ने भएमा द्रष्टव्यको वाक्य "यो प्रमाण-पत्र कारोवार गर्ने इजाजत पत्र होइन"। भन्ने बाक्यलाई काटेर सच्याइ दिने र यसपछि संस्था दर्ता गरी प्रमाण-पत्र दिंदा द्रष्टव्यमा निम्न व्यहोरा उल्लेख गरी परिमार्जन गर्ने गरी मिति ०६३।७।२२ मा निर्णय भएकोले निर्णयानुसार गर्न हुन अनुरोध गरिन्छ।

परिमार्जित द्रष्टव्य

"संस्थाको विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानून बमोजिम इजाजत लिनु पर्ने वा सम्झौता गर्नु पर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिइ वा सम्झौता गरी सो को जानकारी सम्बन्धित सहकारी कार्यालयलाई गराए पछि मात्र उक्त इजाजत वा सम्झौता अनुरुप कार्य गर्न सकिनेछ।"

. . . . .. . . .
शाखा अधिकृत



**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**(कानून)**

पत्र संख्या :-(      ) ०६२।६३ नयांबानेश्वर, काठमाडौं
च.नं. :- १४३५ नेपाल।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६३।२।८

विषय :- **परिपत्र।**

श्री डिभिजन सहकारी कार्यालय,
सवै. . . . . . .।

विभिन्न डिभिजन सहकारी कार्यालयका प्रादेशिक क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुका संचालक समितिका पदाधिकारीहरु एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाहरुमा संचालक हुन पाउने नपाउने विषयमा अस्पष्टता देखिएकोले सो सम्बन्धमा सम्बन्धित सहकारी संस्थाहरुको विनियममा (संचालकको योग्यता अन्तर्गत) नै "एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाहरुमा एउटै व्यक्ति एकै अवधिमा संचालक/पदाधिकारीको रुपमा रही कार्य गर्न नपाउने व्यवस्था गर्न लगाउने" भन्ने मिति ०६३।२।१ को निर्णयानुसार जानकारी गराइएको व्यहोरा अनुरोध छ।

-----------------
(मान वहादुर अर्याल)
कानून अधिकृत

## श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
## (संस्था संगठन तथा कानुन शाखा)

पत्र संख्या :- (०६२/६३) जावलाखेल, ललितपुर
च.नं. :- ४६२ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६२।७।२

विषय :- परिपत्र ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
. . . . . . . . . . . . . . . . . . . . . . . . . ।
श्री जिल्ला सहकारी कार्यालयहरु,
. . . . . . . . . . . . . . . . . . ।

विगत केहि समय अगाडी देखि वचत तथा ऋण कारोवार गर्ने एकल उद्देश्यका वा अन्य कार्य संगै वचत तथा ऋणको कारोवार गर्ने वहुउद्देश्यीय सहकारी संस्था दर्ता वा विनियम संशोधन गर्ने कार्य रोक्का राखिएको व्यहोरा अवगत नै छ ।

हालका दिनमा ग्रामिण क्षेत्रमा वित्तिय सेवा प्रदान गर्ने सेवा प्रदायक संस्थाहरुको उपस्थिति न्यून वन्दै गएको र श्री ५ को सरकारले गरेको प्रतिवद्धता अनुसार संचालनमा रहेका विभिन्न आयोजना तथा कार्यक्रमको सफलताका लागि आयोजनाले गठन गरेका समूहहरुलाई सहकारीकरणका लागि माग समेत बढ्दै गएकोले नेपाल अधिराज्यका गाउं विकास समितिको क्षेत्रमा मात्र कार्यक्षेत्र सिमित रहने गरि सहकारी संस्था गठन गर्न चाहने सर्वसाधारण वा आफ्नै प्रयास वा विभिन्न परियोजना वा गै.स.स. को कार्यक्रम अनुसार प्रवर्द्धित समूहहरुलाई सहकारी सिद्धान्त, वचत तथा ऋण सम्बन्धी अन्तरराष्ट्रिय सिद्धान्त, सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ का अतिरिक्त निम्न शर्तहरु पालना गर्ने गरि दर्ता सम्बन्धी काम कारवाही पूर्ववत संचालन गर्नु हुन निर्णयानुसार जानकारी गराएको छु ।



**दर्ताका निमित्त पालना हुनुपर्ने शर्तहरु :**

१. प्रस्तावित संस्थाको कार्य क्षेत्र सामान्यतया एक गा.वि.स.र बढीमा पांच गा.वि.स.रहने गरि दर्ता गर्ने । यसरी गा.वि.स.कायम गर्दा भौगोलिक रुपमा सिमा जोडिएका गा.वि.स.हरुलाई मात्र प्रस्तावित सहकारी संस्थाको कार्यक्षेत्र भित्र कायम गर्ने ।
२. एउटै कार्यक्षेत्र भित्र अलग अलग संस्थाहरुले प्रवर्द्धन गरेका समुहहरुलाई सहकारीकरण गर्दा दाहोरोपना नहुने गरि समन्वय गर्ने । यस सम्बन्धमा जिल्लाका स्थानिय विकास अधिकारीको सहयोग लिने र "एक गाउं एक सहकारी" को अवधारणालाई सकेसम्म व्यवहारिक रुप दिने प्रयास गर्ने ।
३. विभिन्न निकायहरुले प्रवर्द्धन गरेका समूहहरुलाई सहकारीकरण गर्दा संस्था दर्ता पूर्व सदस्यहरुलाई सहकारी सम्बन्धी आधारभूत ज्ञान दिने प्रकृतिको तालिमको व्यवस्था भएपछि मात्र दर्ता गर्ने ।
४. प्रारम्भिक सहकारी संस्थामा प्राकृतिक व्यक्तिमात्र सदस्य हुन सक्ने भएकोले संस्था दर्ता गर्दा निवेदन दिने व्यक्तिहरु अलग अलग परिवारका न्यूनतम २५ जना हुनुपर्ने ।
५. संस्थाको नियमित वचत कर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य बनाउन नपाइने व्यवस्था विनियममा समावेश गर्न लगाउने ।
६. दर्ताका निमित्त प्रस्तावित सहकारी संस्थामा लेखा समितिको अनिवार्य व्यवस्था गर्ने ।

-------------------------
मार्कण्डेय प्रसाद उपाध्याय)
रजिष्ट्रार

**श्री ५ को सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

( )

पत्र संख्या :-( )०६१।६२ जावलाखेल, ललितपुर

च.नं. :- २४३१ नेपाल ।

प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६२।३।२०

विषय :- कागजात सुरक्षित राख्ने सम्बन्धमा ।

श्री डिभिजन सहकारी कार्यालय,

. . . . . . . . . . . . . . . . .।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,

सम्पूर्ण ।

डिभिजन सहकारी कार्यालय मोरङ्गको मिति २०६२।१।२६ च.नं.७८६ को पत्रबाट सहकारी ऐन,२०४८ बमोजिम दर्ता भएका तर हाल वन्द अवस्थामा रहेका तथा आफ्नो भवन/कार्यालय नभएका संस्थाको कागजात/सम्पत्ति सुरक्षा गर्ने सन्दर्भमा आवश्यक निर्देशनका लागि लेखि आएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

१. डिभिजन सहकारी कार्यालयको क्षमताले भ्याए सम्म सम्बन्धित सहकारी संघ र सार्वजनिक निकायको रोहवरमा फायल पंजिका खडा गरी कार्यालयमा राख्ने ।

२. डि.स.का.को क्षमताले नभ्याएमा सम्बन्धित सहकारी संघमा पनि उपरोक्त बमोजिमको अभिलेख वरवुझारथ गरी राख्न सकिने ।

-----------------------

( )

उप-रजिष्ट्रार



**श्री ५ को सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**( सं.सं तथा शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

प.सं. :- १/९ /०६०।६१ जावलाखेल, ललितपुर

च.नं. :- ८५३ नेपाल ।

प्राप्त पत्र संख्या र मिति :

मिति :- २०६१।५।११

विषय :- **संस्था दर्ता गर्ने प्रक्रिया सम्बन्धमा ।**

श्री डिभिजन सहकारी कार्यालय,

(सबै) ।

कार्यालयहरुबाट सहकारी संस्था दर्ता गर्दा वा दर्ताका लागि फायल पठाउंदा पुरा गर्नु पर्ने विषयहरु प्रति ध्यान दिएको नदेखिएकोले काम कारवाहीमा एकरुपता तथा सरलता ल्याउन सहकारी ऐन, नियमावली, परिपत्रका साथै तपसिलका प्रक्रियाहरुलाई समेत अनिवार्य रुपमा अवलम्वन गरी उक्त संस्था दर्ता गर्न प्रक्रिया पुगेको तथा दर्ता हुन मनासिव देखि पेश गरेको छु भनी टिप्पणी सहित अधिकार प्राप्त अधिकारी समक्ष फायल पेश गर्ने गरी संस्था दर्ता सम्बन्धी कारवाही अगाडी बढाउन हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

**तपसिल**

१. संस्था दर्ता गर्दा संस्थाको नाम संस्थाले गर्ने कामको प्रकृति अनॅुरुप स्पष्ट गर्न लगाउने । उदाहरणको लागि संस्थाको मुल नाम नराखी वहुउद्देश्यीय सहकारी संस्था लि., बचत तथा ऋण सहकारी संस्था वा पुराना संस्थाको नाम नक्कल गरी सहकारी संस्था लि. महिला सहकारी आदि मात्र भनी नाम राखेर संस्था दर्ता नगर्ने,

२. विनियममा उद्देश्यहरु वुंदागत रुपमा स्पष्ट र उद्देश्य अनुरुपका संस्थाले गर्ने कार्य प्रकृति भित्र रहि गर्नु पर्ने कार्यहरु मात्र वुंदागत रुपमा स्पष्ट संग उल्लेख गरेको हुनुपर्छ। अन्य कार्य वा विविध कार्य गर्ने भनी अस्पष्ट र हचुवा प्रकृतिका कार्यहरु र उद्देश्यहरु राख्न नदिने, राखेको जती काटेर मात्र विनियम स्वीकृत गर्ने,

३. सहकारी संस्था दर्ताको लागि सहकारी नियमावली, २०४९ को अनुसूची - ३ बमोजिमको ढांचा अनिवार्य रुपमा पालना गर्नुपर्ने ।
४. संस्थाको सदस्यमा आवेदन गर्ने व्यक्तिको विवरण दस्तखत निर्धारित ढांचामा हुनुपर्ने,
५. प्रारम्भिक भेलाले गरेको निर्णयहरुको प्रतिलिपिमा उपस्थित सदस्यहरुको दस्तखत स्पष्ट हुनु पर्ने,
६. संस्था दर्ता गराउने अधिकार प्राप्त व्यक्तिको दस्तखत नमुना सहितको सक्कल पत्रमा तदर्थ समितिको अध्यक्षको हस्ताक्षर हुनुपर्ने,
७. शेयर रकम र प्रवेश र प्रवेश शुल्क वापत उठेको रकमको भर्पाई दर्ता सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिम रीत पुगेको हुनुपर्ने,
८. प्रत्येक आवेदक/शेयर सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि प्रमाणित हुनुपर्ने र सम्बन्धीत व्यक्ति/सदस्यले संस्थाको सदस्यता लिनको लागि पेश गरेको हो। "व्यहोरा ठीक छ भुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला" भनी अनिवार्य रुपमा सनाखत गरेको हुनुपर्ने,
९. तदर्थ समितिका पदाधिकारीहरुको फोटो सहितको व्यक्तिगत विवरण (नाम, पेशा, शैक्षिक योग्यता, तीनपुस्ते विवरण आदि) पेश गर्नुपर्ने र सम्बन्धित व्यक्तिले फोटोमा पर्ने गरि दस्तखत गरेको हुनुपर्ने ।
१०. संस्थाको प्रस्तावित विनियम अनिवार्य रुपमा प्रारम्भिक भेलाबाट पारित हुनुपर्ने र तदर्थ समितिका सम्पूर्ण सदस्यहरुले विनियममा हस्ताक्षर गर्नुपर्ने साथै प्रारम्भिक भेलाले तदर्थ समितिलाई दस्तखत गर्ने अधिकार प्रत्यायोजित गरेको हुनुपर्ने,
११. संस्थाको भाविकार्ययोजना निर्धारीत ढांचामा तयार गरी प्रारम्भिक भेलाबाट पारित हुनुपर्ने, जसको सक्कल प्रतिमा अधिकार वाला व्यक्ति (अध्यक्ष, सदस्यहरु) ले दस्तखत गरेको हुनुपर्ने,
१२. सदस्य कार्यक्षेत्र भित्र वसेको स्पष्ट प्रमाण पेश गर्नुपर्ने। वाहिरी जिल्लाको नागरिकता भई प्रस्तावित संस्थाका कार्यक्षेत्र भित्र वसेको अन्य प्रमाण पेश गरेको भए सो प्रमाण पत्रमा "निजलाई राम्रो संग चिन्दछु" भनी स्थानीय व्यक्तिले सनाखत गरेको हुनुपर्ने ।
१३. प्रचलित कानून, सिद्धान्त र विभागीय परिपत्र प्रतिकुल हुने वुंदाहरु (विनियममा समाबेश भएको) कार्यालयले अधिकार प्राप्त व्यक्तिवाट हटाउन लगाई प्रमाणित गराउनु पर्ने,
१४. यो व्यवस्था लागु भएपछि कार्यालयले प्रत्येक महिनाको संस्था दर्ता सम्बन्धी प्रतिवेदन विभागको योजना शाखामा अनिवार्य रुपमा पठाउनु पर्ने ।

द. .. . . . . . . . .
उप-रजिष्ट्रार



**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**( सं.सं शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

पत्र संख्या :-
च.नं. :- १५८०

जावलाखेल, ललितपुर
नेपाल ।

२०६१।१।३१

**निर्देशन ।**

श्री डिभिजन सहकारी कार्यालय,
३८ जिल्ला सबै ।

जिल्ला सहकारी कार्यालय दाङले मिति २०६०।१२।६ को पत्रबाट माग गरेको निर्देशनका विषय समेतमा यस विभागबाट मिति २०६१।१।२४ मा निम्न बमोजिम निर्णय भएकोले कार्यान्वियनका लागि पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

***निर्णय नं. १***

सहकारी संस्थाका संचालक समिति, लेखासमिति एवं अन्य उप–समितिको पदाधिकारीको हैसियतले नीती निर्माण गर्ने कार्यमा संलग्न पदाधिकारीलाई सोही संस्थाको कर्मचारी पदमा नियुक्त गरी वा कार्य गर्न तोकी कर्मचारी सरह पारिश्रमिक दिने व्यवस्थाले संस्थाको व्यवस्थापनमा आन्तरिक नियन्त्रण र सन्तुलनको अवस्था फितलो हुन गई संस्थामा दीर्घकालिन रूपमा प्रतिकुल प्रभाव पर्नुको साथै संस्था डुब्न सक्ने सम्भावना समेत हुन्छ । अत: संस्थाको आम्दानी खर्चको अवस्थालाई विश्लेषण गरी संस्थाले आर्जन गरेको आम्दानीका आधारमा साधारण सभाले संस्थाको दिर्घकालीन हितलाई समेत ध्यानमा राखी किटानीका साथ निर्णय गरेको आधारमा बैठक भत्ता लिन खान उपयुक्त हुने सुझाव सबै संस्थामा दिने र सो अनुरूपको व्यवस्था गर्न लगाउन संस्थाहरूमा परिपत्र र जानकारी मूलक कार्यक्रम संचालन गर्नु हुन ।

***निर्णय नं. २***

केही समय देखि बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूले सर्व–साधारणमा अनावश्यक लोभ, अनुचित प्रभाव पर्ने गरी प्रचिलित बैंकको

व्याज दर भन्दा धेरै बढी र आकर्षक व्याज प्रदान गर्ने भनी राष्ट्रिय स्तरको पत्र–पत्रीकामा निरन्तर विज्ञापन गरिरहेको पाईएको छ । संस्थाले प्रदान गर्ने भनिएको व्याजदर भन्दा लिनु पर्ने व्याजदर अझ बढी राखी कारोवार नगरेमा संस्थाको आम्दानी ऋृणात्मक हुन गै संस्थानै डुव्ने र प्रचिलित बजार दर रेटमा सहकारी संस्था भन्दा निकै कम व्याजदरमा अन्य बैंक तथा वित्तिय संस्थाले ऋृण प्रवाह गरिरहेको अवस्थामा सरल ढंगले वित्तिय परिचालन गर्न नसक्ने गरी व्याज दर प्रदान गर्ने मानी निर्धारण गर्नाले ऋृण लगानी र असुलीमा समेत प्रत्यक्ष असर परी संस्था धरासाही भै सर्व–साधारणको बचत रकम डुव्न सक्ने देखिएकोले त्यस्ता संस्थाहरूलाई निर्धारित व्याजदरमा तुरून्त पुनरावलोकन गर्न सुझाव दिने साथै त्यस्ता अनावश्यक लोभ/प्रभाव/आकर्षण गर्ने गरी व्याज र अन्य उपहार दिने प्रकृतीका विज्ञापन/सूचना प्रकाशित गर्न रोक लगाउने ।

***निर्णय नं. ३***

सर्व–साधारणको बचत रकम लिई फरार हुने सहकारी संस्था उपरको गुनासो गर्न आएका बचतकर्ताहरूले संस्थाको संरक्षक एवं सल्लाहकारको रूपमा रहेका पदाधिकारीहरूले आफूलाई संरक्षकमा राखिएको थाहै नभएको भनि पन्छिने गरेको भन्ने समेत गुनासो गर्ने गरेको र त्यसका संरक्षक/सल्लाहकारले पनि आफूले संरक्षकमा बस्न मन्जुर नदिएको बताउने गरेको पाईएकोले अब दर्ता हुन आउने सहकारी संस्था/संघहरूले संरक्षक/सल्लाहाकारमा नियुक्त गर्नु पूर्व अनिवार्य रूपमा त्यस्ता व्यक्तिको लिखित स्वीकृती लिने भन्ने प्रावधान विनियममै राख्ने साथै यस अघि नियुक्त गरि सकेका संघ संस्थाहरूले त्यस्तो लिखित स्विकृती अविलम्ब लिई सम्बन्धीत सहकारी कार्यालयलाई समेत लिखित प्रमाणित छायांप्रति (फोटोकपी) पेश गर्न लगाउने, यसरी कार्यालयमा लिखित स्वीकृती पेश नगरी संरक्षक/सल्लाहकार सम्बन्धी व्यवस्थाको प्राचार प्रसार वा प्याडमा नामको उपयोग गर्न नपाउने व्यवस्थाको जानकारी सम्बन्धीत सबै संघ/संस्थाहरूलाई गराउने, र विनियममा पनि तत्सम्बन्धी संशोधन गरि राख्न लगाउने ।

द. . . . . . . .
शाखा अधिकृत



**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**

( )

पत्र संख्या :- (१२२) ०६०।६१ जावलाखेल, ललितपुर
च.नं. :- ४६२ नेपाल ।

प्राप्त पत्र संख्या र मिति :- मिति :- २०६१।१।११

विषय :- **प्रमाण-पत्रमा द्रष्टव्य थप गर्ने सम्बन्धमा ।**

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय/डिभिजन सहकारी कार्यालय ३८ जिल्ला ।

त्यस कार्यालयबाट संस्था दर्ता गरी प्रदान गरिने सहकारी संघ/संस्था दर्ताको प्रमाण-पत्रको पुछारमा र आवरण पत्रमा निम्न व्यहोरा थप गरेर मात्र प्रमाण-पत्र प्रदान गर्ने । यस अघि दर्ता भएका संघ/संस्थाहरुलाई समेत यही व्यहोरा उल्लेख गरी पत्र पठाउनु हुन समेत आदेशानुसार गर्नु हुन अनुरोध गरिन्छ ।

थप गर्नुपर्ने विषय :

“द्रष्टव्य :- यो प्रमाण-पत्र कारोवार गर्ने ईजाजत पत्र होईन । अन्य प्रचलित कानून बमोजिम कारोवार गर्न ईजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायबाट ईजाजत लिई एवम् सम्झौता गर्नु पर्ने भएमा सम्झौता समेत गरी सो को जानकारी यस कार्यालयलाई गराएपछि मात्र उक्त इजाजत वा सम्झौता अनुरुप कारोवार गर्न सकिने छ । ”

---------------------------
मार्कण्डेय प्रसाद उपाध्याय)
रजिष्ट्रार

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**( कानून शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

पत्र संख्या :-
च.नं. :- १२३२

जावलाखेल, ललितपुर
नेपाल ।
२०६०/११/१

**निर्देशन सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
. . . . . . . . . . . .।

मिति २०६०/१०/ मा विभागका का.मु. रजिष्ट्रार श्री ध्रुवराज न्यौपानेको संयोजकत्वमा अधिकृत स्तरका कर्मचारीहरुको उपस्थितिमा बसेको वैठकमा भएको देहाय बमोजिमको निर्णयको जानकारी तथा कार्यान्वयन र पालनाका लागि त्यस कार्यालयमा पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१. विद्युत सहकारी संस्था दर्ता र विनियम सम्बन्धमा :
आ.ब. ०६०/०६१ को आय व्ययको सार्वजनिक वक्तव्यमा उल्लेखित वुंदा नं. १० लाई कार्यान्वयन गर्ने सिलसिलामा विद्युत सहकारी संस्थाको दर्ता नयां प्रकृतिको भएको र संस्थाको दर्ताको लागि चाहिने विनियममा कुन कुन कुराहरु समावेश हुने भन्ने कुरामा दर्ता गर्ने अधिकारी र सर्वसाधारणमा अन्यौल भएकोले सो कुरालाई ध्यानमा राखी विभागले एकल उद्देश्यीय विद्युत सहकारी संस्थाको नमूना विनियम ७ दिन भित्र तयार गरी नमूना विनियम सम्बन्धित जिल्ला सहकारी कार्यालयमा पठाई दिने । सो नमूना विनियम तयार नहुन्जेल सम्म विद्युत सहकारीको काम गर्ने गरी बहुउद्देश्यीय संस्थाको रुपमा दर्ता नगर्ने, साथै विनियममा संशोधन गरी सो कार्य गर्न दिने कार्य समेत बन्द गर्ने ।

२. विषयगत संघको दर्ता सम्बन्धमा :
विषयगत संघहरूको नाममा विभिन्न किसिमका संघहरू दर्ता भई त्यसमा विविधता आएकोले एकरूपता कायम गर्नका लागि कुनै किसिमका जिल्ला स्तरका संघहरू दर्ता गर्नु पूर्व विभागमा सम्बन्धित कागजातहरू पठाउने र



विभागबाट स्वीकृति भएपछि मात्र दर्ता सम्बन्धी कारवाही अघि बढाउन जि.स.का. हरूलाई निर्देशन दिने ।

३. समुदायमा आधारित सहकारी संस्थाको गठनमा जोड दिनको लागि विभागबाट यस अघि निर्धारण गरिएको संस्थाको कार्यक्षेत्र भन्दा बढी हुने गरी संस्थाको कार्यक्षेत्र कुनैपनि हालतमा विस्तार नगर्न जि.स.का. हरूलाई निर्देशन दिने ।

४. विभागबाट यस अघि गरिएका परिपत्रहरूको परिपालना यदाकदा भएको नदेखिएकोले विभागबाट गरिएको परिपत्रहरूको कडाईका साथ पालना गर्नुपर्ने र पालना नभएको पाइएमा नि.से.ऐन, २०४९ र नि.से.नि. २०५० बमोजिम विभागीय कारवाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउने ।

५. हाल प्रचलनमा रही दर्ता भै रहेका बाहेक नयां कार्य प्रकृतिका सहकारी संस्थाहरूको दर्ताका लागि प्राप्त हुन आएका निवेदन एवम् फाइलहरू उपर विभागको निर्देशन लिखित एवम् पूर्व स्वीकृति लिई मात्र दर्ता सम्बन्धि कारवाही अघि बढाउने । साथै प्रस्तावित संस्थाले गर्ने कार्यहरू अन्य प्रचलित कानून संग सम्बन्धित हुने भएमा सो को लागि आवश्यक प्रावधान एवम् पूर्व स्वीकृति वा सिफारिश लगायत पालना गर्नु पर्ने शर्तहरू निवेदकलाई जानकारी गराउने तथा सो अनुसारका प्रावधानहरू (उदाहरणका लागि कतिपय विषयमा IEE, IEA लगायतका वातावरणीय प्रभाव मूल्यांकन गर्नु अनिवार्य हुन्छ) पूर्ण रूपले पालना भै आएपछि मात्र संस्था दर्ता एवम् विनियम र कार्य योजना स्वीकृति सम्बन्धि कारवाही अघि बढाउने ।

द. . . . . .
शाखा अधिकृत

**श्री ५ को सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**( सं.सं तथा कानून शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

प.सं. :- १६४ /०५९।६०
च.नं. :- १५८०
प्राप्त पत्र संख्या र मिति :-

जावलाखेल, ललितपुर
नेपाल ।

मिति :- २०६०।२।२०

विषय :- **परिपत्र ।**

श्री जिल्ला सहकारी कार्यालय,
. . . . . . . . . . . . . . . . (सबै) ।

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रारम्भ भएपछि बचत तथा ऋण सहकारी संस्थाहरुको दर्ता सम्बन्धी कुरामा द्विविधा उत्पन्न भएकोले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकसंग यस विभागबाट पत्राचार भएकोमा नेपाल राष्ट्र बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा भएको कानूनी प्रावधानको व्याख्याको लागि श्री ५ को सरकार अर्थ मन्त्रालयमा पत्राचार गरेको बोधार्थ यस विभागमा प्राप्त हुन आएको ।

नेपाल राष्ट्र बैंकबाट उक्त सम्बन्धमा स्पष्ट राय प्राप्त नभए सम्म बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको दर्ता रजिष्ट्रारको पूर्व स्वीकृति नलिईकन नगर्नु भनि यस विभागबाट मिति २०५९।१२।२१ मा सबै मातहतका जिल्लाहरुमा परिपत्र गरिएको भए पनि सो परिपत्रको अवज्ञा गरी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुलाई वहुउद्देश्यीय नाम राखी मुख्य रुपमा बचत तथा ऋणको कारोवार गर्ने गरी सहकारी संस्थाहरुको दर्ता कतिपय जिल्ला सहकारी कार्यालयबाट भई रहने सम्भावना समेतलाई विचार गरी यो पत्र लेख्ने काम भएको छ । तसर्थ एकल वा वहुउद्देश्यीय भन्ने विभिन्न नाम राखी विनियमको पेटवोलीमा बचत तथा ऋणको कारोवार गर्ने गरी लेखि दर्ताका लागि माग गर्न आएका जुनसुकै सहकारी संस्थाहरु पनि प्रस्तुत सन्दर्भमा दर्ता गर्नका लागि मिति ०५९।१२।२१ को परिपत्र आकर्षित हुने हुंदा सो तर्फ पनि सम्बन्धित सबैको ध्यानाकर्षित गराई यो परिपत्र गरिएको छ । विभागको पूर्व परिपत्रहरु तथा यो परिपत्र समेतलाई उल्लंघन गरी दर्ता भएमा प्रचलित कानून बमोजिम हुने कारवाही दर्ता गर्ने अधिकारी स्वयम्ले नै भोग्नु पर्ने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

द. . . . . . . . . . .
कानून अधिकृत



**श्री ५ को सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**( सं.सं शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

पत्र संख्या :-
च.नं. :-

जावलाखेल, ललितपुर
नेपाल ।

२०६०।१।३१

**स्पष्ट पारिएको ।**

श्री जिल्ला सहकारी कार्यालय,
. . . . . . . . . . . (सबै) ।

जिल्ला सहकारी कार्यालय डडेल्धुराबाट यस विभागको मिति ०५९।१२।७ को परिपत्रलाई उल्लेख गर्दै प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्रको वारेमा स्पष्ट गरि दिन अनुरोध भै आएकोले उक्त विषयमा निम्न कुराहरु स्पष्ट गरिएको छ ।

सहकारी ऐन, २०४८ मा सहकारी संघ संस्थाहरुको संजाल (Network) बनोस र सहकारी संघ संस्थाहरुको संघीय संरचना (Federated structure) को विकास होओस् भन्ने अवधारणा स्पष्ट देखिन्छ, जस अनुसार प्रारम्भिक सहकारी संस्थाहरु मिली जिल्लामा एक विषयगत (कार्य प्रकृति अनुसारका संस्थाहरु मिली) जिल्ला संघ र सबै प्रकारका संस्थाहरु मिली जिल्ला सहकारी संघ वन्न सक्ने प्रावधान छ । यसै अनुसार पनि एक सहकारी संस्था दुई जिल्लामा स्थापित संघहरुको सदस्य वन्न नमिल्ने तथा एउटा संस्थाको दुई जिल्लामा संघको सदस्यता वा एक भन्दा बढी मताधिकार हुन सक्ने व्यवस्था स्वतः कानून सम्मत नदेखिने पनि स्पष्ट नै भएको सन्दर्भमा विगतमा असीमित कार्यक्षेत्रको स्वीकृति समेत पाउदै आइरहेको अवस्थामा सुधार गरी सहकारी संस्थाहरुलाई एक जिल्ला भन्दा बढीको कार्यक्षेत्र दिन नहुने गरी कृषि तथा सहकारी मन्त्रालयबाट नीतिगत व्यवस्था गरी निर्देशन प्राप्त भए अनुसार प्रारम्भिक सहकारी संस्थाहरुको कार्यक्षेत्र सीमित गर्ने प्रयास स्वरुप यस विभागबाट परिपत्र भएको समेत अवगत नै छ । यसै सिलसिलामा विगतमा सहकारी संस्थाहरु संचालनमा ठूलो कार्यक्षेत्रका कारणले देखा पर्दै आएको विकृतिलाई न्यूनिकरण गर्दै जान यस विभागबाट एक संस्थाको कार्यक्षेत्र ग्रामीण ईलाकामा बढीमा ५ गा.वि.स. र शहरी

ईलाकामा एक नगरपालिका वा उपमहानगरपालिका र महानगरपालिका भएमा बढीमा ५ वडा (सीमाना जोडिने गरी मात्र कार्यक्षेत्र हुनं व्यवस्था गरिएको) सम्म हुन सक्ने गरी मात्र संस्था दर्ता गर्नु पर्ने परिपाटी वसाल्ने गरी जिल्लामा अख्तियारी प्रदान गरिएको थियो जसबाट सहकारी संस्था संचालनमा पारदर्शिता ल्याउन, सदस्यहरुको सहभागिता बढाउन बढी सहायक भएको महशुस गरिएकै छ । साथै विद्यमान परिपाटी र नीतिगत व्यवस्थामा थप स्पष्टता ल्याउन एवं संस्थाको कार्यक्षेत्रमा सीमिततालाई जोड दिन, समुदायमा आधारित रहने गरी स्थानीयकरण (Localization) गर्न प्रयत्न गर्न र सर्वसाधारण बचत कर्ता वा शेयर सदस्यहरुलाई आफ्नो बचत रकमको सुरक्षार्थ आफै नै सचेतना अभिबृद्धि गर्ने गराउने तर्फ अग्रशर गराउन हरेक जिल्लामा सहकारी कार्यालय र सहकारी संग सम्बद्ध जिल्ला स्थित निकायहरु सक्रिय गर्न गराउनका लागि २०५९।१२।७ मा पुनः परिपत्र गरिएको विषय स्पष्ट पारिएको व्यहोरा मिति २०६०।१।३० को निर्णयानुसार जानकारी गराईन्छ ।

द. . . . . . . . . . . . .
शाखा अधिकृत



**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

पत्र संख्या :- जावलाखेल, ललितपुर
च.नं. :- १२९२ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०५९।१२।२१

विषय :- दर्ता बारे ।

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

उपर्युक्त सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भई क्रियाशील रहेको सन्दर्भमा सो ऐनको दफा ७६,९५ र १०९ मा गरिएका प्रावधानले सहकारी संस्थाको दर्तामा द्विविधा उत्पन्न भएकोले स्पष्ट खुलाई पठाउन विभागले मिति २०५९।८।१८ मा नेपाल राष्ट्र बैंकलाई पत्र पठाएकोमा उक्त बैंकले अर्थ मन्त्रालय बागदरवारमा स्पष्ट कानूनी व्यवस्था हुन मिति ०५९।१०।९ मा पत्राचार गरेको बोधार्थ पत्र पेश हुंदा पत्राचारको अन्तिम टुंगो नलागे सम्म रजिष्ट्रारको पूर्व स्विकृती नलिई बचत तथा ऋण सहकारी संस्थाहरु जिल्ला सहकारी कार्यालयहरुबाट दर्ता नगर्नु, नगराउनु भन्ने निर्देशन दिने मिति २०५९।१२।१० को निर्णयानुसार अनुरोध गरिन्छ ।

**बोधार्थ** :-
श्री नेपाल राष्ट्र बैंक

..................
शाखा अधिकृत

श्री ५ को सरकार
कृषि तथा सहकारी मन्त्रालय
सहकारी विभाग
(संस्था संगठन)

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :-   मिति :- २०५९।१२।७
च.नं. :- १२४४
प्राप्त पत्र संख्या र मिति :-

विषय :- परिपत्र ।

श्री जिल्ला सहकारी कार्यालय,
. . . . . . . . . . . . ।

उपर्युक्त विषयमा विभिन्न जिल्लाहरुबाट प्रारम्भिक सहकारी संस्थाको रुपमा दर्ता भै संचालन भै रहेका सहकारी संस्थाहरुको कार्य क्षेत्र विस्तारको लागि यस विभागमा पत्राचार गर्ने गरिएको पाइएको छ । यस परिप्रेक्ष्यमा सहकारी संस्थाको बढी भन्दा बढी कार्यक्षेत्र सिमाना जोडिएका एक जिल्ला भित्रका पांच (५) गा.वि.स.हरु वा एक नगरपालिका वा महानगरपालिका भए बढीमा ५ वटा वडाहरुमा मात्र सीमित राख्नु पर्ने हाल प्रचलनमा रहेको नीतिमा कुनै परिवर्तन नगर्ने, हाल नयां दर्ताको लागि आवेदन गर्दा प्रस्तावित सबै किसिमका सहकारी संस्थाहरुले विनियममा आफ्नो संस्थाको कार्यक्षेत्र उपयुक्त बमोजिम नै किटान गरी उल्लेख गर्ने तर्फ कडाईका साथ पहल गर्नु हुन समेत जानकारी गराइन्छ । कार्य प्रकृतिका आधारमा लेखिए देखि वाहेकको बढी कार्यक्षेत्र आवश्यक पर्ने गरी कुनै प्रस्तावित सहकारी संस्थाले दर्ता माग गरेमा रजिष्ट्रारको पूर्व स्विकृतिका लागि सहकारी अधिकृतले विस्तृत अध्ययन गर्ने । यस्तो अध्ययनमा संस्थाको प्रकृति संस्थाको साधारण सभा (जुन संस्थाको शक्तिशाली अंग हो) मा सदस्यहरुको हुन सक्ने आन्तरिक नियन्त्रणको शसक्त आधार, संस्थाको व्यावसायीकता, संस्थालाई समुदायमा आधारित बनाउन सकिने संभाव्यता, संस्था स्थापनाको आवश्यकता र औचित्यता लगायतका प्रकृतीको विस्तृत अध्ययन भएको हुनु पर्ने गरी अध्ययन गर्ने । यसरी संस्थाले प्रस्तुत गरेको कार्य योजनाको विस्तृत अध्ययन गरी आफ्नो यकीन राय साथ यस्तो संस्थाको दर्ता कारवाहीको लागि फायल विभागमा पठाउने ।



साथै विगतमा जिल्लाभर वा सो भन्दा ठूलो कार्यक्षेत्र ओगटी संचालनमा रहेका सहकारी संस्थाहरुलाई समेत हाल कायम भै रहेको नीति अनुसार नै सीमित भौगोलिक क्षेत्र भित्र स्थानीयकरण (Localization) गर्न त्यस्ता सबै संस्थाहरुको निरीक्षण गरी सुझाव दिने र संस्थाहरुलाई सीमित कार्यक्षेत्र भित्र संचालन गर्दा सदस्यहरुको सहभागिता बढ्ने, अनावश्यक खर्चमा कटौती हुने, संस्थाको कार्यमा पारदर्शीता आउने, संस्थाको रकम हिनामिना हुन नपाई सहकारी संस्थाको दीगो विकास हुने र सहकारीको सिद्धान्तको परिपालना गर्न गराउन समेत संघाउ पुग्न जाने वस्तुस्थिति तर्फ समेत त्यस्ता संस्थाका स्थानीय शेयर धनी सदस्यहरुलाई सुसूचित गर्ने गराउने अभियान चाल्नु हुन र सहकारी संस्थाको आवश्यकता महशुस आफै मिली सहकारी संस्था दर्ता गरी सन्चालन गर्न उपयुक्त हुने व्यहोराको जानकारी सम्बन्धित सबै स्थानीय शेयर धनीहरुलाई अवगत गराउने प्रवन्ध मिलाउनु हुन समेत जानकारी गराइएको छ ।

यसका साथै केही सहकारी संस्थाहरुले सर्वसाधारण जनताहरुलाई झुक्याई वा बढी व्याजदरको भ्रममा वा लोभमा पारी वा स्थानीय एजेण्ट वा दलालहरु मार्फत बचत संकलन गर्ने गराउने कार्य हुँदै आईरहेको भन्ने समेत गुनासोहरु आइरहेकोले यस्तो कार्य हुन, गर्न नदिनका लागि सर्वसाधारण जनताहरुलाई कुनै पनि संस्थाको शेयर खरिद गरी शेयर धनी प्रमाण पत्र प्राप्त गरेर मात्र संस्थाको कारोवारमा सरीक हुने र संस्थाका संचालकहरु स्थानीय रुपमा वसोवास गरेका तथा आफ्नो बचत रकम हिनामिना भएमा निजहरुबाट असूल उपर गर्न सकिने अवस्थाको एकीन गरेर मात्र बचत रकम हिनामिना भएमा निजहरुबाट असूल उपर गर्न सकिने अवस्थाको एकीन गरेर मात्र शेयर सदस्य भै संस्थाको कारोवारमा सरीक हुने, अन्यथा कारोवार नगर्ने विषयमा व्यापक प्रचार प्रसार, स्थानीय निकायहरुको सहयोग र सर्व साधारणहरुमा सचेतना सम्वन्धी कार्यक्रम वा कारवाहीहरु अभियानको रुपमा अघि बढाउन अग्रसर हुन समेत यसै परिपत्रबाट निर्देशन दिईएको छ ।

......................
कानून अधिकृत

## श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
## (संस्था संगठन)

पत्र संख्या :- २-१. /०५९।६० जावलाखेल, ललितपुर
च.नं. :- ६०२ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०५९।८।१२

विषय :- **परिपत्र ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला. . . . . . . . . . . . ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ को कार्यान्वयन गर्ने सिलसिलामा यस विभागको मिति ०५९।४।१७ च.न.६१ को पत्र तहां प्राप्त भई व्यहोरा अवगत भएकै होला । सो सम्बन्धमा व्याख्याको लागि कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गरिएकोमा उक्त मन्त्रालयको मिति ०५९।६।१७ च.न. कानून।३।०५९।६०।१८ को पत्रबाट "दफा १४ ले प्रचलित कानुन बमोजिम गर्न पाउनेमा राष्ट्र सेवकहरुलाई सहकारी संस्थाको हिस्सेदार हुन पाउने छुट प्रदान गरेको छ । भ्रष्टाचार निवारण ऐन,२०५९ तथा अन्य कुनै पनि प्रचलित कानुनहरुले राष्ट्र सेवकहरुलाई सहकारी संस्थाको हिस्सेदार हुन नपाउने गरी प्रतिवन्ध लगाएको छैन । निजामती सेवा ऐन, २०४९ को दफा ४८ र निजामती सेवा नियमावली, २०५० को नियम ११७ ले निजामती कर्मचारीले कुनै प्रकारको कम्पनीको स्थापना र संचालन तथा व्यापार व्यवसाय गर्नका लागि श्री ५ को सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिनु पर्ने पूर्वशर्त सम्म तोकिदिएको छ । यसरी लिनु पर्ने पूर्व स्वीकृति नलिई उपरोक्त काम गरेमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ आकृष्ट हुन सक्ने हो । अन्यथा प्रचलित कानूनले राखेका शर्तहरु पुरा गरेर काम गरेमा यो दफा आकृष्ट भई निजामति कर्मचारी दण्डित हुनु पर्दैन । तसर्थ प्रचलित कानूँन अनुसार पूर्व स्वीकृति समेत लिई कानून बमोजिम दर्ता गरेर संचालन भई रहेका निजामती कर्मचारी (राष्ट्र सेवक)हरु हिस्सेदार भएको सहकारी संस्था सुचारु रुपले संचालन हुन र भविष्यमा पनि कानून बमोजिम गरी सहकारी संस्थामा हिस्सेदार हुनमा कुनै कानुनी वाधा नरहेको हुनाले सोही बमोजिम गर्न गराउन हुन निर्णयानुसार अनुरोध गर्दछु" भनी लेखि आएकोले सोही व्यहोरा मिति ०५९।८।१२ को निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।



**बोधार्थ** :-
श्री कषि तथा सहकारी मन्त्रालय, सिंहदरवार ।
श्री राष्ट्रिय सहकारी संघ, विजुलीबजार ।
श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. अनामनगर ।
श्री नेपाल निजामती कर्मचारी संगठन, पुरानो वस पार्क, काठमाडौं ।

.......................................
मान वहादुर अर्याल
कानून अधिकृत

**श्री ५ को सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभाग**

**( सं.सं एवं कानुन शाखा )**

फो.नं. ५-२२१७७
५-२३८१७

प.सं :- २।१ परिपत्र- ४४।०५९।६०
च.नं. :- २६६

जावलाखेल, ललितपुर
नेपाल ।

२०५९।५।१२

**परिपत्र ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

महालेखा परिक्षकको प्रतिवेदनमा सहकारी संस्थाका संचालक एवं व्यक्तिहरु फरार रही सर्वसाधारण वचतकर्ताको रकम हिनामिना हुन गएको विषयवस्तु औल्याई सहकारी विभागबाट सहकारी ऐनमा कानूनी कारवाही गर्ने व्यवस्था नभएकोले मुलकी ऐन ठगीको महल अन्तर्गत वा अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सहकारी कार्यालयलाई पत्राचार गरिए तापनि ती निकायहरुबाट भएको कारवाहीको अनुगमन नगरिएको भन्ने विषय औल्याइएको छ । तसर्थ फरार रहेका सहकारी संचालक र व्यक्तिहरुलाई के कति कारवाही भएको छ ? कति सांचालक र व्यक्तिहरु उपर ठगी मुद्दामा कारवाही भएको छ ? कति मुद्दाहरुको निर्णय भई वचतकर्ताहरुको रकम फिर्ता भएको छ ? संस्थाहरु वन्द भै संचालक फरार भएकोमा त्यस्ता संस्थाहरुले लगानी गरेको रकम असुल गरी वचत कर्ताको रकम फिर्ता गर्न संस्थाका पिडीत पक्षहरु सम्मिलित समितिहरु गठन गरी संस्थाको कारोवार पुन सुव्यवस्थित गर्न गराउन सहयोग पुऱ्याउने विभागीय निर्देशानुसार त्यहां के कस्तो कामहरु भई के कति वचतकर्ताहरुको हिनामिना भएको रकम फिर्ता भएको छ , सो को सम्पूर्ण विवरण नियमित रुपले अनुगमन गरी यस विभागमा प्रतिवेदन पठाउनु हुन अनुरोध गरिन्छ ।

साथै सहकारी संस्थाहरुमा सर्वसाधारण जनताहरुले वचत जम्मा राख्ने गरेकोमा वचतकर्ताहरुले नै सहकारी संस्थाबाट निक्षेपको के कस्तो उपयोग भै रहेको छ, भन्ने लगायतका कुराहरुमा वचत कर्ताहरुलाई बढी सजग तुल्याउन गत आ.ब.मा विभागबाट



प्रकाशित गरिएका विज्ञापनहरुको आधार बनाएर स्थानीयस्तरमा भए पनि वचतकर्ताको सजगताकालागि सबै कार्यालयहरु जि.वि.स., गा.वि.स. लगायतमा सूचना प्रकाशन गरी गराई सर्वसाधारण जनताको वचत रकम सुरक्षित वनाउन आवश्यक सहयोगका लागि समेत अनुरोध गर्नु हुन आदेशानुसार जानकारी गराइन्छ ।

**बोधार्थ** :-

श्री महालेखा परीक्षको विभाग, कृषि निर्देशनालय, ववरमहल ।
श्री कृषि तथा सहकारी मन्त्रालय, आर्थिक प्रशासन महाशाखा, सिंहदरवार ।
श्री कृषि तथा सहकारी मन्त्रालय,
योजना महाशाखा :- वचतकर्ता सजगता, तथ्यांक सुदृढीकरण, अनुगमन, लगायतका बार्षिक कार्यक्रमहरु माग गरिएकोमा गत आ.ब. मा न्यून बजेट र चालु आ.ब.मा शुन्य बजेट भै उल्लेखित कार्यक्रमहरु नपरेको हुंदा सहकारी क्षेत्रमा आउने विकृतिलाई न्यूनीकरण गर्ने उपायहरुका कार्यक्रमहरु विभागलाई प्रदान गर्ने गराउने तर्फ त्यस महाशाखा संवेदनशील भै दिन हार्दिक अनुरोध छ ।

श्री सहकारी विभाग,
आ.प्र.शाखा :- त्यस शाखाको मिति २०५९।४।२४ को पत्रको सन्दर्भमा ।

द. . . . . . . .
शाखा अधिकृत

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

पत्र संख्या :- २-१.प.(१९) /०५९।६० जावलाखेल, ललितपुर
च.नं. :- ६१ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०५९।४।१७

विषय :- **सहकारी संघ संस्थाको सदस्यता सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला. . . . . . . . . . . . . ।

भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज भै भ्रष्टाचार निवारण ऐन २०५९ लागू भैसकेको व्यहोरा तहाबाट अवगतै होला । हाल प्रचलित उक्त ऐनको दफा १४ मा "प्रचलित कानून बमोजिम गर्न नपाउनेमा कुनै राष्ट्र सेवकले आफ्नो वा अरुको नामबाट वा साझेदारीमा व्यापार गरेमा वा लिलाम बढावढ वा ठेक्का पट्टामा भाग लिएमा वा कुनै फर्म वा कम्पनी वा सहकारी संस्थाको हिस्सेदार भएमा कसुरको मात्रा अनुसार ३ महिना देखि ६ महिना सम्म कैद र दश हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना हुनेछ र त्यसरी आर्जन गरेको सम्पत्ति समेत जफत गरिने छ ।" भन्ने प्रावधान रहेको र सो दफाले राष्ट्र सेवकहरुलाई सहकारी संस्थाको हिस्सेदार वन्न निषेध गरेकाले सो को जानकारी मातहतका सबै जिल्ला सहकारी कार्यालयहरुलाई गराउने भन्ने मिति २०५९।४।१६ मा विभागीय निर्णय भएकोले सोही बमोजिम गर्न गराउन हुन जानकारीका लागि अनुरोध छ ।

मान वहादुर अर्याल
कानून अधिकृत



**श्री ५ को सरकार** फोन नं. ५५२२१७७
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(कानून शाखा)**

पत्र संख्या :- ०६३।६४ जावलाखेल, ललितपुर
चलानी नं. :- ११५६ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :-२०५७।११।२५

विषयः- **बचत तथा ऋण सहकारी संस्थाहरुबाट संचालकहरु फरार भएको सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, कैलाली ।

उपरोक्त सम्बन्धमा केही बचत तथा ऋण सहकारी संस्थाहरुका संचालकहरु सर्व साधारण र शेयर सदस्य बचतकर्ताका बचत निक्षेप संकलन गरी संस्थाको कारोवार बन्द गरी फरार भएकोले आवश्यक कारवाहीको लागि यस विभागमा विभिन्न जिल्ला सहकारी कार्यालयहरुबाट लेखी आएकोले यस विभागको ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा संस्थाको कारोवार बन्द गरि संचालकहरु फरार भएको सम्बन्धमा आवश्यक सहयोगका लागि सम्बन्धित निकायलाई अनुरोध गरि पत्र पठाई सकिएको छ । साथै सम्बन्धित जिल्ला सहकारी कार्यालयहरुले समेत संचालकहरु फरार भई बन्द भएका संस्थामा सर्वसाधारण तथा शेयर सदस्य वचत कर्ताहरुले जम्मा गरेको बचत निक्षेपको यथार्थ विवरण र आवश्यक प्रमाण सम्बन्धित निकायलाई यथा समयमै उपलव्ध गराउनु हुन र अन्य सहकारी संस्थाहरुको समेत नीरिक्षण र अनुगमनको कार्यमा तीव्रता ल्याउनु हुन निर्देशानुसार जानकारी गराईन्छ ।

**बोधार्थ** :
श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, कैलाली ।
श्री जिल्ला प्रहरी कार्यालय,
काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, कैलाली ।

द . . . . . . .
कानून अधिकृत

कृषि मन्त्रालय फो.नं. ५-२२१७

सहकारी विभाग ५-२३८१७

( सं.सं तथा कानुन शाखा )

प.सं. :- २।१५।१ ( ) ०५६।५७ जावलाखेल, ललितपुर

च.नं. :- १३०६ नेपाल ।

प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०५६।१२।७

विषय :- **बचत तथा ऋण सहकारी संस्थाहरुको दर्ता तथा कार्यक्षेत्र विस्तार बारे ।**

श्री जिल्ला सहकारी कार्यालय,

. . . . . . . . . . . . . . . . ।

सहकारी ऐन,२०४८ अनुसार अधिराज्यमा गठन भएका सहकारी संस्था मध्ये हाल बचत तथा ऋण सहकारी संस्थाको संख्या उल्लेख रुपमा बृद्धि हुदै गएको छ। खास गरी शहरी क्षेत्रमा आफ्नो कारोवार केन्द्रित गर्न र कार्यक्षेत्र विस्तारको नाममा व्यापक रुपमा शाखा खोल्ने प्रबृत्तिले बचत तथा ऋण सहकारी संस्थाहरुले सहकारीको भावना र सिद्धान्त अनुरुप गुणात्मक सेवा दिन सकिरहेको नपाइएकोले बचत तथा ऋण सहकारी संस्थाहरु तथा बचत तथा ऋणको कार्य गर्ने बहुउद्देश्य सहकारी संस्थाहरुलाई सहकारीको भावना र सिद्धान्त अनुकुल स्तरीय, गुणात्मक र सुरक्षित रुपमा आफ्ना सदस्यहरु बीच बचत तथा ऋणको परिचालन गरी उनीहरुको आर्थिक स्तरमा बृद्धि गर्न अनुकुल वातावरण तयार गर्न उत्प्रेरित गर्नु पर्ने देखिएको छ । त्यस्तै बचत तथा ऋण सहकारी संस्थाहरुले सहकारी सिद्धान्त अनुसार उनीहरुको कार्य र सेवा आफ्ना सदस्यहरुलाई पुऱ्याउन सकून र गैर सदस्य जनसाधारणहरु पनि बचत तथा ऋण सहकारी संस्थाहरुको सदस्य बनी सेवा प्राप्त गर्न सकून भन्ने उद्देश्यले समयमै यस्ता संस्थाहरुलाई संख्यात्मक बृद्धि भन्दा गुणात्मक बृद्धि तर्फ अग्रसर गराउदै लग्ने उद्देश्यले सहकारी ऐन, ३२०४८ को दफा ५ बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि परेको दरखास्तमा रजिष्ट्रारले सो संस्था वा संघको विनियम सहकारी सिद्धान्त बमोजिम छ, छैन भन्ने सम्बन्धमा आवश्यक जांचवुझ गर्नु पर्ने भए अनुसार रजिष्ट्रारबाट प्रत्यायोजित अधिकार प्राप्त जिल्ला सहकारी कार्यालयका अधिकारीले बचत तथा ऋण सहकारी संस्था र बचत तथा ऋणको कार्य गर्ने बहुउद्देश्यीय सहकारी संस्थाहरुको उक्त ऐनको दफा १२ र नियमावली २०४९ को नियम १६ बमोजिम संस्था दर्ता र विनियम स्वीकृत गर्दा यस विभागबाट भएको मिति २०५५।११।१९, २०५६।५।१६, २०५६।२।२६ र २०५६।४।८ को परिपत्रका सम्बन्धमा



समेत देहाय बमोजिम गर्न हुन आदेश अनुसार अनुरोध गर्दछु ।

**(क) नयां संस्था दर्ता सम्बन्धमा विनियममा हुनुपर्ने कुराहरु :**

१. प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र शुरुमा गाउं विकास समिति भए बढीमा ५ वटा जोडिएका गाउं विकास समिति, नगरपालिका भए १ नगरपालिका, उप-नगरपालिका वा महानगरपालिका भए बढीमा ५ वटा जोडिएको वडाहरु कायम गर्ने गरी संस्था गठन गर्ने व्यवस्था रहेको हुनुपर्ने। सो भन्दा बढी कार्यक्षेत्र राखि संस्था दर्ता गर्न चाहेमा व्यवसायिक क्षमता र दक्षता हेरी औचित्य देखिएमा विभागीय सहमति लिई मात्र गर्ने।

२. समुदायमा (community) आधारित संस्थागत विकासका लागि संस्थाका सदस्यहरु स्थानीय वासिन्दा हुनुपर्ने । यस सम्बन्धमा मिति २०५६।५।१६ को विभागीय परिपत्रानुसार नै गर्ने ।

३. संस्थाको आफ्नो सदरुयहरुबाट मात्र निक्षेप स्वीकार गर्ने र आफ्ना सदरुयलाई मात्र ऋण प्रदान गर्न सक्ने प्रावधान राख्ने विषयमा विभागको मिति ०५६।५।१६ च.नं. ३९३ को परिपत्र अनुसार नै गर्ने । बहुमुखी सहकारी संस्थाको हकमा संस्थाको आफ्ना सदस्यहरुबाट मात्र बचत संकलन कार्य गर्ने र संस्थाका आफ्ना सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने भनि स्पष्ट व्यहोरा हुनु पर्ने ।

४. विनियममा बचत तथा ऋण सम्बन्धी नीति समावेश भएको हुनुपर्ने ।

५. बचत तथा ऋण सहकारी संस्थाको नाम राख्दा संस्थाको नामको पछाडी बचत तथा ऋण सहकारी संस्था लि. राखिएको हुनुपर्ने । नामको पछाडी फाइनान्स, इन्भेष्टमेन्ट, जस्ता शव्दहरु राखी संस्था दर्ता नगर्ने । (यस सम्बन्धमा विभागको च.नं १८०६ मिति २०५६।२।२६ को परिपत्र अनुसार अन्य कार्य पनि गर्ने ) ।

६. संस्थाले बचत संकलन गर्ने तथा कर्जा सापट दिने सम्बन्धमा तय गरेको नीति, विधि तथा प्रकृया र असुली सम्बन्धी व्यवस्था रजिष्ट्रार वा निजले तोकेका अधिकारीलाई उपलब्ध गराउने कुराहरु ।

७. ऋण प्रदान गर्दा आफ्नो शेयर सदस्यलाई मात्र प्रदान गर्ने र त्यस्तो ऋणको लागि पर्याप्त सुरक्षण लिइने व्यहोरा ।

८. संस्थाको साइनबोर्डमा "सहकारी ऐन, २०४८ बमोजिम स्थापित" भनी उल्लेख गर्नु पर्नेछ ।

९. संस्थाले तरलता कायम राख्ने, प्रतिशत (न्यूनतम कुल पूंजीको १० प्रतिशत हुने गरी) र अधिकतम निक्षेप संकलन सीमांक निर्धारण गर्ने व्यवस्था ।

१०. संस्था दर्ताको लागि आवेदन गर्ने सबै सदस्यहरु तथा सन्चालक समितिका सदस्यहरुको सकेसम्म बढी सूचना संकलन हुने किसिमले वैयक्तिक विवरण लिने ।

११. प्रारम्भिक सहकारी संस्था दर्ता गर्दा सकेसम्म एकल उद्देश्यका कार्य र सो कार्यसंग सम्बद्ध अन्य कार्यहरु मात्र राखी दर्ता गर्ने ।

(ख) **कार्यक्षेत्र विस्तार गर्ने गरी विनियम संशोधन स्वीकृतिका लागि :**

१. कार्यक्षेत्र विस्तार गर्न नियमपूर्वक संस्था दर्ता भई सन्चालन भएको १ वर्ष अवधि पूरा भइसकेको भए सहकारी संस्थाको सदस्यहरुको संख्या कारोवार र सेवाको बृद्धिको आधारमा जोडिएका गाउं विकास समितिमा र नगरपालिका भए जोडिएका वडामा क्रमश: विस्तार गर्न स्वीकृति दिने ।

२. कार्यक्षेत्र विस्तार गर्दा एकै पटक जिल्लाभर विस्तार नगरी क्रमशः जोडिएका गा.वि.स.वा नगरपालिका भएमा जोडिएका नगरपालिका र उपमहानगर वा महानगर भए जोडिएका वडामा कार्यक्षेत्र विस्तार थप गर्दै जान सक्ने । यसरी विस्तार गर्दै जिल्लाका सबै कार्यक्षेत्र ढाकी जिल्लाभरि व्यवसायिक कृयाकलाप सन्चालन गरेको संस्थाले नजिकको जिल्लामा उपरोक्त क्रममाः जोडिएका गा.वि.स., नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा कार्यक्षेत्र विस्तार गर्न चाहेमा विभागको ०५६।४।८ च.नं. १०५ को परिपत्र अनुसार गर्ने ।

३. संस्थाको बार्षिक लेखापरीक्षण सम्पन्न गरेको, हिसाब किताव दुरुस्त राखेको नियमित साधारणसभा र कार्य समितिको बैठक बसेको हुनुपर्ने ।

४. व्यवसायिक क्षमतामा बृद्धि भएको स्पष्ट प्रमाण पेश गरेको हुनुपर्ने ।

५. कार्यक्षेत्र विस्तार गर्न खोज्ने संस्थाको हकमा माथि प्रकरण (क) मा उल्लेख भए बमोजिम संस्था दर्ता गर्दा विनियममा हुनुपर्ने कुराहरु समेत समावेश गरी विनियम स्वीकृति गर्ने ।

६. नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त संस्थाको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत सिद्धान्तको पालना गर्नु पर्ने व्यहोरा उल्लेख गर्नुपर्ने ।

७. प्रारम्भिक संस्थाको कार्य विस्तारको नाममा शाखा खोल्ने कार्य सहकारी सिद्धान्त अनुकुल नभएकोले विभागमा सिफारिश गरी पठाउने कार्य हाल जारी नराख्ने ।

८. बहुउद्देश्यीय सहकारी संस्थाको हकमा बचत तथा ऋण बाहेक अन्य उद्देश्य अनुसारका कार्य गरेको हुनुपर्ने ।

कार्य विस्तारको क्रममा विनियम संशोधनको स्वीकृति गर्नु पूर्व माथि उल्लेखित विषयहरु संस्थाको वर्तमान स्थिति, संचालनको अवस्था, सदस्यहरुको धारणा, आर्थिक स्थिति तथा अन्य आवश्यक विषयमा स्थलगत नीरिक्षण गरी मात्र गर्ने ।

(ग) हाल कार्य क्षेत्र विस्तार गरी शाखा खोलेका बचत तथा ऋण सहकारी संस्था वा बचत तथा ऋणको काम गर्ने बहुमुखी सहकारी संस्थाहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१. नियमानुसार स्वीकृति नलिई शाखा स्थापना गरी कार्य संचालन गरिरहेको भए त्यस्तो शाखा वन्द गर्न लगाउने र सो स्थानमा स्थानिय स्तरमा छुट्टै सहकारी संस्था गठन गर्न चाहेमा नियमानुसार दर्ता गर्ने ।

२. नियमानुसार कार्यक्षेत्र विस्तारको स्वीकृति लिई शाखा स्थापना गर्ने सहकारी संस्थाहरुका सम्बन्धमा कार्यक्षेत्र विस्तार गरी जिल्ला बाहिर शाखा रहेका स्थानमा शाखाको सट्टा स्थानीय "स्तरमै छुट्टै सहकारी संस्था गठन गरी कार्य हस्तान्तरणको प्रकृया अवलम्वन गर्ने उत्प्रेरित गर्ने ।

(राजेन्द्र नेपाल)
कानून अधिकृत



**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

पत्र संख्या :- अ.मु (८)/०५६।५७ — जावलाखेल, ललितपुर
च.नं. :- ७३० — नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- — मिति :- २०५६।८।१०

विषय :- **परिपत्र ।**

श्री जिल्ला सहकारी कार्यालय,
काठमाडौं ।

उपरोक्त सम्बन्धमा सहकारी ऐन,२०४८ को दफा ३७ अनुसार सहकारी संघ/संस्थाको प्रत्येक आर्थिक वर्षको हिसाब जांच गर्न दर्तावाल लेखापरीक्षकको स्वीकृतीको कारवाही गर्दा आफ्नै कार्यालयको कर्मचारीलाई निज कार्यरत जिल्लामा लेखापरीक्षण गर्न स्वीकृत नदिने व्यवस्था गर्नु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

उमेश्वर नाथ गोंगल
शाखा अधिकृत

**श्री ५ को सरकार**

**कृषि मन्त्रालय**

**सहकारी विभाग**

**(योजना शाखा)**

पत्र संख्या :- ०५६।५७ — जावलाखेल, ललितपुर,
चलानी नं. :- ६१७ — नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- — मिति :-२०५६।७।१२

विषयः- **दर्ता खारेज सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ . . . . . ।

कृषि विकास बैंकबाट सहकारी संस्थाहरुमा लगानी भएको ऋण असुल उपर गर्ने, पुनः लगानी गर्ने र सहकारी कार्यक्रमलाई सहि दिशा तर्फ उन्मूख गराउदै लग्ने उपायहरुको खोजी गरी सूझाव समेत पेश गर्न समिति गठन भई समितिले आफ्नो कार्य गर्दै रहेको हुंदा हाललाई विभागीय आदेश प्राप्त नगरी कृषि विकास बैंक संग समस्या देखिएका मं.प.को मिति २०५०।५।२१ को निर्णय अनुसार ऋण तथा हिनामिना रकम अपलेखनको लागि सिफाशिरको कारवाहीमा परेका सहकारी संस्थाहरुको दर्ता खारेजको कारवाही नगर्ने । अन्यको हकमा दर्ता खारेज र विघटन सम्बन्धी विभागीय पुर्व निर्देशन अनुसार गर्ने । जिल्ला सहकारी संघहरुको पनि दर्ता खारेज गर्दा विभागको पूर्व स्वीकृति प्राप्त गरी मात्र गर्नु हुन आदेशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ** :-
श्री कृषि मन्त्रालय,
अनुगमन तथा मूल्यांकन महाशाखा ।
श्री कृषि विकास बैंक,
असुली विभाग, मुख्य कार्यालय, रामशाहपथ ।
श्री संस्था संगठन शाखा,
सहकारी विभाग, जावलाखेल ।

द .. . .. . . .
शाखा अधिकृत



**सहकारी विभाग** — फो.नं. ५-२२१७७, ५-२३८१७

**कृषि मन्त्रालय**

**सहकारी विभाग**

**(सं.सं तथा कानुन शाखा)**

च.नं. :- ३९३ — जावलाखेल, ललितपुर
प्राप्त पत्र संख्या र मिति :- — नेपाल ।
मिति :- २०५६।५।१६

विषय :- **परिपत्र ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला सहकारीहरु, सहकारी विकास बोर्ड, रा.स.संघ लि., के.व.तथा ऋण सहकारी संघ लि., केन्द्रीय दु.स.स.लि., के.दु.उ.स.सं.लि., स.प्र.केन्द्र ।

उपरोक्त सम्बन्धमा सहकारी ऐन, २०४८ एवं नियमावली २०४९ बमोजिम संघ/संस्था दर्ता गर्ने एवं संचालनमा रहेका संघ/संस्थाहरुका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन मिति ०५६।५।१६ का विभागीय निर्णयानुसार अनुरोध गर्दछु ।

१. संघ/संस्था दर्ता गर्दा अन्य कुराका अतिरिक्त निम्न प्रमाणको आधारमा दर्ता गर्ने । सहकारी ऐनको दफा ९ (१) (ख) मा सदस्य हुने व्यक्ति संस्थाका कार्यक्षेत्र भित्र वसोवास गरेको हुनु पर्ने व्यवस्था भएको हुंदा कार्यक्षेत्र भित्रको वसोवासको प्रमाणको रुपमा देहायका मध्ये कुनै एक आधारलाई प्रमाणको रुपमा लिने ।
   (क) नेपाली नागरिकताको प्रमाण पत्र (प्रमाण-पत्रमा संघ।संस्थाको कार्य क्षेत्र भित्र स्थायी ठेगाना हुनु पर्ने ।
   (ख) बसाई सराईको प्रमाण-पत्र ।
   (ग) विवाह दर्ताको प्रमाण-पत्र ।
   (घ) संबन्धित आवेदकको वा निजका एकाघर, सगोलका परिवारको सदस्यको नाममा भएको घर जग्गाको लालपूर्जाको प्रमाण ।
   (ङ) मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा मतदाता परिचय पत्र ।
   (च) सम्बन्धित क्षेत्र भित्र श्री ५ को सरकार वा संगठीत संस्थामा स्थायी नियुक्ति भई काम गरिरहेको भए सो को प्रमाण ।
२. दर्ताको लागि आवेदन परिसकेपछि दर्ताको प्रमाण पत्र दिन अगावै आवश्यकता र

औचित्य देखिएमा स्थलगत भ्रमण गरि संबन्धित आवेदकहरुसंग अन्तरवार्ता समेत लिएर दर्ता गर्ने परिपाटी वसाल्ने ।

३. संघ/संस्थाले गैह्र सदस्यबाट निक्षेप लिन नपाउने गरी विनियम स्वीकृत गर्ने र यस अघि संचालनमा रहेका संघ।संस्थाहरुलाई पनि सोही बमोजिम गर्न अभिप्रेरित गर्ने ।

४. संघ/संस्थाहरुले आय, व्ययको विवरण मासिक रुपमा अनिवार्य रुपले सहकारी कार्यालयहरुमा पठाउन निर्देशन गर्न र यसमा कार्यान्वयन तर्फ विशेष ध्यान दिने ।

५. स्वीकृति वेगर आफ्नो कार्यक्षेत्र वाहिर कुनै पनि कारोवार नगर्न नगराउन संवन्धित संघ/संस्थालाई कडा निर्देशन दिने साथै स्वीकृत कार्य क्षेत्र भित्र कुनै ठाउं विशेषमा शाखा, उप-शाखा पद सम्पर्क कार्यालयहरु खोल्नु पूर्व विभागको स्वीकृती लिएर मात्र खोल्ने, खोलाउने व्यवस्थालाई कडाईका साथ पालना गर्ने, गराउने र यसको विपरीत करोवार गर्ने संघ/संस्थाको हकमा तुरुन्तै आवश्यक कानुनी कारवाही गर्ने ।

६. ऐन बमोजिम दर्ता भए पश्चात संघ/संस्थाले सदस्यता प्रदान गर्दा माथि प्रकरण नं. (१) मा उल्लेखित वसोवासको प्रमाण प्राप्त गरेर मात्र सदस्यता बनाउने र यसरी सदस्यता प्राप्त गरेका सदस्यहरुको त्यस्ता प्रमाणीक कागजातहरु संघ/संस्थाले आफ्नो कार्यालयमा अद्यावधिक रुपमा देखिने गरी अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने ।

(राजेन्द्र नेपाल)
कानून अधिकृत



सहकारी विभाग — फो.नं. ५-२२१७७
कृषि मन्त्रालय — ५-२३८१७
सहकारी विभाग
(सं.सं तथा कानुन शाखा)

पत्र संख्या :- २।१५।१ ( ) ०५५।५६ — जावलाखेल, ललितपुर
च.नं. :- ८०८ — नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- — मिति :- २०५६।२।२६

विषय :- **सहकारी संस्थाको नाममा रहेका "फाईनान्स शव्द हटाउने" बारे ।**

श्री जिल्ला सहकारी कार्यालयहरु,
६८ जिल्लाहरु, स.प्र.केन्द्र समेत ।

उपरोक्त सम्बन्धमा सहकारी संस्थाहरुले बैंकिङ्ग कार्य गर्न राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने कानूनी व्यवस्था भएको र फाईनान्स शव्दबाट बैंकिङ्ग कारोवारको भ्रम उत्पन्न हुने स्थिति भएको सन्दर्भमा बचत तथा ऋण सहकारी संस्थाहरुले "फाईनान्स" शव्द वा वित्तीय शव्द प्रयोग नगर्न अर्थ मन्त्रालयको निर्णय समेत भएको हुंदा त्यस जिल्ला स्थित "फाईनान्स" शव्द राखि दर्ता भएका संस्थाहरुलाई यथाशिघ्र फाईनान्स शव्द हटाउन लगाउन हुन र अव दर्ता हुन आउने संस्थाहरुलाई फाईनान्स वा वित्तीय शव्द राखि दर्ता नगर्नु हुन समेत निर्णयानुसार अनुरोध गरिन्छ ।

(राजेन्द्र नेपाल)
कानून अधिकृत

**कृषि मन्त्रालय**

**सहकारी विभाग**

**(सं.सं तथा कानुन शाखा)**

फो.नं. ५-२२१७७
५-२३८१७

पत्र संख्या :- २।१५ (२६२) ०५५।५६
च.नं. :- १५४८
प्राप्त पत्र संख्या र मिति :-

जावलाखेल, ललितपुर
नेपाल ।
मिति :- २०५५।१२।२५

**विषय :- संघ/संस्थाहरुको शाखा, उप-शाखा खोल्ने सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालयहरु,
६८ जिल्लाहरु ।

उपरोक्त सम्बन्धमा सम्बन्धित संघ/संस्थाहरुको आ-आफ्नो विनियममा व्यवस्था भए बमोजिमको कार्यक्षेत्र भित्र शाखा, उप-शाखा खोलिसकेको संघ/संस्थाको हकमा त्यसको संघ/संस्थाले मातहतका शाखा, उप-शाखामा सहकारी ऐन, नियमावलि बमोजिम निरीक्षण गर्न जाने अधिकारीले मागेका जुनसुकै विवरण पनि देखाउन सक्ने गरी अद्यावधिक रेकर्ड राख्ने व्यवस्था मिलाउने। संघ/संस्थाले सम्बन्धित शाखा, उपशाखामा रेकर्ड पठाए नपठाएको स्थिति के छ ? सो कुरा दर्ता गर्ने कार्यालयले प्रभावकारी निरिक्षण गर्ने र ऐन, नियमावलि बमोजिम गरिएको निरीक्षणबाट देखिएका यथार्थताहरु समेत निरीक्षण पश्चात तुरुन्तै शाखा, उप-शाखा कार्यालय अवस्थित जिल्ला सहकारी कार्यालयहरुमा पठाउने व्यवस्था अनिवार्य रुपमा पालन गर्ने, शाखा, उप-शाखा कार्यालय रहेको सम्बन्धित जिल्ला सहकारी कार्यालयले आफ्नो जिल्लामा दर्ता भएका संघ। संस्था सरह नै त्यस्तो शाखा,उपशाखा कायाृलयको निरीक्षण गर्ने निरीक्षणबाट देखिएका यथार्थताहरु दर्ता गर्ने कार्यालयलाई अनिवार्य रुपमा जानकारी गराउने र निरीक्षण बाट देखिएका कैफियतका सम्बन्धमा आ-आफ्नो जिल्लामा सम्बन्धित सहकारी कार्यालयले आवश्यक कार्यवाही गर्न सक्ने व्यवस्था लागु गर्ने, विनियममा तोकिए बमोजिम को कार्यक्षेत्र भित्र संघ/संस्थाले शाखा, उपशाखा खोल्न परेमा सो खोल्नु अगावै आईन्दा दर्ता गर्ने कार्यालयको सिफारिशमा विभागले स्वीकृति दिने व्यवस्था गर्ने, दर्ता गर्ने कार्यालयले सिफारिश गर्दा संघ संस्थाले आफ्नो विनियममा उक्त क्षेत्रमा काम गर्न मिल्ने गरि क्षेत्र विस्तार भएको कुरा समेत उल्लेख गरी दर्ता गर्न सम्बन्धीत सहकारी कार्यालयमा लिखित पत्राचार गरे पछि तत्सम्बन्धमा सम्बन्धित संस्था वा संघले सहकारी ऐन,



नियमावलीको पालना, गरे नगरेको, खाता पाता कानून बमोजिम तोकिएको तरीकाबाट राखे नराखेको, साधारणसभा, लेखापरीक्षण, संचालक समितिको निर्वाचन समयमा भए नभएको, आर्थिक एवं प्रशासनिक नियमावली बनाई सो बमोजिम काम गरे नगरेको ऋण नीति लागु भए नभएको, बचत कर्ताहरुको बचत संरक्षणको लागि प्रभावकारी नीति बनाए नबनाएको, गैर सदस्यमा ऋण लगानी गरे नगरेको, संचालक समितिले आफ्नो जिम्मेवारी पूरा गरे नगरेको, शेयर सदस्यको संघ/संस्था संचालनमा रुचि भए नभएको, शाखा, उप-शाखा खोल्नुपर्ने औचित्य के हो र त्यहां त्यसको लागि के कस्ता पूर्वाधार छन् सो समेत स्पष्ट विवरण प्राप्त भए नभएको र समग्रमा सन्तोषजनक रुपमा संघ/संस्था संचालन भए नभएको सम्पूर्ण कुराहरु सक्षम रुपले निरीक्षण गरी विभागमा सिफारिश गर्ने र त्यस्तो सिफारिश विभागमा प्राप्त भएपछि विभागले औचित्यता हेरी आवश्यकतानुसार शाखा, उप-शाखा खोल्ने स्वीकृति दिने व्यवस्था गर्ने र आईन्दा विनियम संशोधन गरी कार्यक्षेत्र विस्तारको स्वीकृति दिंदा स्वीकृति भएको क्षेत्रमा शाखा, उप-शाखा खोल्न परेमा ति उल्लेख भए बमोजिम दर्ता गर्ने कार्यालयबाट प्राप्त भएको सिफारिशको आधारमा विभागले स्वीकृति दिने शर्तमा मात्र दिने व्यवस्था हुने गरी मिति २०५५।१२।२२ मा विभागीय निर्णय भएको हुंदा उपरोक्त निर्णयानुसार गर्नु गराउनु सूचित गरिन्छ ।

----------------
(राजेन्द्र नेपाल)
कानून अधिकृत

फो.नं. ५-२२१७७
५-२३८१७

# कृषि मन्त्रालय
## सहकारी विभाग
### (सं.सं तथा कानुन शाखा)

पत्र संख्या :- २।१५।१ (          ) ०५५।५६ जावलाखेल, ललितपुर
च.नं. :- १४९४ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०५५।१२।१४

विषय :- **सहकारी संघ/संस्थाहरुको दर्ता खारेजी सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालयहरु,
६८ वटै ।

प्रस्तुत विषयमा सहकारीमा दर्ता भएका सहकारी संघ/संस्थाहरुको दर्ता खारेजी हुनु अगाडी सम्बन्धित संघ/संस्थाहरुलाई सचेत नगराउने र नियमित गराउने प्रवर्धकको भूमिका कानून नियम बमोजिम हुनु अत्यन्त सामाजिक देखएकोले दर्ता भएका संघ/संस्थाहरुको दर्ता खारेजी जस्तो गम्भीर विषयमा निर्णय गर्दा सहकारी ऐन २०४८ को दफा ३५ तथा सहकारी नियमावली २०४९ को नियम २३ को उपनियम १,२ र ३ बमोजिमको प्रक्रिया पूरा गरेर मात्र कार्य अघि अढाई दिनु हुन र राष्ट्रिय सहकारी संघ लि. संग आवद्ध सदस्य संघ/संस्थाहरुलाई कारवाही हुनु पर्ने स्थिति देखा परेमा सो को जानकारी तथा अन्तिम कारवाही गर्नु पर्ने भएमा समेत यस संघलाई लिखित रुपमा पूर्व जानकारी दिने व्यवस्था हुन समेत भनि राष्ट्रिय सहकारी संघबाट अनुरोध भै आएको देखिन्छ ।

अतः आ-आफ्नो जिल्लाबाट संस्था वा संघलाई खारेजीको कारवाहीको पत्र लेख्दा वा स्पष्टिकरण माग गर्दा सो को एक प्रति बोधार्थ राष्ट्रिय सहकारी संघ वा जिल्ला संघहरुलाई दिने व्यवस्था गर्नु हुन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ** :-
श्री राष्ट्रिय सहकारी संघ लि.,
सुविधानगर, तीनकुने, काठमाडौं । :- तहांको च.नं. ४४१ मिति २०५५।१०।१४ को प्राप्त पत्रका सन्दर्भमा ।

(राजेन्द्र नेपाल)
कानून अधिकृत



# श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
### (संस्था संगठन)

पत्र संख्या :- ३।१५ (१८८)/०५५।५६ जावलाखेल, ललितपुर
च.नं. :- १३२६ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०५५।११।१९

विषय :- **बैकि□ कारोवार गर्ने संघ संस्था सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

सहकारी ऐन २०४८ को दफा २६ को उपदफा (२) अनुसार संस्था वा संघले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैकिंग कारोवार गर्न सक्ने व्यवस्था गरिएको विदितै छ । ऐनको यस व्यवस्था अनुसार सहकारी संस्था वा संघले बैंकिंग कारोवार गर्ने भएमा राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने स्पष्ट छ ।

सहकारी ऐन २०४८ लागू भए पछि बैंकिंग कारोवार गर्ने उद्देश्य राखी संस्था दर्ता गर्न माग गर्ने काम तीव्र हुँदै गएको छ । यसरी दर्ता भएका संघ वा संस्थाहरुले राष्ट्र बैंकको स्वीकृति वेगर पनि ऐनले प्रदान गरेको क्षेत्राधिकार भन्दा बाहिर गई बैकिंग कारोवार समेत गर्ने गरी आएको तथा संस्थाको उद्देश्यमा बैंकिंग शव्दको प्रयोग नगरे पनि बैंकिंग कारोवार गरेको भन्ने वुभिन आएकोले अव आईन्दा निम्नानुसार गर्नु हुन जानकारी गराइएको छ ।

१. सहकारी ऐन अन्तर्गत बैंकिंग कारोवार गर्ने उद्देश्य राखी स्थापना गर्न खोजिएका संस्था वा संघहरुको सम्बन्धमा राष्ट्र बैंकको स्वीकृति लिएको भएमा मात्र दर्ता गर्ने ।

   वा

   राष्ट्र बैंकको स्वीकृति प्राप्त गरे पछि मात्र बैंकिंग कारोवार गर्ने गरी दर्ता गने व्यवस्था गर्ने ।
२. यस अघि दर्ता भै सकेका चालु सहकारी संस्था वा संघहरुलाई पनि राष्ट्र बैंकको स्वीकृति लिएर मात्र बैंकिंग कारोवार गर्न कडा निर्देशन दिने ।
३. सहकारी ऐनको दफा २६ बमोजिमको काम गर्न गठन भएका प्रत्येक संघ संस्थाहरुको अनुगमन गर्ने काम वर्षमा कम्तिमा दुई पटक नियमित रुपमा गर्ने र अनुगमन गर्दा बचत परिचालन सम्बन्धी कारोवार जस्तै निक्षेप संकलन लगानीको विवरण अद्यावधिक छ, छैन रकम सुरक्षणको समुचित व्यवस्था गरिएको छ, छैन, आदि र तत्सम्बन्धी खाताहरु समेत अनिवार्य रुपमा निरीक्षण गर्ने ।

उमेश्वर नाथ गोंगल
शाखा अधिकृत

# श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
### (संस्था संगठन)

पत्र संख्या :- .४।१।१ (१३३) ०५५।५६ जावलाखेल, ललितपुर
च.नं. :- १२८२ नेपाल ।
प्राप्त पत्र संख्या र मिति :- मिति :- २०५५।११।५।४

विषय :- रेकर्ड राख्ने व्यवस्था सम्बन्धमा ।

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

निरीक्षण कार्यलाई मात्र ओपचारिकतामा सिमित नराखी त्यसलाई नतिजामूलक बनाउन सोही निरीक्षणको आधारमा सम्बन्धित संघ, संस्था सम्बन्धी अत्यावश्यक विवरणहरु हेर्न र कारवाही गर्नु पर्ने अवस्थामा पनि कारवाही गर्न सजिलो होस भन्ने मनशायले जिल्ला स्थित कार्यालयहरुबाट संघ, संस्था निरीक्षण गर्न जांदा निरीक्षणको रेकर्ड रजिष्टरमा राख्ने भनी यस विभागबाट प.सं.४।१।१(४०)०५३।५४ च.नं.५२३ मिति २०५३।५।६ मा र प.सं.४।१।१ (३८) ०५५।५६ च.नं.१९० मिति २०५५।५।१ मा परिपत्र गरिएको थियो । विभागबाट निरीक्षणको सिलसिलामा जांदा धेरैजसो जिल्ला सहकारी कार्यालयहरुले ०५३।५४ देखीको निरीक्षण गरेको रेकर्ड रजिष्टरमा राखेको देखिएन भने आ.ब. ०५५।५६ देखी राखेको निरीक्षणको विवरण पनि आ-आफ्नै किसिमले राखेको देखियो ।

अतः एउटै रेकर्ड गरेको रजिष्टरबाट अत्यावश्यक विवरणहरु जस्तै बा.ले.प. गराए नगराएको, साधारणसभा भए नभएको, संचालक समिति, लेखा समितिको पदावधिको विवरण, संस्थाको स्थिती, निरीक्षण गर्दा दिइएको सुझाव, सुझाव कार्यान्वयन भए, नभएको आदि सबै देखीयोस र सबे कार्यालयहरुमा राखीएको रेकर्डमा एकरुपता आवोस भन्ने अभिप्रायले यसै साथ नमुना फाराम संलग्न राखी पठाइएको छ । सोही नमुना फाराम अनुसार आ.ब. ०५५।५६ देखीको विरण राख्न अनुरोध छ ।



अब उप्रान्त विभागबाट त्यस जिल्लामा निरीक्षण भ्रमण हुंदाका अवस्था सो रेकर्ड रजिष्टर हेर्न चाहेमा देखाउनु पर्नेछ । देखाउन नसकेको खण्डमा विभागीय आदेश, निर्देशनको पालना नगरेको ठहऱ्याई सोही अनुसार कारवाही हुने व्यहोरा समेत आदेशानुसार अनुरोध गराएको छ ।

आ.ब.०५५।५६ समाप्त हुनासाथ बार्षिक प्रगति पठाउनु पर्ने कुरा त्यस कार्यालयलाई थाहा नभएको होइन । प्रगति पठाउन सजिलो होस भन्ने आशयले २ प्रति बार्षिक प्रगति विवरण यसे साथ छ । उक्त प्रगति विवरण भर्ने निर्देशिकाको भाग (क) भर्ने तरिकामा प्रगति विवरण फर्ममा उल्लेखित विषयहरु यस वर्षको मात्र संख्या भर्ने भएकोमा त्यसमा यस वर्षको मात्रै को सट्टा यस वर्ष सम्मको भन्ने संशोधन गरिएको हुंदा आ.ब. ०५५।५६ को अन्तमा भए, रहेका सम्पूर्ण संख्या उल्लेख गरी २०५६ श्रावण मसान्त भित्र अनिवार्य रुपमा विभागमा प्राप्त हुने गरी पठाई दिन समेत निर्देशानुसार अनुरोध छ ।

शाखा अधिकृत

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

पत्र संख्या :- .४।१।१ (९४) ०५५।५६ 
च.नं. :- ८८६ 
प्राप्त पत्र संख्या र मिति :-

जावलाखेल, ललितपुर
नेपाल ।
मिति :- २०५५।८।१५।३

विषय :- **दर्ता खारेज गरिएका संस्थाहरुको विवरण सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

सहकारी ऐन, नियम अन्तर्गत दर्ता भैरहेका संस्थाहरु सहकारी ऐन २०४८ लागु भएपश्चात सोही ऐनको परीधि भित्र रही दफा ४१ को उपदफा (३) बमोजिम दर्ता खारेज गरिएका संस्थाहरुको विवरण राख्नु पर्नेभै त्यस्तो संस्थाको विवरण पठाई दिन भनी विभागबाट प.सं.४।९।१ (१०) ०५५।५६ च.नं.३२ मिति २०५५।४।६ मा एउटा पत्र र प.सं.४।९।१।१२)०५५।५६ च.नं.४८ मिति २०५५।४।१० को पत्र साथ बार्षिक प्रगति विवरण फाराम समेत संलग्न राखी पठाएकोमा सो प्रगति विवरणको क्रम संख्या ९ भरी पठाउनु पर्नेमा धेरैजसो जिल्लाबाट विवरण र प्रगति अधुरो प्राप्त हुन आएको कारणबाट विवरण अध्यावधिक गर्न सारै कठिनाई पर्न गएकोले पुनः यो परिपत्र गरीएको छ। सो पत्र प्राप्त भएको ३ दिनभित्र निम्न अनुसारको विवरण भरी छिटो साधन द्वारा पठाई दिन र आ.ब. ०५४।५५ को प्रगति विवरणमा उल्लेख भएको सबै क.सं.१ देखी ३२ सम्मका विवरणहरुको लगत त्यस कार्यालयमा राख्ने व्यवस्था गर्न गराउन अनुरोध छ । विभागबाट त्यस जिल्लामा भ्रमणमा आउंदाको वखत सो लगत राखेको नदेखिएमा कारवाही हुने व्यहोरा समेत निर्देशानुसार जानकारीको लागि अनुरोध छ ।

दर्ता खारेज गरिएका संस्थाको विवरण

| संस्थाको किसिम | संख्या महिला/पुरुष | सदस्य संख्या | शेयर पूंजी भए/नभएको | निर्णय मिति विघटन कार्य |
|---|---|---|---|---|
| बहुमुखी संस्था :- | | | | |
| बचत, ऋण संस्था :- | | | | |
| उपभोक्ता संस्था :- | | | | |
| दुग्ध उत्पादक संस्था :- | | | | |
| कृषक समूह संस्था :- | | | | |
| महिला समूह संस्था :- | | | | |
| अन्य संस्था :- | | | | |

उद्धव प्रसाद घिमिरे
शाखा अधिकृत



**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- .४।१।१ (७१) ०५५।५६ 
मिति :- २०५५।७।२६
च.नं. :- ७१४
प्राप्त पत्र संख्या र मिति :-

विषय :- **संघ संस्था संचालन, निरिक्षण एवं विघटन बारे ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

सहकारी कार्यालयबाट गरिने निरिक्षण कार्यलाई नतिजामूलक बनाउन जोड दिनुपर्ने देखी यस विभागको प.सं.४।६।१(४४)०५५।५६ च.नं.२५९ मिति ०५४।४।३१ को पत्र र सहकारी संघ, संस्था संचालन प्रकृया बारे यस विभागको मिति २०५४।९।१० प.सं.४।६।१ (१०४)०५४।५५ च.नं.११०६ को पत्रबाट विविध निर्देशनहरु कार्यान्वयनका लागि त्यस कार्यालयमा प्राप्त गर्नु भएकै छ ।

त्यस्तै निरिक्षण गर्दा आर्थिक प्रतिवेदन समेत लिने गरी सो को ढांचा सहित मिति ०५५।४।११ प.सं.४।९।१ (१५) ०५५।५६ को यस विभागको र आ.ब. ०५५।५६ को बार्षिक कार्यक्रम सम्बन्धमा कार्यक्रम कार्यान्वयन गर्न संघ संस्था दर्ता, संचालन, निरिक्षण, बेरुजु पछ्र्यौट विघटन र खारेजी सहितका विविध निर्देशन सहीतको मिति ०५५।४।१९ प.सं.४।१।१( ३०) ०५५।५६ च.नं. १० को पत्र पनि तहां प्राप्त भएकै छ ।

उपरोक्त अनुसारका पत्रहरुलाई ध्यान दिई कार्यहरु भएकै हुनु पर्दछ । यस सम्बन्धमा अन्य कार्यहरुको साथै संघ संस्थाहरुको निरिक्षण कार्यलाई नतिजामूलक बनाउन निर्देशन अनुसार गर्नु हुन तथा विभागबाट त्यस कार्यालयमा गरिने निरिक्षणको क्रममा यसको अनुगमन गरिने व्यहोरा पनि निर्देशानुसार अनुरोध गर्दछु ।

उध्दव प्रसाद घिमिरे
शाखा अधिकृत

## श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
## (कानून शाखा)

फोन नं. ५५२२१७७

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- ०६३।६४
चलानी नं. :- १९८
प्राप्त पत्र संख्या र मिति :-

मिति :-२०५५।५।२

विषय:- **संस्था/संघ दर्ता जानकारी दिने सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,
६८ वटै ।

आ-आफ्नै जिल्ला संस्था संघ दर्ता गरेको जानकारी दिने काम प्राय भएको देखिन्छ । तर कतिपय जिल्लाबाट संस्था दर्ता गरी जानकारी दिने क्रममा केही थोरै विवरण मात्र भएको बोधार्थ पत्र बाट देखिन आएको छ । त्यस कारण संस्था संघ दर्ता गरेको जानकारी पठाउंदा दर्ता गरिएको संस्था वा संघको नाम, ठेगाना, उद्देश्य, कार्यक्षेत्र, शेयर सदस्य जम्मा कति, पुरुष कति, महिला कति, शेयर पुंजी, संस्थाको दर्ता नम्वर, दर्ता मिति, दर्ता गर्ने निर्णय मिति एवं दर्ता गर्ने अधिकारीको नाम आदि समेत विवरण सहितको जानकारी गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

द ...........................
कानून अधिकृत



## श्री ५ को सरकार
## कृषि मन्त्रालय
## सहकारी विभाग
## (संस्था संगठन तथा कानून शाखा)

जावलाखेल, ललितपुर,
नेपाल ।

पत्र संख्या :- ०५४।५५
चलानी नं. :- २४१२
प्राप्त पत्र संख्या र मिति :-

मिति :-२०५५।३।१७

विषय:- सहकारी संस्था/संघको दर्ता विवरण बारे ।

श्री जिल्ला सहकारी कार्यालय,
. . . . . . . ।

उपरोक्त विषयमा कर विभाग, लाजिम्पाट काठमाडौंबाट यस विभाग अन्तर्गत दर्ता भएका सहकारी संघ संस्थाहरुको नाम नामेसी तथा ठेगाना समेत स्पष्ट हुने गरी उपलव्ध गराई दिन भनी अनुरोध भै आएकोले यो पत्र लेख्ने काम भएको छ । अतः त्यस जिल्लामा दर्ता भएका सबै किसिमका सहकारी संस्था संघहरुको नाम नामेसी तथा ठेगाना सहितको विवरण स्पष्ट रुपमा वुझिने गरी कर विभाग लाजिम्पाट काठमाडौंमा उपलव्ध गराई सो को विवरण सहितको जानकारी यस विभागमा दिनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

द .. . .. . . .
कानून अधिकृत

**बोधार्थ** :-
श्री कर विभाग,
लाजिम्पाट काठमाडौं:-तहांको प.सं.०५४।५५ (विविध) च.नं.३८० मिति २०५५।२।१२ को पत्रको सन्दर्भमा ।

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन)**

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- .२।१५-१ ( ३२३ ) टि.नं.४५२/०५४।५५ मिति :- २०५५।३।११
च.नं. :- २४११
प्राप्त पत्र संख्या र मिति :-

विषय :- विषयगत संघ दर्ता सम्बन्धमा परिपत्र ।

श्री जिल्ला सहकारी कार्यालय,
६८ जिल्ला ।

उपर्युक्त विषयमा, कतिपय जिल्लाहरुबाट सहकारी ऐन, २०४८ को दफा ३ (१) (ख) अनुसार विषयगत संघहरु दर्ता गर्दा संघको नाममा "जिल्ला" शव्द समेत उल्लेख गरी दर्ता गर्ने गरेको देखिन आएको पाईन्छ ।

विद्यमान सहकारी ऐन, २०४८ को दफा ३ (१) (ख) मा विषयगत संघ दर्ता हुन सक्ने र खण्ड (ग) मा जिल्ला सहकारी संघ गठन हुन सक्ने व्यवस्था देखिन्छ । विषयगत संघका सम्बन्धमा नामका अगाडी नै "जिल्ला" शव्द राख्दा सो संघ जिल्ला स्तरको संघको रुपमा लिन सक्ने भ्रम पर्न सक्नेछ ऐनमा विषयगत संघ "जिल्ला" स्तरको संघ हुने व्यवस्था देखिदैन । जिल्ला स्तरमा जिल्ला सहकारी संघ गठन गर्न सकिने नै हुंदा यस्ता विषयगत संघ दर्ता गर्दा नामको अगाडी "जिल्ला" शव्द नराख्ने र "जिल्ला" शव्द राखी विषयगत संघ दर्ता भै सकेको भए सो शव्द हटाउने निर्देशन पठाउने गरी मिति २०५५।३।३ मा विभागमा निर्णय भएको हुंदा सोही व्यहोरा जानकारी गराईन्छ ।

राजेन्द्र नेपाल
कानून अधिकृत



**श्री ५ को सरकार**
**कृषि मन्त्रालय**
**सहकारी विभाग**
**(संस्था संगठन तथा कानून शाखा)**

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- ०५४।५५
चलानी नं. :- २१०९
प्राप्त पत्र संख्या र मिति :- मिति :-२०५५।२।५

**विषयः- सहकारी संघ/संस्थाहरु मूल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता हुनुपर्ने/नपर्ने सम्बन्धमा ।**

श्री जिल्ला सहकारी कार्यालय,

मूल्य अभिबृद्धि कर विभागको पत्र पत्रिकामा प्रकाशित सूचना अनुसार सहकारी संघ संस्थाहरुलाई समेत मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता हुनुपर्ने सूचना प्रकाशित भएको हुंदा सहकारी संघ संस्थाहरुलाई मूल्य अभिबृद्धि कर लाग्न नलाग्ने एवं उक्त कार्यालयमा दर्ता गर्नु पर्ने, नपर्ने निर्देशन पाउं भनि जिल्ला सहकारी कार्यालय बर्दियाको च.नं. १६४ मिति २०५४।७।२५ को पत्रबाट लेखि आएकोमा कारवाही हुंदा यस विभागमा के व्यवस्था छ सो को जानकारी अर्थ मन्त्रालयबाट प्राप्त गर्ने गरी मिति २०५४।९।२३ मा विशेष सचिव स्तरीय ( कृषि मन्त्रालय) निर्णय भए बमोजिम पठाउंदा अर्थ मन्त्रालय मूल्य अभिबृद्धि कर विभागको च.नं. ३०२९ मिति २०५४।११।२० को प्राप्त पत्रबाट मूल्य अभिबृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ अनुसार बार्षिक रु.२० लाख भन्दा बढीको कर योग्य कारोवार भएमा वा बार्षिक रु.१ लाख भन्दा बढीको पैठारी गर्ने भएमा मूल्य अभिबृद्धि करमा दर्ता हुनु पर्ने व्यवस्था छ । सहकारी संघ संस्थाहरुको कारोवार सो अनुसार भएमा मूल्य अभिबृद्धि करमा दर्ता गर्नु पर्ने छ । मूल्य अभिबृद्धि कर ऐन २०५२ को अनुसूची १ को कर छुटका वस्तु तथा सेवाहरुको मात्र कारोवार गर्ने भएमा मूल्यअभिबृद्धि करमा दर्ता गर्नु नपर्ने व्यहोरा समेत अनुरोध छ । भनी आए अनुसार सबै जिल्ला सहकारी कार्यालयहरुमा जानकारी पठाई दिने भन्ने आदेश भए बमोजिम परिपत्र गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

बोधार्थः
श्री मूल्य अभिबृद्धि कर विभाग,
सातदोवाटो, ललितपुर :- तहांको उक्त पत्रको सन्दर्भमा ।

द ..........................
शाखा अधिकृत

फोन नं. ५५२२१७७

**श्री ५ को सरकार**

**कृषि मन्त्रालय**

**सहकारी विभाग**

**(अनुगमन तथा मूल्यांकन शाखा)**

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- ०५३।५४
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-२०५३।९।२३

**विषयः- सहकारी विभागको अपिल ।**

श्री...............................संघ, संस्था लि.
.................................................. ।

सहकारी संघ,संस्थाहरु जनताको ईच्छा, आवश्यकता अनुरुप स्वस्फूर्त रुपमा सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका स्वायत्त र संगठित संस्था हुन् । यस्ता संस्थाहरु निश्चित उद्देश्य लिएर प्रजातान्त्रिक ढंगले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरिएको विनियम बमोजिम संचालन गरिएका हुन्छन् । सहकारी ऐन, २०४८ लागू भएपछि प्रत्येक संघ, संस्था स्वायत्त भएको हुंदा स्व-व्यवस्थापन, र स्वा-नियन्त्रणको सिद्धान्त अनुरुप यी संचालन हुँदै आई रहेको छन् ।

सहकारीताको विश्वमा आफ्नै पहिचान छ । सहकारीता सम्बन्धि अन्तरराष्ट्रिय सहकारी निकाय (संगठन) द्वारा प्रतिपादित आफ्नै सिद्धान्त छन् र प्रायशः सहकारीताका सिद्धान्तहरु सबै राष्ट्रले स्वीकार गरेको पनि छ । हाम्रो देशमा पनि सहकारीताका सिद्धान्त एवं प्रचलित सहकारी ऐन, नियममा भएका कानूनी प्रावधानहरु स्वीकार गरि सहकारी ऐन, २०४८ बमोजिम सहकारी संघ, संस्था दर्ता गरिएका छन् र यसरी सहकारी ऐन अनुरुप दर्ता भएका सहकारी संघ, संस्थाहरुले सहकारी ऐन, नियममा व्यवस्था भए बमोजिम दर्ता भएको तीन महिना भित्रमा प्रारम्भिक साधारण सभा बोलाउने, आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्रमा बार्षिक साधारण सभा बोलाउने, आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा लेखा परीक्षण गराउने, तोकिए बमोजिमका खातापत्र एवं अभिलेखहरु अध्यावधिक



राख्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा रजिष्ट्रार वा निजले तोकको अधिकारप समक्ष प्रतिवेदन दिनु पर्ने जस्ता विविध कानूनी प्रावधानहरु छन् । यसरी सहकारी ऐन, नियममा उल्लेखित कानूनी प्रावधानहरु संघ, संस्थाले पालना गर्नु पर्दछ । तरपनि कतिपय संघ, संस्थाहरुले माथि उल्लेख गरिएका कानूनी प्रावधानहरु पूरा नगरेको कारणले यस विभागलाई सहकारी संघ, संस्थाको वास्तविक अवस्था बारे स्पष्ट जानकारी हुन सकिरहेको छैन । वास्तविक जानकारीको अभावमा सहकारी आन्दोलनको लागी आवश्यक भावि दिशा पहिचान गर्न, आवश्यक नीति, रणनीति तयार गरी आन्दोलनलाई सहि दिशा तर्फ उन्मूख गराउने वातावरण श्रृजना गर्न समेत कठिनाई भएको छ । यसको साथै कतिपय संघ, संस्थाहरु दर्ता मात्र भएर निष्क्रृय रुपमा संख्या बढाउन मात्र पनि रहेका छन् ।

माथि उल्लेखित कानूनी प्रावधानहरु पूरा नगर्ने दर्ता मात्र गरेर कुनै कारोवार नगर्ने, अधिकांश समयमा तालाबन्दी रहने, आफ्नो विनियममा उल्लेखित उद्देश्य अनुरुप नचल्ने, निष्कृय रहने जस्ता सहकारी संघ,संस्थाहरुलाई त्यसै राखी छोड्नु पनि उपयुक्त हुंदैन ।

तसर्थ सहकारी संघ, संस्थाका सन्चालक लगायत व्यवस्थापन पक्षसंग सम्बन्धित सबै महानुभावहरु समक्ष आ-आफ्नो संघ, संस्थाहरुलाई कानूनी प्रावधान अनुरुप संचालन गर्न, गराउन, साथै सहकारी कार्यालयबाट समय समयमा माग गरिएको विवरण उपलब्ध गराउन, दिएका सुझावहरु कार्यान्वयन गर्ने, नियमित साधारण सभाको बैठक एवं संस्थाको हिसाव लेखापरिक्षण गराउन र सहकारी ऐन ०४८ को दफा ३४ बमोजिम संघ संस्थाको कारोवारको सम्पूर्ण स्थिति देखिने बार्षिक प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित सहकारी कार्यालयहरुमा उपलब्ध गराउन हार्दिक अनुरोध गरिएको छ । अन्यथा त्यस्ता संघ, संस्थालाई सहकारी ऐन, २०४८ को दफा ४१ (३) बमोजिम दर्ता खारेजी तर्फ कारवाही गरिने व्यहोरा समेत यसै पत्रद्वारा जानकारी गराईन्छ ।

द ......................
रजिष्ट्रार

फोन नं. ५५२२१७७

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**(कानून शाखा)**

जावलाखेल, ललितपुर
नेपाल ।

पत्र संख्या :- ०५३।५४
चलानी नं. :- १०३
प्राप्त पत्र संख्या र मिति :-

मिति :-२०५३।४।८

विषयः- संस्था दर्ता सम्बन्धमा ।

श्री जिल्ला सहकारी कार्यालय,
६८ वटै ।

उपरोक्त विषयमा प्रारम्भिक सहकारी संस्थाहरु दर्ता गर्दा त्यस्ता संस्थाको कार्यक्षेत्र सम्बन्धीत जिल्लाको कुनै गा.वि.स.वा गा.वि.स.को समूह वा कुनै नगरपालिका वा बढीमा सम्बन्धित जिल्लाभर मात्र कार्यक्षेत्र राखी संस्था दर्ता गर्ने र त्यस्ता सम्बन्धित संस्थाको कार्यक्षेत्र बृद्धि गर्नु पर्ने भएमा सम्बन्धित संस्थाको कारोवारको अवस्था हेरी कार्यप्रगतिको मूल्यांकनको आधारमा सम्बन्धित जिल्ला सहकारी कार्यालयले निरीक्षण गरी सिफारिश सहित विभागमा पठाएपछि विभागले औचित्यताको आधारमा क्रमशः कार्यक्षेत्र बृद्धि गर्ने गरी मिति २०५३।४।३ मा श्री ५ को सरकार (सचिवस्तरीय) बाट निर्णय भएको हुंदा सो अनुसार गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ :
श्री कृषि मन्त्रालय, सिंहदरवार ।
श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ।
श्री सहकारी प्रशिक्षण केन्द्, नयांबानेश्वर ।
श्री राष्ट्रिय सहकारी संघ, सुविधानगर ।

द ........................
कानून अधिकृत



# सूचनाहरू
## भाग-२

**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालय**

**सहकारी विभागको**

## जरुरी सूचना

१. सहकारी विभाग र अन्तर्गत कार्यालयहरुमा दर्ता भएका कतिपय सहकारी संस्थाहरुले सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ ले सदस्यहरुलाई प्रदान गरेको समान अधिकारलाई बन्चीत गर्ने वा विभेद गर्ने प्रकृतिका प्रावधान (जस्तै संस्थामा संस्थापक सदस्यको व्यवस्था, संस्थापक सदस्यबाट मात्र अध्यक्ष लगायतका केही पदाधिकारी निर्वाचित हुने व्यवस्था आदि) विनियममा राखेको पाईएको छ । त्यस्तो व्यवस्था सदस्यहरुका बीच समानता भन्ने सहकारीको मूल्य मान्यता र सहकारी ऐन, २०४८ को दफा १३ (२) दफा १४ (ख) र दफा २३ (४) प्रतिकूल भै खारेज भागी हुने देखिएकोले त्यस्तो प्रावधान राखिएका सम्बन्धित सबै सहकारी संस्थाहरुले प्रचलित कानुन अनुकुल हुने गरी विनियममा संशोधन गर्ने गराउने व्यवस्था गर्नु हुन अनुरोध गरिन्छ। यस अघि यस्तो प्रावधान राखी विनियममा स्वीकृति प्रदान गरिएको भए यस्तो व्यवस्था सहकारी सिद्धान्त र सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ बमोजिम स्वतः अमान्य हुने व्यहोराको जानकारी सहितको निर्देशन सबै डिभिजन सहकारी कार्यालयहरुलाई पठाई सकिएको छ। सहकारी संघ संस्थाहरुले पनि तद्अनुरुप आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ ।

२. सहकारी संस्थाहरुको निरीक्षणको क्रममा कतिपय सहकारी संस्थाहरुले गैर सदस्यसंग तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरेको पाईएकोले आफ्नो कार्यक्षेत्रका शेयर सदस्य बाहेक अरुसंग बचत संकलन तथा ऋण प्रवाह नगर्न सूचित गरिन्छ साथै आफूले स्वीकृति प्राप्त गरेको कार्यक्षेत्र भित्र मात्र कारोवार गर्नु हुन सबै सहकारी संस्थाहरुमा अनुरोध छ । सहकारी संघ संस्थासंग कारोवार गर्दा कार्यक्षेत्र भित्र बसोवास गरेका सर्वसाधारणहरुले समेत संस्थाको सदस्य भएपछि मात्र कारोवार गर्न पाउने हुंदा संस्थाको सदस्यता प्राप्त नगरे सम्म सहकारी संस्थामा कारोवार नगर्नुं हुन अनुरोध छ ।

३. एक जिल्ला भन्दा बढी कार्यक्षेत्र राखी संचालन भएका सहकारी संस्थाहरुले संस्था दर्ता भएको जिल्ला र कारोवार गरेको जिल्लामा रहेको डिभिजन सहकारी कार्यालय वा प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने डिभिजन सहकारी कार्यालयमा प्रगति विवरण तथा प्रतिवेदन बुझाउने व्यवस्था गर्न अनुरोध छ ।

४. कारोवार गरेको जिल्लामा दर्ता नभई शाखा, उपशाखा खोली कार्यरत रहेका सहकारी संस्थाहरुको विवरण तथा निरीक्षण प्रतिवेदन संस्था दर्ता भएको जिल्ला र विभागमा पठाउनु हुन सम्बन्धित सबै सहकारी कार्यालयहरुलाई जानकारी गराईन्छ ।

गोरखापत्र २०६४।५।२१

## सहकारीको लेखापरीक्षण गर्दा लेखारीक्षकले ध्यान दिनु पर्ने कुराहरुः (कार्य विधि निर्देशिका)

१. सहकारी ऐन, नियम, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट गरिएका परिपत्र संस्थाको विनियम र कार्य योजना अनुरुप काम कारवाही भएको छ छैन ?
२. संस्थाले बार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी लागु गरेको छ छैन त्यसको कार्यान्वयनको स्तर कस्तो छ ?
३. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट समय समयमा निरिक्षण भै दिइएको प्रतिवेदनमा औल्याइएका सुझावहरु कार्यान्वयन भएको छ छैन ।
४. संस्थाको विनियममा उल्लेखित उद्देश्य अनुसार संस्थाले कारोवार गरेको छ छैन ?
५. आन्तरिक नियन्त्रण पद्धति (Internal Control System) प्रभावकारी छ छैन ?
६. व्यवस्थापकले तयार गरेको नगद प्रवाह विवरण, आय विवरण र वासलात संस्थाले राखेको रेकर्ड संग भिडेको छ छैन ? वासलात अनुरुप शेयर, बचत, ऋण, लिनु पर्ने दिनुपर्ने हिसाव व्यक्तिगत खाता संग भिड्छ ड्दिैन ।
७. सहकारी लेखा प्रणाली अनुसार विभागिय निर्देशन अनुरुप चार खाता राखी खाता अध्यावधिक वनाएको छ छैन ?
८. संस्थाले बचत नीति, ऋण नीति, लगानी नीति, व्याजदर नीति आदि आवश्यक नीतिहरु र सहकारी ऐन नियम बमोजिम कर्मचारी प्रशासन नियमावली, आर्थिक प्रशासन नियमावली तयार गरी लागू गरेको छ छैन ?
९. सहकारी ऐन, २०४८ को दफा ३४ बमोजिम सहकारी कार्यालयलाई दिनुपर्ने विवरणहरु पठाएको छ छैन ?
१०. संस्थाले प्रत्येक आ.ब. को हिसाव जांच पछी वचतबाट सहकारी ऐनको दफा २७ (१) बमोजिम जगेडाकोष खडा गरी बांकी रकम सहकारी नियमावली ०४९ को नियम १९ अनुरुपका कोषमा राखिएको छ छैन ? शेयर लाभांस कोषबाट १५% वितरण गरी सकेपछि बांकी रकम जगेडाकोषमा फिर्ता लैजाने नीति छ छैन ?
११. शेयर पूंजीको बार्षिक १५% भन्दा बढी लाभांस वितरण गरिएको छ छैन ?
१२. संस्थाका संचालकहरुले पेश्की लिई लामो समय सम्म फछ्र्यौट नगर्ने, तलव भत्ता एवं अन्य सुविधा के कस्ता निर्णयबाट लिने गरेका छन् ? १ भन्दा बढी संचालकले प्रवन्धकिय कार्यमा संलग्न भए वापत भनि पारिश्रमिक लिने गरेका छन् छैनन् ?
१३. संस्थाको रकमबाट संचालकहरुले निजी व्यवसाय संचालन गरेको छ छैन ? त्यसो गर्ने संचालक माथी कानून कारवाही गरिएको छे छैन ?
१४. ऋण लगानी र बचत व्याजदर अन्तर (Spread) कस्तो छ ? राष्ट्र बैंकको नीति अनुरुप छ छैन ?



१५. संरक्षित पूंजीकोष कारोवारको आधारमा बाढ्नु पर्नेमा के कसरी वितरण गर्ने नीति छ । कर्मचारी बोनसकोष के कसरी बाध्ने गरेको छ ? सहकारी शिक्षाकोष र सहकारी विकास कोषको उपयोग नीती के कस्तो छ ?
१६. बचत परिचालन सम्बन्धी अल्पकालीन र दिर्घकालिन नीति तर्जुमा गरेको छ छैन ?
१७. ऋणको वर्गिकरण गरी जोखिमकोष छुट्टयाउनु पर्ने व्यवस्था अनुरुप जोखिमकोष छुट्टयाइएको छ छैन ?
१८. नगद रकम राख्ने जिम्मेवारी तोकिएको छ छैन ? तोकिएको भए तरलताको स्थिति कस्तो छ ।
१९. सदस्यतामा विभेद गरी शेयर सदस्य र कारोवारी सदस्य गरी विभेद गरिएको छ छैन ?
२०. सदस्य वाहेक अन्यलाई ऋण लगानी गरिएको छ छैन ? र चक्रबृत्ति व्याज प्रणाली छ छैन ? विनियम वा नीतिले तोके भन्दा बढी रकम लामो समयसम्म नगदमै राखिएको छ छैन ?
२१. ऋण लगानी सीमा निर्धारण भए नभएका, लगानी तमसुक लगायत धितो कागजात अद्यावधिक भए, नभएको ?
२२. श्रोतमा लाग्ने कर कट्टी गरी लगानी भुक्तानी दिने व्यवस्था छ छैन ।
२३. ICAN Standard अनुरुप लेखा पालन भएको छ छैन ।
२४. सदस्य कारोवा, गैर सदस्य कारोवार र मात्रा, कारोवारी सदस्यको मात्रा तथा त्यसमा भएको बृद्धि वा कमी आदी देखाउने विवरणहरु राखिएको छ छैन ?
२५. व्यवस्थापकीय सुधारका लागि बचत तथा ऋण सहकारी संस्थाका लागि PEARLS विश्लेषण समावेश भएको छ छैन ?
२६. सहकारी संस्थाले संचालन गरेको शिक्षा, तालिम, न्याली, गोष्ठी, भेटघाट कार्यक्रम, चेतनामूलक कार्यक्रमको उपलब्धी के कस्तो रह्यो ?
२७. सहकारी संस्थाहरुबाट लगानी गर्ने गरिएको ऋणको प्रकार, ऋणको अवधि, उद्देश्य, भाखा नाघेको ऋणको वर्गिकरण (६ महिना सम्म, १ वर्ष सम्म र १ वर्ष भन्दा बढी) व्याजदर सीमा र व्याजदर अनुरुप भए नभएको विवरणहरु, भाखा नाघेको र ननाघेको ऋणको जोखिम व्यवस्थाकोष (Provision) छुट्याए, नछुट्याएको र छुट्याएको भए पूर्ण रहेको वा नरहेको, ऋण असुली प्रक्रिया नियमीत रहे नरहेको, ऋण सुरक्षित छ भन्ने प्रयाप्त आधार भए नभएको ।
२८. संस्थाले संचालन गरेको बचत र त्यसका प्रकार, अवधि, व्याजदर, बचत परिचालनको मात्र, परिणाम, तरलताको व्यवस्था, भुक्तानी व्यवस्था, अवधि पुगेको बचत (Matured saving) को हिसाव देखाउने खाता रहे नरहेको तथा बचतमा भएको बृद्धि, व्याजदर र व्याजदरको स्थिति के कस्तो रहेको ?

२९. उत्पादन र प्रशोधनमूलक सहकारीमा प्रति ईकाई लागत, प्रति ईकाई आम्दानी, कारखाना लागत, संस्थागत अन्य लागत, विक्री मूल्य, थोक कमिशन जस्ता कुराहरुको अतिरिक्त उत्पादित वस्तुको गुणस्तर, मात्रा तथा बृद्धि जस्ता कुराहरुको स्थिति के छ।

३०. संस्थाको नियमित आम्दानीको श्रोतहरु, श्रोत परिवर्तनको अवस्था, खर्चका श्रोतहरु, खर्चको परिमाण र बृद्धिबाट खुद वचतमा परेको सकारात्मक वा नकारात्मक भार वा परिमाण के छ ?

३१. अनावश्यक मसलन्द र सामाग्री खरिद गर्ने प्रबृत्ति छ छैन ?

३२. हिसाव किताव कम्प्यूटरमा राखेको भए साप्ताहिक वा अर्ध साप्ताहिक Back Up गरेको छ छैन ? Print निकालेर प्रमाणित गर्ने गरेको छ छैन ?

३३. विक्रीका लागि खरिद सामानहरुको सहायक खाता र स्टक अद्यावधिक गरे नगरेको ?

३४. सहकारी कार्यालयबाट प्राप्त हुने तालिम तथा प्रशिक्षणका लागि सदस्यहरुको मनोनयन निस्पक्ष भए नभएको तथा समान मौका पाए नपाएको साथै संस्थाबाटै हुने तालिममा निस्पक्ष सहभागी छनौट भए नभएको ?

३५. संस्थाले ऋण चक्रबृद्धि व्याजदर, समदर (Flat rate) व्याजदर घट्दो व्याजदर मध्ये कुन अवलम्वन गरेको छ त्यसको विवरणका अतिरिक्त सेवा शुल्क वापत अनावश्यक रकम असुली गर्ने तथा सुरुमै बार्षिक व्याज असूली भएको छ छैन ?

३६. गत आ.ब.को सदस्य संख्या, महिला, पुरुष र यस आर्थिक वर्षको सदस्य संख्या, महिला र पुरुषको यथार्थ विवरण राखेको छ छैन ?

३७. संस्थाले तिरेको बचतको व्याज, कर, मालपोत, राजश्व, आयमा कर तथा जरिवाना र अन्य कर के कति बुझाइएको छ ?

३८. संस्थाका सदस्यहरुको उत्पादन वजारीकरण गर्दा त्यसमा के कस्ता समस्याहरु देखा परेको छ र त्यसको समाधानका लागि भैरहेको प्रयासमा के कस्ता खालका त्रुटीहरु देखिएको छ ?

३९. सहकारी मूल्य, मान्यता एवं सिद्धान्त बमोजिम संस्था संचालन भएको छ छैन ?

४०. सहकारी संस्थाहरुमा पुराना सदस्यहरु अकस्मात घटाई नयां सदस्यहरु ठूलो मात्रामा प्रवेश गराएको छ छैन ?

४१. सहकारी विभाग वा डिभिजन सहकारी कार्यालयको स्वीकृति पत्र विना विनियममा थप घट गरेको छ छैन, नयां विनियम वा पुनरलेखन छपाई गरेकोमा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरेको छ छैन।

४२. सहकारी संस्थाले खरिद विक्री कारोवार गरेकोमा सबै देखाउनु पर्नेमा सो नगरी संस्थाले पाउने नाफा मात्र देखाएको छ छैन ?

२०६४।४।२५ को गोरखापत्र



# नेपाल सरकार
# कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
## सहकारी संघ/संस्थाहरुलाई सूचना अभिलेख तथा हिसाव जांच सम्बन्धि सूचना

सहकारी ऐन, २०४८ अनुसार सूचना अभिलेख तथा हिसाव जांच सम्बन्धी व्यवस्था अन्तरगत परिच्छेद ८ को दफा ३७ मा सहकारी संघ/संस्थाहरुले निम्नानुसार आर्थिक कारोवारको हिसाव जांच गर्नु पर्ने व्यवस्था भएको हुंदा सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सोही अनुसार गर्नु गराउनु हुन सहकारी विभाग हार्दिक अनुरोध गर्दछ।

**निर्णयको अभिलेख राख्ने** : प्रत्येक संस्था वा संघको आफ्नो साधारण सभा, समिति, लेखा समिति तथा उपसमितिहरुको बैठक तथा तिनीहरुले गरेको काम कारवाहीहरुको अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

**लेखा तथा अन्य अभिलेख** : प्रत्येक संस्था वा संघले आफुले गरेको सम्पूर्ण कारोवारहरुको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरु व्यवस्थित गरि राख्नु पर्नेछ।

**सूचना दिनु पर्ने** : प्रत्येक संस्था वा संघले प्रत्येक वर्ष कारोवारको बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको साथै देहायका विवरणहरु समावेश भएको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ :

- बचत वितरण सम्बन्धी तय गरेको नीति तथा योजना
- संचालकहरुको नाम तथा बांकी कार्यावधिको सूचि
- साधारण सभाको बैठकको निर्धारित मिति र
- समय समयमा रजिष्ट्रारले तोकिएको अन्य विवरण।

➢ संघ/संस्थाले प्रत्येक आर्थिक वर्षको हिसाव जांच सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारीले स्वीकृति दिएको कुनै दर्तावाला लेखापरिक्षकद्वारा गराउनु पर्नेछ।

➢ रजिष्ट्रारको स्वीकृती लिई सम्बन्धित संघ/संस्थाको साधारण सभाले दर्तावाला लेखापरिक्षक नियुक्त गरि संस्था वा संघको हिसाव जांच गराउन सक्नेछ।

➢ लेखापरिक्षक नियुक्ति गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार तीन पटक भन्दा बढी नियुक्त गर्न सकिने छैन।

➢ हिसाव जांचको प्रतिवेदन साधारण सभामा पेश गरि अनुमोदन गराउनु पर्नेछ।

➢ साधारण सभामा हिसाव जांच प्रतिवेदन पेश हुंदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखा परिक्षक नियुक्त गरि जांचबुझ वा पुनः हिसाव जांच गराउन सक्नेछ।

➢ लेखापरिक्षकको पारिश्रमिक र सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुन्छ।

# नेपाल सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
## सहकारी संघ/संस्थाको लेखा परीक्षण गर्ने लेखा परीक्षकहरुलाई विशेष सूचना

सहकारी संघ/संस्थाको लेखापरीक्षण गर्ने कार्यमा एकरुपता ल्याई सहकारी संघ संस्थाहरुको यथार्थ विवरण प्राप्त गर्ने कार्यमा लेखापरीक्षकहरुको भूमिका अहंम रहने भएकोले लेखापरीक्षण गर्दा ICAN को मापदण्ड समेत कायम गरी प्रतिवेदनमा निम्न विषयहरु अनिवार्य रुपमा खुलाई पेश गर्न सम्बन्धित लेखापरीक्षकहरुलाई यो सूचना जारी गरिएको छ।

- संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गरे नगरेको, नगरेको भए विषयहरु
- सहकारी ऐन, नियम, नीति, परिपत्रहरु पालना गरेको/नगरेको, नगरेको भए पालना नभएको विषयहरु
- सदसयलाई संस्थाको गतिविधि/निर्णय जानकारी गराउने संयन्त्र, सूचना पाटी, बोर्ड, पत्रिका अन्य भए खुलाउने
- कार्यक्षेत्र भित्र सदस्यहरुलाई सक्रिय सहभागीताका लागि जागरुक गराउने प्रणाली
- संस्थाको आर्थिक गतिविधिको अवसर बारे सदस्यहरुमा सहज पहुंचको व्यवस्था
- शेयर सदस्यहरुको विवरण (महिला र पुरुषको छुट्टा छुट्टै )
- शेयर सदस्य र कारोवारी सदस्य भनी सदस्यमा विभेद गरेको छ/छैन, भए शेयर सदस्य संख्या कारोवारी सदस्य संख्याको विवरण
- सहकारी लेखा प्रणाली अनुसार संस्थाले राख्नु पर्ने चार खाताहरु दुरुस्त राखेको छ छैन। छैन भने के कस्ता र कुन रेकर्डका आधारमा लेखापरिक्षण गर्नु भयो, स्पष्ट खुलाउने
- संस्थाको कुल शेयर रकम
- शेयर सदस्यको जम्मा बचत र जम्मा लगानी
- गैह्र सदस्य/कारोवारी सदस्य संग बचत जम्मा गरेको भए सो को छुट्टै विवरण
- संस्थाले राखेको तरलताको प्रतिशत, तरलता रकम कहां. रहेको खुलाउने
- व्याजदर सदस्यले बचत गर्दा पाउने, संस्थाले ऋण लगानी गर्दा सदस्यबाट लिने,
- चक्रबृद्धि व्याज लगाएको छ छैन
- विना धितो लगानी गरेको भए सो को विवरण
- लगानी खोखिमकोष र जोखिमका अन्य उपायहरु के के अवलम्वन गरेको छ खुलाउने।
- जगेडाकोष र अन्य कोषहरुको परिचालन
- संस्थाको विनियममा उल्लेखित उद्देश्य र कार्य भन्दा बाहिर लगानी गरेको छ छैन, छ भने केमा र कति छ।
- नगद प्रवाहको स्थिति के छ।
- सेवा शुल्क कति प्रतिशत लिने गरेको छ।
- लेखापरिक्षण गरिएको आ.ब.मा रहेको लगानी असुली, शेयरपूंजी, बचत, सदस्य संख्या खुलाउने।
- संस्थाको कार्यक्षेत्र।

पुनश्च : कम्प्यूटरमा मात्र राखिएको रेकर्डका आधारमा लेखापरिक्षण नगर्नु हुन जानकारी गराईन्छ।

मिति २०६३।४।३१ को कान्तिपुर



# नेपाल सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभागको
## सूचना

सहकारी ऐन २०४८ को दफा ५(१) ले प्रचलित सहकारी सिद्धान्तहरुलाई समेटेको र सहकारी विभागबाट समय समयमा सहकारीका मुल्य एवं सिद्धान्तहरुका आधारमा नीतिगत निर्णय गरि सार्वजनिक गरिएको निम्न विषयलाई समेत सहकारी संस्थाहरुले अनिवार्य रुपमा पालना गरि सहकारी विभागलाई सहयोग गर्न हार्दिक अनुरोध छ।

- सहकारी संस्था समुदायमा आधारित रही संचालन गर्नु पर्ने हुंदा कुनै पनि संस्थाले शाखा खोली कारोवार गर्न पाइदैन। सहकारी विभागबाट यस अघि खोल्न दिइएको स्वीकृतिका आधारमा शाखा खोली सकेको शाखाहरुलाई समेत स्थानीयकरण गर्न र नयां शाखा नखोल्न सबै संस्थाहरुलाई निर्देशन दिइसकेको छ।
- संस्थाले विनियम बाहेक आफ्नो कारोवार गर्न नियमहरु बनाई सोही बमोजिम लागु गर्नु पर्नेछ। जस्तो ऋण लगानी तथा असुली नियम, आर्थिक तथा प्रशासनिक नियम आदि।
- आम्दानीको अनुपातमा प्रशासनिक खर्च सीमित गर्ने । संस्थाको आम्दानीले धान्न नसक्ने गरि कर्मचारी नियुक्ति र तलव भत्ता खर्च प्रदान नगर्ने।
- संस्थाले आफना सदस्यहरु वीच मात्र कारोवार गर्नु पर्ने हुनाले उचित व्याजदर निर्धारण गर्ने साथै लोभलाग्दो र प्रचलित व्याजदरमा अपत्यारिलो व्याजदर, उपहार आकर्षण राखी भड्किलो विज्ञापन गर्नु हुंदैन।
- लगानी गर्दा प्रयाप्त सुरक्षणको व्यवस्था गरेर गर्ने। संस्थामा आवश्यक तरलता कायम गरेर मात्र लगानी गर्ने।
- संस्थाले सदस्यलाई शेयरपूंजी र बचतको रकम जोडी हुन आउने रकमको अनुपातमा मात्र ऋण लगानी गर्ने।
- निर्णय गर्दा संस्थाको सामान्य कारोवार वाहेकका विषयहरुमा साधारणसभाबाटै निर्णयहरु गर्ने।
- संचालक समितिले संस्थालाई असर पर्ने कुनै निर्णय गरि साधारणसभामा अनुमोदनका लागि पेश गरेमा सभाले त्यस्तो निर्णयको अनुमोदन गर्नु हुंदैन।
- संस्थाले व्याजदर प्रचलित वजार दरका आधारमा परिमार्जन गर्नुपर्दछ। अन्यथा पूंजीको सही लगानी हुन सक्ने वातावरण वन्दैन। संस्थाले बढी व्याजदर प्रदान गरेर सदस्यको भलाई गरेको हठर्दैन । सदस्यलाई व्यवसाय उन्मुख गराउन सहयोग गर्नु पर्दछ। आकर्षक व्याजदर तोकी विज्ञापन गरेर रकम संकलन गरि पूंजीको उपयोग हुन नसक्ने

अवस्थाले संस्थालाई नराम्रो असर पार्दछ । त्यसैले चलन चल्तीको भन्दा बढी व्याजदर साधारणसभाले पारित गर्नु हुंदैन ।

- पूंजीमा न्यूनतम व्याज सहकारीको स्थापित मान्यता नै हो । सहकारीले व्याज, हर्जाना, सेवा शुल्क आदि भनेर सदस्यसंग चर्को व्याज असुल गर्ने प्रयास गर्नु हुंदैन ।
- सहकारीमा "संस्थापक सदस्य" को व्यवस्था नभएकोले कुनै संस्थाले संस्थापक मध्येबाट संचालक सदस्यताको व्यवस्था गरेको भए त्यस्तो व्यवस्थालाई साधारणसभाबाट खारेजी गरि सम्बन्धित डिभिजन सहकारी कार्यालयमा स्वीकृतिका लागि पेश गर्नु पर्दछ ।
- प्रत्येक संस्थाले बार्षिक रुपमा अनिवार्य लेखापरिक्षण र साधारणसभा गराउनु पर्दछ ।

मिति २०६३।६।२९ को गोरखापत्र



## नेपाल सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभागको
## सहकारी संघ/संस्थासंग सम्बद्ध सबैले अनिवार्य रुपमा पालना गर्नु पर्ने आधारभूत सहकारी सिद्धान्तहरु सम्बन्धित सार्वजनिक सूचना

अर्न्तराष्ट्रिय सहकारी महासंघ (ICA) ले प्रतिपादन गरेका ७ वटा सहकारी सिद्धान्तहरु सहकारी संचालनका आधार स्तम्भहरु हुन ती सिद्धान्तहरुको पालना गर्नु प्रत्येक सहकारी संघ/संस्थाको जिम्मेवारी हो । यसरी प्रतिपादन गरिएका सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् ।

१. **स्वेच्छाले तथा खुला सदस्यता** : संस्थाको सदस्यता प्राप्त गरि सेवा प्राप्त गर्न इच्छुक तोकिएको योग्यता पुगेको व्यक्तिलाई लिंग, जाती, वर्ग, धार्मिक तथा राजनैतिक आस्थाको आधारमा भेदभाव नगरी सदस्यता प्रदान गरिन्छ ।

२. **सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण** : संस्थाको साधारण सभा संस्थाको सर्वोच्च अंग हो र संस्थाका सबै सदस्यहरु साधारणसभाका सदस्य हुने भएकोले "एक व्यक्ति एक मत" को सिद्धान्तको आधारमा सबै सदस्यहरुले संस्थाका सबै निर्णयहरुमा भाग लिने अधिकार हुन्छ ।

३. **सदस्यहरुद्वारा आर्थिक सहभागिता** : सदस्यहरुको संस्थाको पूंजिमा न्यायिक तथा समान सहभागिता र प्रजातान्त्रिक नियन्त्रण हुने भएकोले संस्थाबाट न्यायोचित र समानुपातिक लाभ सदस्यहरुले प्राप्त गर्न सक्दछन् ।

४. **स्वायत्तता र स्वतन्त्रता** : सहकारी संस्थाहरु सदस्यहरुद्वारा स्वनियन्त्रित र स्वसंचालित हुने भएकोले अनुचित रुपमा वाह्य हस्तक्षेप हुनु हुंदैन ।

५. **शिक्षा तालिम र सूचना** : सहकारी शिक्षा, तालिम र व्यवसाय सम्बन्धि सूचना प्राप्त गर्नु सदस्यहरुको आधारभूत अधिकार भएकोले संस्थाहरुले आफ्ना सदस्यहरुलाई सहकारी शिक्षा, तालिम र सूचना नियमित रुपमा प्रदान गर्ने गर्नु पर्दछ ।

६. **सहकारीहरु बीच पारस्परिक सहयोग** : सहकारी संस्थाहरुले आफू एक अर्काको प्रतिष्पर्धा नभई पारस्परिक सहयोगिको अन्तरसम्बन्ध स्थापित गरि आ-आफ्ना सदस्यहरुको उन्नतीमा जुट्ने बाटो अपनाउनु पर्दछ ।

७. **समुदाय प्रति चासो** : सदरुयहरुको आर्थिक हितका अतिरिक्त सहकारी संस्थाहरुले सामुदायिक विकासको लागि पनि काम गर्नु पर्दछ ।

मिति २०६३।७।२९ को गोरखापत्र

# नेपाल सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभाग
## सहकारी संघ/संस्था तथा सदस्यहरुका निमित्त जारी गरिएको सूचना

सहकारी गतिविधिलाई व्यवस्थित, नियमबद्ध र प्रभावकारी रुपमा संचालन गरी सहकारी संघ संस्थालाई स्थानिय स्तरको आर्थिक तथा सामाजिक विकासको माध्यमको रुपमा उपभोग गर्न आवश्यक वातावरण निर्माण गर्ने कार्यमा सहकारी विभाग क्रियाशिल रहेको छ। सहकारीताको मूल्य र मान्यतालाई पूर्ण रुपमा अनुशरण गर्दै सिद्धान्तनिष्ठ सहकारी पद्दतीको निर्माण गर्ने दिशामा विभागले गरि रहेको प्रयासलाई सफल बनाउन सम्पूर्ण सहकारी संघ संस्थाहरु तथा सहकारी कर्मीहरुले पनि आफ्ना क्रियाकलाप संचालन गर्दा देहायका पक्षमा विचार पुऱ्याउनु हुन यो विभाग सम्बन्धीत सबैमा जानकारी गराउंदछ ।

१. सहकारी संघ संस्था मूलतः आफूले आफ्नै भलाईका निमित्त परिचालन गर्ने संयन्त्र हुन। सहकारी प्रणालीभित्र छिरेपछि एक आपसमा सहयोगको भावना बढाउनु पर्दछ। त्यसैले सहकारी संघ संस्थाको स्थापना र संचालन गर्दा अरुको निमित्त नभई सदस्यको हितको ख्याल गर्नु पर्दछ ।

२. सहकारी संघ संस्थाहरु इमान्दारीता र पारदर्शिताको आधारमा संचालन हुनु पर्दछ । आपसी विश्वास नै सहकारीताको मूल आदर्श हो । तसर्थः सहकारी संघ संस्थाका प्रत्येक सदस्यहरुले आफ्नो कार्यप्रति आफैले उत्तरदायित्व वहन गर्ने प्रणाली ( स्वउत्तरदायित्व) विकसित गर्नु पर्दछ । व्यक्तिगत आचरण, व्यवहार र कार्यशैलीमा उत्तरदायित्व प्रवर्द्धन गर्ने संस्कारको विकास गर्नु पर्दछ ।

३. सहकारीता प्रजातान्त्रीक मूल्य र मान्यतामा सन्चालित हुने पद्दती हो। तसर्थ, सहकारी संघ संस्थाको गठन, कार्य सन्चालन एवं निर्णय प्रक्रियामा प्रजातान्त्रीक प्रक्रियाको अवलम्वन गर्नु पर्दछ । वहुमतको निर्णय र भावनालाई संस्था संचालनको आधार बनाउनु पर्दछ ।

४. सहकारी संघ संस्थाहरु समुदायमा स्थापना हुने संयन्त्रहरु हुन । समुदायमा रहेको जातीगत, धार्मिक तथा सांस्कृतिक विविधता संस्थामा पनि रहनु स्वाभाविक हो। जाती पाती, धर्म वर्ण, वा लिंङ्गका आधारमा सहकारीको सदस्यताका निमित्त कसैलाई विभेद गरिनु हुंदैन । क्षेत्रगत, भाषागत एवं समुदायगत रुपमा विभेद नगरी समानताका आधारमा सदस्यता लिनु दिनु पर्दछ ।



५. सहकारी संघ संस्थामा रहेको लगानीका आधारमा संस्थाको कार्यमा दवाव वा नियन्त्रण गर्न सकिंदैन। लगानीको मात्रा जतिनै भएपनि संस्थामा सदस्यहरुको अधिकार समान हुन्छ। लगानीबाट पाउने प्रतिफल लगानीले नै निर्देशित गरेतापनि व्यवस्थापन पद्धतीमा लगानीकै आधारमा नियन्त्रण गर्ने अधिकार हुंदा । यसैलाई सहकारीको विशेषता नै मानिन्छ ।

६. सहकारी संघ संस्थाले प्रत्येक व्यक्तिको व्यक्तिगत आवश्यकतालाई सामूहिक रुपमा परिपूर्ति गर्ने बाटो खोल्छ। त्यसैले सहकारी संस्थामा आवद्ध भएमा सदस्यहरु आफ्नो भलाईका लागि एक्यवद्ध भई काम गर्नु पर्दछ। व्यक्ति व्यक्तिको फाइदा भन्दा समूहको फाइदा कहां र कसरी हुन्छ भन्ने विषयमा सहकारी संघ संस्थाहरुका क्रियाकलापहरु निर्देशित हुनु पर्दछ ।

७. सहकारी संघ संस्था समूदायमा स्थापना हुने र समुदायमा नै क्रियाशिल हुने कारण समाजको भलाईका बाटोमा संस्था लाग्नु पर्दछ । समाजले सहकारी संस्थालाई हेर्ने दृष्टिकोणलाई राम्रो बनाउने तर्फ सहकारी संस्थाका सदस्यहरु क्रियाशिल हुनु पर्दछ।

८. सहकारी संघ संस्थामा कसैको कर काप विना सदस्य बन्ने र छोड्ने स्वतन्त्रता हुनु पर्दछ। संस्थाको सदस्यता छोड्दा आफ्नो लगानी अरुको नाममा हस्तान्तरण वा वेच विखन होइन, फिर्ता लिएर छुट्टीनू पर्दछ । खुल्ला रुपमा आफ्ना कार्यक्षेत्र भित्रका योग्यता पुगेका व्यक्तिलाई सदस्यता दिने र सदस्यताबाट स्वेच्छाले हट्न सकिने प्रावधान हुनु पर्दछ ।

मिति २०६२।११।१० को समाचार पत्र

**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभाग**
**सम्पूर्ण सहकारी संघ/संस्था तथा सदस्यहरुका लागि जारी गरिएको सार्वजनिक सूचना**

सहकारी संघ संस्थाहरुलाई स्थानिय आवश्यता र दक्षता बढाउने संस्थागत संयन्त्रको रुपमा उपभोग गर्न सहकारी सिद्धान्त, सहकारी ऐन, २०४८ तथा नियमावली २०४९ को भावनाको पूर्ण उपयोग गर्न जरुरी हुन्छ । विधि सम्मत तथा सिद्धान्तनिष्ठ सहकारी क्रियाकलापले सहकारी संघ संस्थाको व्यवस्थापकीय पद्दतीमा सुधार आउने सहकारी संघ संस्थाका सदस्यहरुको हित प्रवर्द्धन हुने र समग्रमा सहकारीताको क्षेत्रले सकारात्मक गति लिने तथ्यलाई मध्यनजर राख्दै सहकारी संघ संस्थाको गठन एवं संचालनमा देहायका पक्षमा विचार गर्न सहकारी विभाग सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

१. प्रत्येक सहकारी संघ संस्थाको साधारणसभामा संघ संस्थाका सम्पूर्ण सदस्यहरुले उपस्थित हुन पाउने अधिकारलाई सुनिश्चतता प्रदान गरी प्रजातान्त्रीक ढंगबाट संस्थाको बजेट, लेखापरिक्षण प्रतिवेदन एवं भावी कार्यक्रमहरु अनुमोदन गराउने ।
२. सहकारी संघ संस्थाले सहकारी ऐन, २०४८ को दफा ३४ बमोजिम वुझाउनु पर्ने विवरणहरु अनिवार्य रुपमा निर्धारित समयमा नै दिने । यसरी विवरण वुझाउंदा संघ संस्थाको लगानी, असुली, ऋण विवरण (कूल) तथा मासिक रुपमा पठाउने ।
३. वि.सं.२०४८ अगाडी दर्ता भै संचालनमा रहेका तत्कालिन सहकारी, संस्थाहरुको विवरण विशेष गरी साविकमा कृषि विकास बैंकबाट प्राप्त ऋण, उक्त ऋणबाट प्राप्त भएको रकमबाट भएको लगानीको स्वरुप तथा ऋणको बांकी बक्यौता (सांवा र व्याज) एवं धिता राखेको घर, गोदाम तथा अन्य सम्पत्तीको अद्यावधिक विवरण यथाशिघ्र सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पठाउने ।
४. साधारणसभा सहकारी संघ संस्थाको प्रभावकारी संचालनका निमित्त महत्वपूर्ण आधार हो । संघ संस्था संचालनको क्रममा सहकारी ऐन २०४८ तथा नियमावली २०४९ बमोजिम साधारणसभाको अधिकार क्षेत्रभित्रको कार्य गर्न संस्थाको भावी कार्यदिशा तयार गर्न तथा संस्थाका हित सम्बन्धी विषयमा अन्तिम निर्णय गर्ने अधिकार प्रदान गर्ने ।
५. सहकारी ऐन २०४८ ले प्रत्येक जिल्लामा ५ वटा एकै विषयका सहकारी संस्थाहरु स्थापना गर्न सकिन्छ । तर जिल्लामा रहेको बहुउद्देश्यीय सहकारी संस्थाहरुको विषयगत जिल्लासंघ दर्ता हुन सक्दैन । यी संस्थाहरु जिल्ला सहकारी संघमा आवद्ध हुने ।
६. सहकारी संस्थाहरुको स्थापना जुन उद्देश्य र प्रयोजनका लागि गरिएको हो । सोही उद्देश्य अनुसार नै संचालन गर्ने । स्वीकृत विनियममा उल्लेखित उद्देश्य र कार्य विपरितको कार्य गैर कानूनी हुने भएकोले त्यस्ता कामहरु नगर्न सबै संस्था, शेयर सदस्य तथा संचालकहरु सचेत हुने ।

मिति २०६२।१०।२ को गोरखापत्र



**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालय**
**सहकारी विभागको**
**सहकारी संघ/संस्था तथा सर्वसाधारणका लागि**
**जारी गरिएको सूचना**

सहकारी संघ/संस्थालाई व्यवस्थित, मर्यादित, सदस्य केन्द्रिय एवं सदस्यको आर्थिक एवं सामाजिक हितमा क्रियासिल रहने तुल्याउने दायित्व सम्बन्धित संघ/संस्था सदस्य एवं श्री ५ को सरकारको हो । सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ तथा अन्तरराष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सहकारी सिद्धान्तहरु सहकारी संघ/संस्था संचालनका आधारहरु हुन् । सहकारी संघ/संस्था तथा सदस्यहरु यिनै आधारहरु प्रति वचनवद्ध भई क्रियाशील रहनु पर्दछ । सहकारी विभाग पनि सहकारी संघ/संस्थाको विकास सक्रियताका लागि उपरोक्त आधारहरुको पूर्ण पालना गर्न क्रियाशील छ र सम्बन्धित सबैबाट समेत ती आधारहरुको पूर्ण पालनाका निमित्त देहायका विषयहरुमा सजग हुन सम्बन्धित सबैलाई हार्दिक अनुरोध छ ।

- सहकारी संघ/संस्थाले आफ्नो कार्यक्षेत्र भित्र मात्र केन्द्रिय रही आफ्ना क्रियाकलाप संचालन गर्ने ।
- साधारणसभा/लेखापरिक्षण नियमित रुपमा गर्ने गराउने ।
- अनावश्यक विज्ञापन तथा उपहार लगायतका कार्यक्रम सन्चालन नगर्ने ।
- शाखाका रुपमा सन्चालनमा रहेका सहकारी संस्थाहरुले त्यस्ता शाखाहरुलाई स्थानियकरण गर्ने।
- सहकारी संघहरुले प्रारम्भिक संस्थाहरुको निमित्त सदस्यता खुल्ला र स्वैच्छिक रुपमा प्रदान गर्ने ।
- लगानीमा सदस्यलाई चर्को व्याजदर नलिने साथै सहकारी संघ संस्थाहरुले कुनैपनि प्रकारको सेवा शुल्क नलिने,
- संस्थाहरुको नेतृत्वमा महिला, दलित, उपेक्षित, उत्पीडितको सहभागिता बढाउने कार्यक्रम संचालन गर्ने, ।
- सहकारी संघ संस्थाहरुले सहकारी ऐन,२०४८ को दफा ३४ बमोजिम आ.ब. समाप्त भएको तीन महिना भित्र संघ/संस्थाको बार्षिक कारोवारको प्रतिवेदन संचालकहरुको नाम,नामेसी र बांकी पदावधीको विवरण,बचत सम्बन्धि तय गरेको नीति विवरण र साधारण सभाको प्रस्तावित मिति समेत उल्लेख गरी सम्बन्धित सहकारी कार्यालयमा पेश गर्ने,

- सदस्यहरुले पनि कम्तिमा महिनाको दुई पटक संस्थाको काम कारवाहीको निरीक्षण गर्ने,
- लेखा समितिको सक्रियता बढाउने,
- संस्थाको शेयर प्रमाण-पत्र आफ्ना सदस्यहरुका नाममा अनिवार्य रुपमा जारी गर्ने,
- संघ/संस्थाले मासिक रुपमा आफ्ना क्रियाकलापको विवरण सम्बन्धित सहकारी कार्यालयमा पठाउने,
- सम्बन्धित सहकारी कार्यालयहरुले दिएको निर्देशनको पूर्ण पालना गर्ने,

सहकारी विभागले सहकारी संघ/संस्थाको प्रभावकारिता, विश्वसनियता विधि सम्म संचालन प्रणाली र जवाफदेहिता बढाउन यस्ता सुचनाहरु निरन्तर रुपमा प्रकाशित गर्दै आएको छ । सहकारी ऐन, नियमावली सहकारी सिद्धान्त तथा यसरी समय-समयमा जारी भएका सार्वजनिक सूचनाहरुको पालना भए/नभएको विषयमा यस विभाग र अन्तर्गतका निकायहरुले निरन्तर अनुगमन र निरीक्षण पनि गरी रहेका छन् । यस प्रकारको निरीक्षणको उद्देश्य सहकारी संघ/संस्थाहरु नीति नियमको सीमा भित्र रहि संचालित हुन सकुन् भन्ने नै हो । तर निरीक्षणको क्रममा केही संस्थाहरुमा सदस्यको हित विपरित संचालकहरुले त्यसमा पनि एक/दुई जना व्यक्तिहरुले आफ्नो निहित स्वार्थ पुरा गर्न संस्थाको अधिकार र स्वायत्तताको दुरुपयोग गर्ने गरेको पाईएकोले यस तर्फ सरोकारवाला सबैको ध्यान जानु जरुरी देखिन्छ । साथै, यसरी विभाग वा विभाग अन्तर्गतका कार्यालयहरुले गर्ने निरीक्षणका क्रममा कुनै कमी/कमजोरी देखिएमा वा निर्देशनको पालना नभएमा सम्बन्धित कार्यालयले सहकारी ऐन बमोजिम कारवाही गर्ने र त्यस्तो कारवाहीको विवरण सार्वजनिक रुपमा राष्ट्रिय स्तरको पत्र-पत्रिकाहरुमा प्रकाशित गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**मिति २०६२।२।३१ को गोरखापत्र**



## श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालय
## सहकारी विभागको
## सहकारी संघ/संस्थाहरूलाई जरुरी सूचना

सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ बमोजिम स्थापना भई संचालनमा रहेका सहकारी संघ/संस्थाहरुले देहायका विषयको अनिवार्य रुपमा पालना गर्नु गराउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचाना प्रकाशित गरिएको छ ।

- सहकारी संस्थाको कारोवार आफ्ना शेयर सदस्यमा मात्र समिति हुने भएकोले कारोवारको अभिवृद्धिका निमित्त अनावश्यक विज्ञापन गरी खर्च बढाउने तथा उपहार जस्ता हल्का कार्यक्रम संचालन नगर्ने ।
- सहकारी संस्थाको शेयर पूजी तथा आर्थिक क्षमता अनुसार सदस्यहरुबाट निक्षप लिने र सोको सीमा तोक्ने ।
- सहकारी विभाग वा अन्तरगतका कार्यालबाट स्वीकृति लिई संस्थाको कार्यक्षेत्र विस्तार गरेका सहकारी संस्थाहरुले एक जिल्लामा मात्र कार्यक्षेत्र समिति गर्ने र शाखा कार्यालयहरुको नाममा स्थापना गरिएका संस्थाहरुलाई स्थानीयकरण गर्ने ।
- सहकारी ऐन नियम तथा विनियमको अधिनमा रही संघ/संस्थाको काम कारवाहीलाई सिमित गर्नुपर्ने ।
- अधिकांश सहकारी संघ/ संस्थामा रहेको शिक्षा कोषको प्रभावकारी उपयोग भएको नपाईएकोले उक्त शिक्षा कोषको उपयोग संस्थाका सदस्यको तालिम, जनशक्ति विकास लगायतका कार्यमा गर्ने ।
- सहकारी संघ/संस्थाको साधारण सभा तथा लेखापरिक्षण सहकारी ऐनले तोकेको अवधिभित्र सम्पन्न गरी सक्ने र साधारण सभामा सबै सदस्यहरुको उपस्थिति हुने वातावरणको सृजना गर्ने ।
- सम्वन्धित संघ/संस्थाहरुलाई आफ्नो क्षेत्र भित्र पर्ने प्रारम्भिक सहकारी संस्थाहरुलाई आफ्नो संघमा आवद्ध गराउने संस्थाहरुले पनि संघको सदस्यता लिई पारस्परिक सहयोग निरन्तर कायम राख्ने ।

मिति : २०६१।९।२९ कान्तिपुर

# श्री ५ को सरकार
# कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभागको
# सहकारी संघ/संस्थाहरूलाई जरुरी सूचना

सहकारी ऐन २०४८ बमोजिम स्वतन्त्र र स्वायत्तरुपले आफ्ना सदस्यहरूको लगानीबाट सदस्यहरूद्वारा नै नियन्त्रण र संचालन हुने संस्थाको रूपमा संगठित एक कानूनी व्यक्तिको हैसियतले सहकारी संस्थाको दर्ता हुने भएकोले संस्था संचालन सबै सदस्य एवं संचालकहरूले नैतिक मूल्य, इमान्दारीता, पारदर्शीता र मितव्ययिता जस्ता सहकारीका मूलभूत पक्षहरूलाई आत्मसात गर्दै सदस्यहरूको सकृय सहभागितामा सहकारी संस्था दिगो हुने हुँदा उपरोक्त पक्षहरूलाई मनन् गर्दै देहायका विषयहरू अनिवार्य रुपमा पालना गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सहकारी संस्थाले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरूः-

१. संस्थाको सदस्य दर्ता किताबमा नाम नचढेको वा शेयर प्रमाणपत्र नलिएका गैर सदस्यसँग बचत संकलन गर्ने वा निक्षेप लिने कार्य नगर्ने।
२. सहकारी संघ/संस्थाले नियमित रुपमा साधारण सभा बसाउने र लेखापरिक्षण गराउने।
३. कारोबारको प्रयोजनको निमित्त मात्र नाम मात्रको सदस्यता जारी नगर्ने र त्यस्ता सदस्यसँग कारोबार नगर्ने, नगराउने। सदस्यताका निमित्त विनियम बमोजिम सदस्य बन्न योग्य व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने।
४. इमान्दारिता, पारदर्शीता र सदस्य सहभागितालाई सहकारी संघ संस्था संचालनको मूल मर्म बनाउने।
५. सदस्यहरू स्वयम् सहकारी संस्थामा उपस्थित भै कारोबार गर्ने वातावरण तयार गर्ने। एजेन्ट मार्फत कुनै कारोवार संचालन नगर्ने।
६. सदस्यहरुसँग धितो पर्याप्त र सुरक्षित खालको लिएर मात्र ऋणको प्रवाह गर्ने।
७. शेयर सदस्यमा मात्र कारोबार सिमित हुने भएकोले अनावश्यक विज्ञापन गरी फजुल कार्य नगर्ने।
८. संस्थाहरुले संघको र संघहरुले राष्ट्रिय सहकारी संघको सदस्यता लिने तथा अन्तर सहकारी सहयोगको कार्यक्रम संचालन गर्ने। आफू माथिको संघीय संरचनामा सहभागी भै सदस्यता लिने जोडदार पहल गर्ने।



९. संस्थालाई हानी नोक्सानी हुने र दीर्घकालिन नकारात्मक प्रभाव पार्ने प्रकृतिका निर्णय र क्रियाकलाप संचालक समितिबाट नगर्ने।
१०. कार्यक्षेत्रमा सिमितता ल्याई समुदायमा आधारित रहने एवं पर्याप्त तरलता तथा जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्ने।
११. सहकारी संस्थाहरु स्थानीयकरण गरी समुदायमा आधारित रहेमा दीगो रुपले संचालन हुन सक्ने भएकोले शाखा, प्रशाखाबाट कारोबार नगर्ने, गरेको भए स्थानीय सदस्यहरुलाई हिसाब, फरफारक गरी/गराई स्थानीयस्तरमा नै संस्था दर्ता गर्न पहल गर्ने।
१२. संस्थाको आर्थिक व्यवस्थापनले धान्न सक्ने गरी कर्मचारी नियुक्ति गर्ने र सुविधा प्रदान गर्ने।
१३. सहकारी संस्थालाई समुदायमा आधारित र सदस्यहरुको भावना अनुरुप संचालन हुने तुल्याउन संस्थाको प्रत्येक क्रियाकलापमा सदस्य सहभागिता अभिवृद्धि गराउने।
१४. सहकारी ऐन २०४८, नियमावली-२०४९ र आफ्नो संस्थाको विनियमको पूर्ण पालना गर्ने।

२०६१।८।३० समाचारपत्र

## सहकारी विभागबाट जारी गरिएको
## सार्वजनिक सूचना

सहकारी संस्थाका सदस्य हुन चाहने व्यक्ति र शेयर सदस्यले थाहा पाउनै पर्ने विषयहरु

**(क) सदस्यता लिनु अगाडि के के गने ?**

१. संस्थाका संचालक सदस्य को को हुन जानकारी लिने ।

२. संचालक सदस्य विश्वास गर्न योग्य स्थानीय व्यक्ति हुन/होइनन् र नीजहरुको कार्य दक्षता उपर भरपर्न सकिन्छ/सकिंदैन बुझ्ने ।

३. संस्थाको कार्य क्षेत्रभित्र आफ्नो वसाई पर्छ/पर्दैन र संस्थासंग नियमित सम्पर्कमा रहन सकिन्छ/सकिंदैन मनन् गर्ने ।

४. संस्थाले के के कार्यक्रम चलाएको छ र त्यसबाट आफूलाई फाइदा हुन्छ वा हुँदैन वुझ्ने ।

५. संस्था नाफा/नोक्सान के कस्तो अवस्थामा छ, सो को विस्तृत जानकारी लिने ।

**(ख) सदस्यले के के विषयमा ध्यान दिने ?**

१. संस्थामा सकभर आफै प्रत्यक्ष रुपमा उपस्थित भएर मात्र आर्थिक कारोवार गर्ने ।

२. अन्य व्यक्ति मार्फत संस्थामा कारोवार गरेको भए तुरुन्तै संस्थामा गई आफ्नो रकम वा कारोवार सुरक्षित एवं नियमित छ /छैन जांच गर्नुहोस् ।

३. संस्थाले रकम संकलन गरी के के कार्यमा कसरी खर्च गरिरहेको छ थाहा पाउनुहोस् ।

४. संस्थाले भरपर्दो आम्दानी नगरीकन नै तलव, भत्ता घरभाडा, टेलिफोनमा संकलित वचतबाट अनावश्यक खर्च गरेको छ कि वुझ्नहोस् । त्यस्तो गरेको पाईएमा सो नियन्त्रण गर्न गराउन पहल गर्नुहोस् ।

५. संस्थाका प्रत्येक संकास्पद कृयाकलाप बारे साधारणसभामा अनिवार्य उपस्थित भई प्रश्न उठाउनुहोस् ।

६. साधारणसभामा जे प्रस्ताव गरिन्छ त्यो कुरा ठीक हो, होइन वुझेर ठीक हो भन्ने यकिन भएपछि मात्र स्वीकार गर्नुहोस् ।

७. प्रत्येक वर्ष लेखापरिक्षण गरे/नगरेको जानकारी लिइ नगरेको भए गराउन दवाव दिनुहोस् । समयमा लेखापरिक्षण नगरिए वा साधारणसभा नभएमा संस्थाबाट गलत काम कारवाही भईरहेको हुन सक्ने तर्फ सधै चनाखो हुँनुहोस् ।

८. बढि र आकर्षक व्याजको लोभमा परी संस्थाको यथार्थ स्थिति जानकारी नलिई कारोवार गर्दा फस्न सकिन्छ भन्ने कुरा राम्ररी सोच्नुहोस् ।



९. कुनै संस्थाले आफ्नो सदस्यलाई कारोवारको विवरण उपलब्ध नगराएमा सम्बन्धित जिल्ला सहकारी कार्यालयमा सम्पर्क राख्नुहोस् ।

१०. सहकारी संस्थाले स्थानीय जनसमुदायको चाहना बमोजिम स्थानीय जनसमुदायको आवश्यकता पुरा गर्ने गरी कार्य गर्नु पर्ने हुंदा कुनै वाह्य सहकारी संस्थाको शाखा/प्रशाखाको सदस्यता नलिई स्थानीय स्तरमा आवश्यकता भए स्थानीय व्यक्तिहरु मिली छुट्टै सहकारी संस्था दर्ता गर्ने पहल गर्नुहोस् ।

११. अरुको भ्रमपुर्ण उक्साहट वा सूचनाका आधारमा कुनै सहकारी संस्थाको सदस्य बन्ने वा सहकारी संस्था खोल्ने कार्य गर्दा भविष्यमा धोका पाउन सक्नुहुन्छ । त्यसैले सहकारी बारे राम्रो बुझेर, अध्ययन गरेर मात्र यस बारे निर्णय गर्नुहोस् ।

१२. सहकारीका सिद्धान्त एवं सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ को पालना गर्ने गरी सदस्यमा आधारित रही मात्र कारोवार गर्ने र गैर कानूनी कृयाकलाप गरिरहेका संस्थासंग कुनै कारोवार नगर्नुहोस् ।

मिति २०६०।११।३० कान्तिपुर दैनिक

## सहकारी विभागबाट सहकारी संघ/संस्थाहरको प्रवर्द्धनका लागि जारी गरिएको सार्वजनिक सूचना

स्वतन्त्र र स्वायत्तरुपले आफ्ना सदस्यहरुको मात्र लगानीबाट सदस्यहरुद्वारा नै नियन्त्रण र सन्चालन हुने गरी पारस्परीक सहयोग र सहकारीताको आधारमा सदस्यहरुको हक हित र आर्थिक तथा सामाजिक उत्थानको लागि कार्य गर्ने संस्थाको रुपमा संगठित एक कानूनी व्यक्तिको हैसियतले सहकारी संस्थाको जन्म (दर्ता) हुने भएकोले संस्था सन्चालनमा सबै सदस्य एवं सन्चालकहरुले नैतिक मूल्य र मान्यता, इमान्दारिता, पारदर्शिता र मितव्ययिता जस्ता सहकारीका मूलभूत पक्षहरुलाई आत्मसाथ गरी सकृय सहभागिताका साथ पूर्ण जिम्मेवारी वहन गरी सहकारी संस्थाको दिगो सन्चालनका लागि सकारात्मक योगदान पुऱ्याउनु हुन र निम्न विषय अनिवार्य रुपले पालना गर्न गराउन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**सहकारी संस्थाले अनिवार्य रुपमा पालना गर्नु पर्ने विषयहरु :**

१. संस्थाको सदस्य दर्ता कितावमा नाम नचढेका वा शेयर प्रमाणपत्र नलिएका गैर सदस्यसंग बचत संकलन गर्ने वा निक्षेप लिने कार्य तुरुन्त बन्द गर्ने । गैर सदस्यहरु संग कारोवार गरेको भए तुरुन्त सदस्यता प्रदान गर्ने वा गैर सदस्यको बचत रकम फिर्ता सम्बन्धी कारवाही अघि बढाउने ।
२. सहकारी संघ संस्थाले नियमित रुपमा साधारण सभा बसाउने र लेखा परीक्षण गराउने ।
३. कारोवारको प्रयोजनको निमित्त मात्र नाम मात्रको सदस्यता जारी नगर्ने, र त्यस्तो सदस्य संग कारोवार नगर्ने, नगराउने ।
४. इमान्दारिता, पारदर्शिता र सदस्य सहभागितालाई सहकारी संघ संस्था सन्चालनको मूल मर्म बनाउने ।
५. सदस्यहरु स्वयम् सहकारी संस्थामा उपस्थित भै कारोवार गर्ने वातावरण तयार गर्ने । एजेन्ट मार्फत कुनै कारोवार सन्चालन नगर्ने ।
६. सदस्यहरु संग धितो पर्याप्त र सुरक्षित खालको लिएर मात्र ऋण प्रवाह गर्ने ।
७. फजुल खर्च रोक्ने । अनावश्यक र बढी विज्ञापन नगरी आम्दानी बढाउने सोच र कार्यक्रम अघि बढाउने ।
८. संस्थाहरुले संघको र संघहरुले राष्ट्रिय सहकारी संघको सदस्यता लिने तथा अन्तर सहकारी सहयोगको कार्यक्रम सन्चालन गर्ने । आफूले माथिको संघीय संरचनामा सहभागी भै सदस्यता लिन जोडदार पहल गर्ने ।



९. संस्थालाई हानी नोक्सानी हुने र दीर्घकालिन नकारात्मक प्रभाव पार्ने प्रकृतिका निर्णय र क्रियाकलाप संचालक समितिबाट नगर्ने ।
१०. अन्य प्रचलित कानूनहरुको समेत पालना गर्ने गराउने ।
११. वित्तीय व्यवस्थापन कुशलतापूर्वक गर्न गैर सदस्यहरुसंग कारोवार नगर्ने, कार्यक्षेत्रमा सीमितता ल्याई समुदायमा आधारित रहने एवं पर्याप्त तरलता तथा जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्ने ।
१२. सहकारी संस्थाहरु स्थानीयकरण गरी समुदायमा आधारित रहेमा दीगोरुपले सन्चालन हुन सक्ने भएकोले शाखा, प्रशाखाबाट कारोवार नगर्ने, गरेको भए स्थानीय सदस्यहरुलाई हिसाव फरफारक गरी, गराई स्थानीय स्तरमा नै संस्था दर्ता गर्न पहल गर्ने ।

मिति २०६०।१२।२८ कान्तिपुर दैनिक

## बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थासंग शेयर सदस्य भएर मात्र कारोवार गर्ने बारे
## सहकारी विभागको अत्यन्त जरुरी सूचना

सहकारी ऐन, २०४८ मा भएको संशोधनबाट बचत तथा ऋणका कारोवार गर्ने गरी दर्ता भई सन्चालनमा रहेका सहकारी संस्थाहरु (नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोवार गर्ने गरी स्वीकृति पाएका समेत) ले आफ्ना शेयर सदस्यहरुमा मात्र सीमित रही बचत तथा ऋणको कारोवार गर्ने कानूनी व्यवस्था भएकाले यस्ता संस्थाहरुसंग कारोवार गरिरहेका बचतकर्ताहरु एवम् कारोवार गर्न चाहने व्यक्तिहरुले आफूलाई पायक पर्ने संस्थाको सन्चालक समितिको निर्णयबाट सदस्य बनी शेयर प्रमाणपत्र लिएर मात्र कारोवार गर्नु गराउनु हुन सबै सहकारी संघ संस्थाहरु एवम् सर्वसाधारणलाई जानकारी गराइएको छ ।

साथै कुनैपनि संघ संस्थामा शेयर सदस्यहरुको सन्चालक समितिमा निर्वाचित हुने तथा मताधिकार प्रयोग गर्ने अधिकार रहने र पुराना शेयर सदस्य एवम् पछि थप्ने शेयर सदस्यहरुको समान अधिकार र कर्तव्य हुने भएकाले संघ संस्थाका सम्पूर्ण शेयर सदस्यहरुलाई आफ्नो संघ संस्थाको प्रगति, कारोवारको पारदर्शिता एवम् दिगोपनाका लागि साधारण सभामा भाग लिने मताधिकारको प्रयोग गर्ने एवम् संघ संस्थाको कारोवारको जानकारी लिने जस्ता कार्यहरु समेतमा सक्रिय सहभागिता गर्न गराउन समेत यो सूचना प्रकाशित गरिएको छ ।

मिति २०५७।१२।२८ समाचार पत्र



## सहकारी विभागको
## बचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थासंग कारोवार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु बारे सर्वसाधारणलाई अत्यन्त जरुरी सूचना

सहकारी सिद्धान्त अनुरुप समुदायमा आधारित रही आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक उन्नति गर्ने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्थाहरु स्वशासित संस्था भएकोले सर्वसाधारणले संस्थासंग कारोवार गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**(क) सदस्य नभई कारोवार नगर्नु हुन :-**

१. बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको सदस्य (शेयर होल्डर) नबनिकन बचत निक्षेप जम्मा गर्ने र ऋण लिन नपाइने कानूनी व्यवस्था भएकोले शेयर सदरुय भएर मात्र कारोवार गर्नु हुन ।
२. हाल संस्थाको शेयरवाला सदस्य नभई बचत निक्षेप जम्मा गरिरहेका बचतकर्ताहरुले मिति २०५८।८।२० सम्ममा शेयर सदस्यता लिई सक्नु हुन वा कारोवार नगर्नु हुन ।

**(ख) सदस्यता लिनु पूर्व आफुले विचार पुऱ्याउनु पर्ने कुराहरु :**

१. संस्था आफ्नो पहुंच भित्र, नियन्त्रण भित्र, हुन्छ वा हुंदैन ? यसका लागि आफूले सो संस्थाको कार्यालय देखेको र पायक पर्ने ठाउंमा भएको, संस्थाका संचालक एवं अन्य सदस्यहरु लगायत आफूसंग सम्पर्क गर्न आउने कर्मचारीहरु परिचित भएको वा नभएको ।
२. संस्थाको दस्स्यता स्वेच्छापूर्वक लिन र छाड्न पाइने नियम भएको वा नभएको ।
३. आफू बसोवास गरेको ठाउं संस्थाले कारोवार गर्न स्वीकृति पाएको ठाउं (कार्यक्षेत्र) भित्र परेको छ, छैन ।
४. संस्था दर्ता गर्दा खेरिका सदस्यहरु र संचालकहरु आफैले नियमित रुपमा बचत गर्ने गरेका छन वा छैन वा छैनन् । संस्थाका संचालक वा सदस्यहरु वा कर्मचारीहरुले संस्थाबाट ऋण लिंदा अरु सदस्य सरह पर्याप्त सुरक्षण अथवा जमानत राख्ने गरेका छन वा छैनन ।
५. उपरोक्त विषयहरुमा सकारात्मक जवाफ भए मात्र संस्थाको सदस्यताका लागि आफूले सोचविचार गर्ने ।

(ग) **सदस्यता प्राप्त गर्ने तरिका :**

सदस्यता लिनु पूर्व विचार पुऱ्याउनु पर्ने कुराहरुबाट कुनै संस्था भरपर्दो र आफूलाई पायक पर्ने कुरामा निश्चित भएपछि सदस्य हुन ईच्छा, आवश्यकता र क्षमता भएमा विधान सम्मत तरिकाले संस्थामा निवेदन दिई संचालक समितिको निर्णयबाट सदस्यता प्राप्त गरी रीतपूर्वकको आफ्नो लगानी अनुसार हुने शेयर सदस्यताको प्रमाणपत्र लिनु पर्दछ ।

(घ) **सदस्य भइसकेपछि पूरा गर्नुपर्ने जिम्मेवारी :-**

१. नियमानुसार नियमित रुपमा बचत रकम जम्मा गर्ने ।
२. आवश्यक परेमा संस्थाको नियमानुसार पर्याप्त सुरक्षण राखी सकेसम्म उत्पादनशील, व्यवसायमूलक कामका लागि ऋण लिने ।
३. संस्थाको साधारण सभामा उपस्थित भई संस्थाको आर्थिक एवं अन्य गतिविधि तथा वस्तुस्थितिको बारेमा जानकारी लिई संस्थामा सक्रिय सहभागिता जनाउने ।
४. संस्थाको संचालक समिति एवं प्रशासकहरुसंग (नियमित तवरले प्रत्यक्ष सम्पर्कमा रही रहने तथा संस्थाको कारोवार सही किसिमले भैरहेको छ, छैन सो को जानकारी लिई रहने ।
५. संस्था संग कारोवार गर्दा कुनै अनियमित काम कारवाही भएको लागेमा संस्थाको संचालक समिति लेखा समिति र सम्बन्धित जिल्ला सहकारी कार्यालयमा जानकारी दिने ।

**मिति २०५७।११।१५ कान्तिपुर दैनिक**



# श्री ५ को सरकार
# कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
# सहकारी संघ संस्था तथा सर्व–साधारणलाई
# अत्यन्त जरुरी सूचना

सहकारी ऐन, २०४८ को दफा २६ र ३८ संशोधन भै लागु भएको सन्दर्भमा सहकारी संघ संस्था तथा सर्वसाधारणलाई जानकारी दिन तथा सो संशोधनबाट सहकारी संघ संस्थाले पालना गर्नुपर्ने यस्तो संस्थाहरु संग कारोवार गर्ने वा गर्न चाहने सर्वसाधारणलाई कारोवार गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरुको बारेमा अवगत गराउन समेत जरुरी भएकोले यो सूचना प्रकाशित गरिउको छ ।

**क. सहकारी संस्था वा संघहरुले पालना गर्नु पर्ने कुराहरु**

१. सहकारी संस्था वा संघले आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यहरुलाई कर्जा दिन सक्नेछ ।
२. माथि १ मा उल्लेखित कारोवार बाहेक आफ्ना सदस्यहरुभित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृत लिनु पर्नेछ । र यस्तो स्वीकृती प्राप्त गरेपछि नेपाल राष्ट्र बैंकले तोकेको शर्त तथा दिइको निर्देशन पालना गर्नु पर्दछ ।
३. ऐनको दफा २६ संशोधन हुनु अघि गैर सदस्यहरुसंग बचत निक्षेप स्वीकार गरेका संस्था संघ हरुले ऐन संशोधन भएको मिति ०५७।८।२१ ले एक वर्ष भित्र आफ्ना सदस्यहरुमा मात्र माथी उल्लेख भए बमोजिम कारोवार सीमित गर्नु पर्नेछ। वा आफ्ना सदस्यहरु भित्र मात्र सीमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैंकिङ्ग कारोवार गरिएका संस्था वा संघहरुले संशोधन भएको मिति ०५७।८।२१ ले एक वर्ष भित्र नेपाल राष्ट्र बैंकको स्वीकृती लिनु पर्नेछ ।
४. नेपाल राजपत्रमा ०५७।४।२६ मा प्रकाशित भै ०५७।४।१ देखि लागु हुने गरी सहकारी ऐन,२०४८ को दफा ३८ को उपदफा १ को खण्ड (ग) मा भएको आयकर, घरजग्गा बहाल कर र सम्पत्ती सम्बन्धी व्यवस्थालाई खारेज गरी सहकारी संस्था वा संघले गरेको मूनाफा र संस्था वा संघ सदस्यले पाएको लाभांशमा आयकर लाग्ने भएको छ। र संस्था वा संघलाई घरजग्गा वहाल कर सम्पत्ती कर लाग्ने व्यवस्था गरिएको छ ।

तर कस्तो कारोवार गर्ने संघ वा संस्थाहरुको आयमा कर नलाग्ने वा त्यस्तो संघ वा संस्थाले वितरण गरेको लाभांशमा आएकर छुट हुने व्यवस्थाको बारेमा नेपाल राजपत्रमा

मिति ०५७२।१७ मा प्रकाशित अर्थ मन्त्रालयको सूचनामा आ.ब. ०५७५८ को लागि देहायको व्यवस्था गरिएको छ ।

सहकारी ऐन,२०४८ अन्तर्गत दर्ता भै सन्चालन भएको कृषि वा बन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चीया खेती तथा प्रशोधन, कफी प्रशोधन तथा प्रशोधन जडीवुटी खेती, तथा प्रशोधन तरकारी विउ विजन उत्पादन मौरी पालन, महउत्पादन, रवर खेती, फूल खेती तथा उत्पादन, कवुलियती वन एग्रोफरेष्ट्री आदी व्यवसायिक बन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा बनजन्य उद्योगहरु, तरकारी भण्डारणका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी विउविजन किट नाशक औषधी, मल तथा कृषि औजार (यान्त्रीक शक्तिबाट चल्ने बाहेक) को कारोवार गर्ने सहकारी संस्था वा संघको आयकर लाग्ने छैन ।

यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।

**ख. सर्वसाधारणले सहकारी संघ वा संस्थासंग कारोवार गर्दा विचार पुर्‍याउनु पर्ने कुराहरु**

१. संस्थाको स्वीकृती विनियम बमोजिम सदस्यताको लागि योग्यता पुगी संस्थाको कारोवारमा संलग्न हुन ईच्छुक संस्थाको स्वीकृत कार्यक्षत्र भित्र वसोवार गरेका व्यक्तीहरुले नियमानुसार निवेदन दिई संचालक समितिको निर्णयबाट सदस्यता प्राप्त गरी आफूले कवुल गरेको शेयर रकम र प्रवेश शुल्क वुझाई संस्थाको रीत पूर्वकको शेयर सदसयताको प्रमाण पत्र लिएर मात्र कारोवार गर्नु हुन ।

२. संस्थाको प्रारम्भिक तथा बार्षिक एवं आवश्यक परे विशेष साधारणसभामा उपस्थित भई संस्थाको आर्थिक एवं अन्य वस्तुस्थितीको बारेमा जानकारी लिई संस्थाको कारोवारमा सक्रिय सहभागीता जनाउनु हुन ।

यस सम्बन्धमा यस विभागबाट मिति २०५७८।१६ र १९ गतेको गोरखापत्रमा प्रकाशित सूचनामा उल्लेखित कुराहरु समेत पालना गर्नु हुन सम्बन्धीत सबैको लागि यसै सूचनाद्वारा अवगत गराइएको छ ।

**मिति २०५७९।२१ गोरखापत्र**



# श्री ५ को सरकार
# कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
## सहकारी संघ संस्था तथा सर्व-साधारणलाई
## अत्यन्त जरुरी सूचना

**सहकारी संघ/संस्थाहरुलाई सूचना**

सहकारी ऐन, २०४८ बमोजिम स्थापित भई सन्चालनमा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाका सन्चालकहरुले संस्थाको रकम हिनामिना गरेको, बचतकर्ताहरको बचत रकम फिर्ता गर्न नसकेको र नियमित रुपमा संस्थाको कारोवार सन्चालन हुन नसकेको सम्बन्धमा यस विभागको ध्यानाकर्षण भएको छ । संस्था निरिक्षणको क्रममा अधिकांश संस्थाहरुले कर्जा प्रदान गर्दा प्रयाप्त सुरक्षण राख्ने नगरेको, आम्दानी भन्दा बढी प्रशासनिक खर्च गर्ने गरेको र संस्थाको कारोवार एवं लेखा पारदर्शी (सबैले बुझ्ने ढंगबाट) रुपमा राख्ने गरेको नपाईएको सन्दर्भमा नियम पूर्वक सहकारी संघ संस्थाले आफ्नो कारोवार सन्चालन गर्दा निम्न निर्देशनहरुको पालना गर्नु हुन सुचित गरिन्छ :-

१. नेपाल राष्ट्र बैंकको स्वीकृत नलिईकन शेयर होल्डर सदस्य बाहेक अन्य सर्वसाधारणसंग बचत तथा ऋणको कारोवार नगर्ने । अन्य संस्थाहरुले आफ्नो संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने व्यक्तिहरुलाई नियमानुसार निर्णय गराई शेयर प्रमाण-पत्र उपलव्ध गराएपछि मात्र बचत तथा ऋणको कारोवार गर्ने ।
२. बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुले आम्दानी भन्दा बढी प्रशासनिक खर्च नगरी आय र व्ययको सन्तुलन कायम गर्ने ।
३. प्रयाप्त धितो वा सुरक्षण लिएर मात्र ऋण लगानी गर्ने ।
४. शेयर सदस्यमा मात्र कारोवार सीमित हुने भएकोले अनावश्यक विज्ञापन गरी खर्च बढाउने तथा उपहार जस्ता हल्का कार्यक्रम सन्चालन नगर्ने ।
५. संस्थाको आर्थिक स्थितिले धान्न नसक्ने गरी कर्मचारीहरुको नियुक्ती र सुविधा प्रदान नगर्ने।
६. सहकारी ऐन, नियम र आफ्नो विनियमको पूर्ण पालना गरी वित्तिय अनुशासन कायम गर्ने।
७. संस्थाको नाममा रहेको “फाइनान्स” शब्द हटाउने र आईन्दा फाइनान्स शब्द नराख्ने ।
८. न्यूनतम १०% तरलता (Liquidity) अनिवार्य रुपमा राख्ने ।
९. संस्थाको लेखा बचत तथा ऋण नीति, व्याजदर र कारोवार सबै सदस्यहरुमा पारदर्शी एवं जानकारी हुने व्यवस्था मिलाउने ।
१०. कर्जा सापटीको हकमा जोखिम अनुरुप नेपाल राष्ट्र बैंकले तोके बमोजिम जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्ने ।

११. संस्थाको साइनबोर्डमा "श्री ५ को सरकारबाट स्वीकृत" भन्ने उल्लेख नगरी "सहकारी ऐन, २०४८ बमोजिम दर्ता वा स्थापित" भन्ने बाक्यांश उल्लेख गर्ने ।
१२. संस्थाले सदस्यहरुलाई निजको शेयर पूंजी र बचत रकम जोडी हुन आउने रकमको निश्चित गुणा भन्दा बढी ऋण प्रदान नगर्ने नीति लिई लागू गर्ने ।
१३. संस्थाको शेयर पूंजी तथा आर्थिक क्षमता अनुरुप निक्षेप संकलन सीमा तोक्ने ।
१४. संस्थाले भविष्यमा तिर्न नसक्ने अधिक व्याजदर प्रदान गर्ने सर्तमा बचत आकर्षण नगरी मौद्रिक बजारमा सुहाउंदो र संस्थाले व्यहोर्न सक्ने व्याजदर कायम गर्ने ।
१५. आईन्दा कार्यक्षेत्र बाहिर प्रारम्भिक सहकारी संस्थाले शाखा खोली वा नखोली बचत तथा ऋणको कारोवार नगर्ने । संस्था वित्तिय स्थिति आवधिक रुपमा सबै सदस्यहरलाई जानकारी गराउने र सम्बन्धित निकायमा पेश गर्ने ।

यसै गरि संस्थाको सन्चालन तथा व्यवस्थापनमा सबै शेयर सदस्यहरुको सक्रिय सहभागिताको व्यवस्था गर्न सबै संस्थालाई आव्हान गरिएको छ । यी निर्देशनहरु पालना नगर्ने संघ संस्थाहरु, संस्थामा आर्थिक अनियमितता गर्नेहरु र संस्था बन्द हुने स्थितीमा पुऱ्याउने सन्चालकहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**सर्वसाधारणहरुलाई सूचना**

सर्वसाधारण माहानुभावहरुले देहायका कुराहरुमा ध्यान पुऱ्याई संघ संस्थासंग आर्थिक कारोवार गर्नु हुन अनुरोध गरिन्छ :-

१. आफुलाई पायक पर्ने सहकारी संस्थाको पूर्णाधिकार प्राप्त शेयर होल्डर सदस्य भई सदस्यताको प्रमाण-पत्र प्राप्त गरे पछि मात्र बचत गरी वा ऋण लिई संस्थाको कारोवारमा संलग्न हुनु हुन ।
२. सस्तो, लोकप्रियता प्रदर्शन गर्ने उद्देश्यले प्रायोजित आकर्षक विज्ञापन मात्रको भर नपरी संस्थाको आर्थिक स्थितिको बारेमा पर्याप्त जानकारी लिई कारोवार गर्नु हुन ।
३. आफुले जम्मा गर्ने बचत रकमको सुरक्षण तर्फ समेत चनाखो भई संस्थाले पूरा गरेको कानूनी दायित्व एवं माथि उल्लेखित निर्देशन समेतको आधारमा मात्र संस्थाको आर्थिक कारोवारमा संलग्न हुनु हुन ।
४. विभिन्न संस्थाहरुले आफ्नो संस्था आर्थिक सम्भाव्यताको आधारमा संचालन गर्न नसकेको पाईएकोले संस्थासंग कारोवार गर्नु अघि संस्थाको विश्वसनियता परिक्षण गर्नु हुन ।

**मिति २०५७।८।१६ गोरखापत्र**



## श्री ५ को सरकार
## सहकारी विभागको सूचना

सहकारी ऐनमा सहकारी संघ/संस्थाको कार्यक्षेत्र सोही संघ/संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछ । भन्ने उल्लेख भएको र हाल सम्म विभिन्न सहकारी संघ संस्थाहरुले एक भन्दा बढी जिल्लामा कार्यक्षेत्र कायम गर्दै आएका छन् । यस परिप्रेक्षमा संघ संस्थाको शाखा, उप-शाखाको निरीक्षण एवं अनुगमन प्रक्रियालाई बढी प्रभावकारी बनाउन निम्न व्यवस्था गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

सहकारी संघ संस्थाहरुको विनियममा व्यवस्था भए बमोजिमको कार्यक्षेत्र भित्र शाखा, उप-शाखा खोली सकेको संघ संस्थाको हकमा सहकारी ऐन, नियमावली बमोजिम जिल्ला सहकारी कार्यालयहरुबाट निरीक्षण गर्न जाने अधिकारीले मागेका जुनसुकै विवरण पनि देखाउने सक्ने गरी अध्यावधीक रेकर्ड राख्ने व्यवस्था मिलाउने, । त्यस्तो शाखा, उप-शाखा खोलीएको जानकारी संस्था दर्ता गर्ने कार्यालय र शाखा,उप-शाखा खोलिएको ठाउंको सम्बन्धित कार्यालयलाई दिने, आईन्दा विनियममा उल्लेख भए बमोजिमको कार्यक्षेत्र भित्र शाखा,उप-शाखा खोल्नु परेमा सो खोल्नु अगावै शाखा खोल्नु परेको औचित्य र सो को लागि के के पूर्वाधार तयार भएको छ। सो समेत स्पष्ट उल्लेख गरी संस्था दर्ता गर्ने कार्यालय मार्फत यस विभागबाट पूर्व स्वीकृति लिएर मात्र शाखा,उप-शाखा खोल्ने व्यवस्था गर्नु हुन सम्बन्धित सबै सहकारी संघ संस्थाहरुलाई यसै सूचना द्वारा जानकारी गराइएको छ ।

यो सूचना प्रकाशित भएपछि विभागको स्वीकृति नलिईकनै कुनै संघ संस्थाले शाखा,उप-शाखा खोली व्यवसाय संचालन गरेको पाइएमा त्यस्तो शाखा,उप-शाखा तुरुन्त बन्द गरी गराई आवश्यक कानूनी कारवाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**मिति २०५५।१२।२४, समाचारपत्र**

# श्री ५ को सरकार
# कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
# सहकारी संघ संस्था तथा सर्व-साधारणलाई
# अत्यन्त जरुरी सूचना

**सहकारी संघ/संस्थाहरुलाई सूचना**

सहकारी ऐन, २०४८ बमोजिम स्थापित भई सन्चालनमा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाका सन्चालकहरुले संस्थाको रकम हिनामिना गरी संस्था वन्द गरी फरार रहेको सन्दर्भमा त्यस्ता संस्थाको छानवीन गर्दा ती संस्थाहरुले कर्जा प्रदान गर्दा पर्याप्त सुरक्षण राख्ने नगरेको, आम्दानी भन्दा बढी प्रशासनिक खर्च गर्ने गरेको र संस्थाको कारोवार एवं लेखालाई पारदर्शी (सबैले बुझ्ने ढंगबाट) रुपमा राखेको नदेखिएकोले सहकारी संघ संस्थाहरुले आफ्नो कारोवार सन्चालन गर्दा निम्न निर्देशनहरुको पालना गर्नु हुन सुचित गरिन्छ :-

१. शेयर होल्डर सदस्य बाहेक अन्य सर्वसाधारणसंग बचत तथा ऋणको कारोवार नगर्ने ।
२. आय र व्ययको सन्तुलन कायम गने, आम्दानी भन्दा बढी प्रशासनिक खर्च नगर्ने ।
३. सुरक्षितपूर्वक धितो लिएर मात्र ऋण लगानी गर्ने ।
४. शेयर सदस्यमा कारोवार सीमित हुने भएकोले अनावश्यक विज्ञापन गरी खर्च बढाउने तथा उपहार जस्ता हल्का कार्यक्रम सन्चालन नगर्ने ।
५. संस्थाको आर्थिक स्थितिले धान्न नसक्ने गरी कर्मचारीहरुको नियुक्ती र सुविधा प्रदान नगर्ने ।
६. सहकारी ऐन, नियम र आफ्नो विनियमको पूर्ण पालना गरी वित्तिय अनुशासन कायम गर्ने ।
७. संस्थाको नाममा रहेको "फाइनान्स" शब्द हटाउने ।
८. तरलता (Liquidity) न्यूनतम १०% अनिवार्य रुपमा राख्ने ।
९. संस्थाको लेखा बचत तथा ऋण नीति, व्याजदर र कारोवार सबै सदस्यहरुमा पारदर्शी एवं जानकारी हुने व्यवस्था मिलाउने ।
१०. नेपाल राष्ट्र बैंकबाट तोकिएको व्याजदरको अन्तर (Spread Rate) को सीमा भित्र रही व्याजदर निर्धारण गर्ने ।
११. कर्जा सापटीको हकमा जोखिम अनुरुप नेपाल राष्ट्र बैंकले तोके बमोजिम जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्ने ।



१२. संस्थाको साइनबोर्डमा श्री ५ को सरकारबाट स्वीकृत भन्ने उल्लेख नगरी "सहकारी ऐन, २०४८ बमोजिम दर्ता वा स्थापित" भन्ने बाक्यांश उल्लेख गर्ने ।
१३. संस्थाले सदस्यहरुलाई निजको शेयर पूंजी र बचत रकम जोडी हुन आउने रकमको निश्चित गुणा भन्दा बढी ऋण प्रदान नगर्ने नीति लिई लागू गर्ने ।
१४. संस्थाको शेयर पूंजी तथा आर्थिक क्षमता अनुरुप निक्षेप संकलन सीमा तोक्ने ।
१५. संस्थाले भविष्यमा तिर्न नसक्ने अधिक व्याजदर प्रदान गर्ने सर्तमा बचत आकर्षण नगरी मौद्रिक बजारमा सुहाउंदो र संस्थाले व्यहोर्न सक्ने व्याजदर कायम गर्ने ।
१६. कार्यक्षेत्र भन्दा बाहिर शाखा खोली वा नखोली बचत तथा ऋणको कारोवार नगर्नु हुन र स्वीकृति विना खोलिएका शाखा तुरुन्त बन्द गर्नु हुन ।

यसै गरि संस्थाको सन्चालन तथा व्यवस्थापनमा सबै शेयर सदस्यहरुको सक्रिय सहभागिताको आव्हान गरिएको छ । माथि तोकिएका निर्देशन पालना नगर्ने संघ संस्थाहरु तथा संस्थामा आर्थिक अनियमितता गर्ने र संस्था बन्द हुने स्थितीमा पुऱ्याउने सन्चालन कर्ताहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**सर्वसाधारणहरुलाई सूचना**

सर्वसाधारण माहानुभावहरुले संस्थासंग आर्थिक कारोवासर गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउन अनुरोध गरिन्छ :-

१. आफुलाई पायक पर्ने संस्थाको पूर्णाधिकार प्राप्त शेयर होल्डर सदस्य भई सदस्यताको प्रमाण-पत्र प्राप्त गरे पछि मात्र बचत गरी संस्थाको कारोवारमा संलग्न हुनु हुन ।
२. सस्तो, लोकप्रिय एवं आकर्षक विज्ञापन मात्रको भर नपरी संस्थाको आर्थिक स्थितिको बारेमा पर्याप्त जानकारी लिई कारोवार गर्नु हुन ।
३. आफुले जम्मा गर्ने बचत रकमको सुरक्षण तर्फ समेत चनाखो भई संस्थालाई जारी गरिएको माथि उल्लेखित सूचना समेतको अध्ययन गरी सोही आधारमा संस्थाको आर्थिक कारोवारमा संलग्न हुनु हुन ।

# सहकारी विभागको सार्वजनिक
# सूचना

बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुमा मात्र सिमित रही बचत जम्मा गर्ने तथा ऋण लगानी गर्नुपर्नेमा केही सहकारी संस्थाले सर्व-साधारण समेतलाई भ्रम पर्ने गरी आकर्षक व्याज दर प्रदान गर्ने र उपहार समेत दिने भनी राष्ट्रियस्तरका विभिन्न दैनिक पत्र-पत्रिकामा सार्वजनिक सूचना प्रकाशित भइ रहेकोमा यस विभागको ध्यानाकर्षण भएको छ । संस्थाले धान्नै नसक्ने गरी व्याज दर तोक्ने गर्दा सहज रुपले लगानी गर्न नसकिने भै संस्था घाटामा जाने तथा डुव्न पनि सक्ने हुंदा समयसापेक्ष रुपले मात्र व्याजदर निर्धारण गर्नु हुनका साथै अनावश्यक विज्ञापनहरु राखी संस्थाको फजुल खर्च नियन्त्रण गर्न सबै संस्था र सदस्यहरुलाई जानकारी गराइन्छ । कतिपय संस्थाहरुले ख्याति प्राप्त व्यक्तिहरुलाई सल्लाहाकार वा संरक्षकको रुपमा राखेको भनी प्रचार गरी भ्रम सिर्जना गर्ने गरेको भन्ने गुनासो पनि आइ रहेकोले सल्लाहकार वा संरक्षकको रुपमा रहने व्यक्तिको लिखित स्वीकृति तथा सहमति लिने दिने कार्य विना यस्तो गैर जिम्मेवारीपूर्ण काम कारवाही नगर्नु/नगराउनु हुन समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै सहकारी संस्था संग कारोवार गर्दा सदस्य आफैले जोखिमको मूल्यांकन गरी आफ्नो बचत रकम नडुव्ने उपायको खोजी एवम आन्तरिक नियन्त्रण प्रणाली सकृय बनाउने तर्फ ध्याकर्षण हुन समेत अनुरोध गरिन्छ ।